◆ **सम्पादकीय-**

- फेरि उचाइ छुने अभिलासा - २

◆ **राष्ट्रिय राजनीति**

- अबको आवश्यकता: लोकतान्त्रिक गणतन्त्र - **रघु पन्त** - ३

◆ **प्रतिवेदन**

- हाम्रा तात्कालिक प्रमुख कामहरू – **माधवकुमार नेपाल** - ५

◆ **बहस**

- लोकतान्त्रिक गणतन्त्र र नेकपा (एमाले) – **शंकर पोखरेल** - ७
- प्रजातान्त्रिक समाजवादको चर्चा – **डा. विजयकुमार पौडेल** - १७

◆ **परिपत्र**

- संयुक्त जनआन्दोलन: योजना र कार्यक्रम - १०

◆ **आन्दोलन**

- निषेधाज्ञा उल्लंघन गर्दै प्रदर्शन - १४

◆ **विश्लेषण**

- कांग्रेस महाधिवेशनले दिएको संकेत - **रवीन्द्र अधिकारी** - १५

◆ **महिला**

- आमाको नामबाट नागरिकता किन ? – **विन्दा पाण्डे** - १९

◆ **चिनारी**

- 'वेद पढेपछि कम्युनिष्ट भएँ' – **वेदुराम भुसाल** - २१

◆ **व्यक्तित्व**

- उदाहरणीय लालजोडी- **विष्णु रिजाल** - २३

◆ **सरोकार**

- सरकारी चेपुवामा गैरसरकारी संस्था- **कमला पराजुली** - २५

◆ **मोफसल**

- पाल्पामा कम्युनिष्ट आन्दोलन- **राधाकृष्ण कँडेल** - २७

◆ **टिप्पणी**

- कथित राष्ट्रवादी शिक्षा र विद्यार्थी आन्दोलन- **ठाकुर गैरे** - २९

◆ **अन्तर्वार्ता**

- निरङ्कुश सत्ताको अन्तिम अवशानको ... - **आनन्ददेव भट्ट** - ३२

# फेरि उचाइ छुने अभिलासा

*'नवयुग'* को यस अङ्कमा हामीले महत्त्वपूर्ण सामग्री प्रस्तुत गरेका छौँ । गएको महिनामा सम्पन्न पार्टी केन्द्रीय कमिटीको नवौँ बैठकका दस्तावेजहरू पाठकसम्म पुऱ्याउने यस अङ्कको सबैभन्दा महत्त्वपूर्ण पक्ष हो । त्यसका साथै *'नवयुग'* ग्राहक अभियानवृद्धिमा देखाइएको गम्भीर चिन्ता र बैठकले गरेको निर्णयलाई हामीले यस अङ्कमा जस्ताको तस्तै राखेका छौँ भने *'नवयुग'* को स्तरवृद्धिका लागि बैठकले देखाएको चासोलाई पनि सम्मान गर्दै आगामी अङ्कदेखि नयाँ व्यवस्थापनको योजना तर्जुमा गरेका छौँ । मासिक योजनाअन्तर्गत कार्यसम्पादन गर्नुपर्ने भएको हुनाले यसपटक हामीले नयाँ योजनालाई सम्पूर्णतामा कार्यान्वयन गर्न सकेनौँ । आगामी अङ्क हाम्रो नयाँ वर्षको अङ्क हुनेछ र हामी सोही अङ्कमार्फत आठौँ वर्षको योजनामा समाहित हुनेछौँ ।

*'नवयुग'* ले नियमितताको सुरुदेखि नै एकातिर पार्टीका निर्णयहरूलाई आधिकारिक रूपमा कार्यकर्तासम्म पुऱ्याउने काम तथा स्थानीय कार्यकर्ताको अपेक्षा र चाहना पूरा गर्ने प्रयत्न गर्दै आएको छ । सार्वजनिक गरिनुपर्ने पार्टीका निर्णयलाई जस्ताको तस्तै आमजनतामा पुऱ्याउने क्षेत्रमा असफलताको आलोचना हामीले खेप्नुपरेको छैन । त्यसैले हामीले आफ्नो ध्यानलाई स्तरवृद्धिमा केन्द्रित गर्नुपर्ने आवश्यकता हाम्रासामु उभिएको छ ।

तर, स्तरवृद्धिमा पाठक संलग्नताको अत्यन्तै ठूलो महत्त्व हुन्छ । केन्द्रबाट जारी गरिने निर्देशन र केन्द्रमा बसेर लेखिने टिप्पणीहरू पढ्न मीठै लाग्नेखालका हुँदा पनि कहिलेकाहीँ तिनले ज्ञानको गहनतालाई आत्मसात् नगर्न सक्छन् । परिस्थितिको विश्लेषणमा सतहीपना पनि रहन सक्छ । त्यसैले सङ्गठन निर्माणका लागि तल र माथिको सम्बन्ध जीवन्त हुनुपर्ने मात्राकै गम्भीरता ज्ञानविस्तारको क्षेत्रमा *'नवयुग'* का पाठक र सम्पादकका बीचमा पनि महसुस गरिनुपर्छ । सम्पादक मण्डल भनेको संयोजक मात्र हो । तर, विगत सात वर्षको *'नवयुग'* को विवेचना गर्ने हो भने सम्पादक मण्डल नै समीक्षक, विवेचक, नीतिव्याख्याता भएको एकाङ्गी अनुभव हामीसँग सुरक्षित छ र यो हाम्रो चाहनाविपरीतको अनुभव हो भन्ने प्रस्टीकरण पनि हामी यहाँ अभिव्यक्त गर्न चाहन्छौँ ।

त्यसैले यस्तो हुनुहुँदैन भन्ने केन्द्रीय कमिटीको ठहरसँग हामी सम्पूर्ण रूपमा सहमत छौँ । *'नवयुग'* को लेखनमा स्थानीय कार्यकर्ताको सम्बन्ध सजीव होस् भनेर नै अघिल्ला वर्षहरूमा विभिन्न अञ्चल कमिटीले आयोजना गरेका भेलाहरूमा हामीले पत्रकारितासम्बन्धी ज्ञान विस्तारका साथै लेखनशैलीको परिमार्जनका बारेमा समेत अध्ययन र अभ्यास गरेका थियौँ । यसपालि केन्द्रीय कमिटीको बैठकले स्तरवृद्धिका सम्बन्धमा देखाएको चासोलाई दृष्टिगत गरी विभागले पहिले जसरी नै अञ्चल भेलाहरूमा सहभागी हुने, समस्यालाई स्थानीय तहमै गएर पत्ता लगाउन कोसिस गर्ने निर्णय गरेको छ । हामी सबै जिल्ला कमिटीहरू समक्ष आफ्नो कार्यक्षेत्रका राजनीतिक, सामाजिक, आर्थिकलगायतका समस्याहरू चिन्हित गर्न र तिनलाई *'नवयुग'* मार्फत देशव्यापी तुल्याउन योजनागत कार्यतालिका बनाउन आह्वान पनि गर्न चाहन्छौँ । अञ्चल भेलाहरूमा हाम्रो सहभागिता यही महिनाबाट आरम्भ हुनेछ र हामीले सबै अञ्चल इन्चार्जहरूलाई भेलाको आयोजना गर्न अनुरोध पनि गरिसकेका छौँ ।

चुनौतीको सामना गर्नु र तिनलाई पराजित गर्नु कुनै पनि पार्टीको अग्रगमनको परिचय हो । कामबिनाको कुराले पार्टी बलियो हुँदैन । एउटा असल वक्ता अथवा एउटा राम्रो लेखकले त्यत्तिकै कुशल सङ्गठक पनि बन्नसक्नु पर्छ । ज्ञान र व्यवहारको संयोजन गर्न नसक्ने नेता वा कार्यकर्ताले आफ्नो कमिटीलाई आफूजस्तै अपाङ्ग बनाउने खतरा हुन्छ ।

यो अनुच्छेदको अर्थ बुझ्न हामीले आफ्नो जिल्लाको ग्राहक विस्तार अभियानमा प्राप्त गरेको सफलता या असफलतातर्फ आँखा घुमाउनु आवश्यक हुन्छ । कतिपय जिल्ला कमिटीका लागि अहिले पनि *'नवयुग'* विचार र आर्थिक दुवै क्षेत्रको सहयोगी भएको छ भने एकतिहाइ जिल्लाहरू १० प्रतिमा समेत उक्लन नसकेर आफैँलाई असहयोग गरिरहेका छन् । *'नवयुग'* को ग्राहक अभियान सफल हुँदा *'नवयुग'* ले पार्टीको केन्द्र मात्र होइन, जिल्ला कमिटीहरूलाई समेत आर्थिक सहयोग पुऱ्याएको थियो भने अहिले पनि कतिपय जिल्लाले यो लाभ पाइरहेकै छन् । केन्द्रीय कमिटीको विगत बैठकको निर्णयलाई सबै जिल्ला कमिटीहरूले उत्तिकै तदारुकताका साथ कार्यान्वयन गर्ने हो भने आगामी दिनमा सबै जिल्लाले प्रकाशन कार्यबाट पर्याप्त लाभ लिन सक्ने पक्ष सुनिश्चित छ ।

हामीले जिल्ला-जिल्लाका समस्या, इतिहास र कार्यप्रगतिलाई राष्ट्रभरि विस्तार गर्न मोफसल, इतिहास अनि सङ्गठनजस्ता विशिष्ट स्तम्भहरू राखेका छौँ । ती स्तम्भहरूमा आफ्नो स्थान सुरक्षित गर्न हामी सबै जिल्ला सङ्गठकहरूसमक्ष आह्वान गर्न चाहन्छौँ ।

**यो संकटग्रस्त अवस्थाबाट उम्किन पार्टीले निम्न कामहरु गर्नुपर्छ र यी कामहरु गर्न सबैलाई केन्द्रीय कमिटीको बैठकले नै निर्देशन गर्नु उपयुक्त र प्रभावकारी हुन्छ भन्ने हाम्रो विभागको ठहर छ ।**

(क) **अञ्चलस्तरीय कार्यशाला गर्ने, त्यसमा जिल्ला सचिव र जिल्ला प्रचार विभागको उपस्थिति अनिवार्य गरिनुपर्ने ।**

(ख) **पार्टीको इलाका कमिटीसम्मका सबै पार्टी सदस्यका लागि *नवयुग* ग्राहक अनिवार्य गरिनुपर्ने ।**

(ग) **जनवर्गीय संगठनका सबै केन्द्रीय सदस्यका लागि *नवयुग* ग्राहक अनिवार्य गरिनुपर्ने ।**

(घ) **सबै जिल्ला सम्पर्क मञ्चका कार्यकारिणीका लागि *नवयुग* ग्राहक अनिवार्य गरिनुपर्ने ।**

(ङ) **प्रत्येक जिल्लाले आफ्नो सदस्यको एक तिहाई ग्राहक बनाउनैपर्ने ।**

*– प्रचार विभागको सिफारिशमा केन्द्रीय कमिटीबाट पारित*

# अबको आवश्यकता: लोकतान्त्रिक गणतन्त्रको कार्यदिशा

## रघु पन्त

**मुलुकको विद्यमान अवस्था**

०६१ माघ १९ मा राजा ज्ञानेन्द्रले आफूले लगाउँदै आएको प्रजातन्त्रको मुखुन्डोलाई समेत उतारेर फाल्दै आफ्नो निरङ्कुश र हुकुमी शासन सुरु गरेयता मुलुकको परिस्थिति झन् दयनीय र जटिल बनेको छ। राजा एकलौटी रूपले आफ्नो सामन्ती तानाशाहीलाई सुदृढ गर्न सम्पूर्ण संवैधानिक संरचनालाई ध्वस्त पारेर निर्लज्ज, कुटिल र स्वेच्छाचारी ढङ्गले अघि बढिरहेछन्। एक्काइसौँ शताब्दीको सुरुमै नेपालका राजाले जनताका अधिकार र प्रजातन्त्रका विरुद्ध देखाएको ताण्डव नृत्यले गर्दा सारा संसारमा नेपालको राजतन्त्र नराम्ररी नाङ्गिएको छ ।

सैनिक बलमा मात्र लादिएको राजाको हुकुमी शासनले देशभित्र राजनीतिक मुठभेड बढाएको छ। आर्थिक, सामाजिक र सांस्कृतिक रूपले देश झन् ओरालो लागेको छ। मुलुकका सबै क्षेत्र अस्थिर र कमजोर बन्न पुगेका छन्। द्वन्द्वको भुमरीमा राष्ट्र फनफनी घुमिरहेको छ। त्यो भुमरीबाट देशलाई निकाल्ने र शान्तिपूर्ण निकास एवम् सहमतिका लागि माओवादीहरूलाई समेत मनाउने राजनीतिक दलहरूको प्रयास विस्तारै अघि बढ्दैछ। तर, यो प्रयासमा यतिबेला सबैभन्दा प्रमुख बाधकका रूपमा राजाको हुकुमी शासन रहेको छ ।

राजाको हुकुमी शासन एकातिर र सम्पूर्ण नेपाली जनता तथा राजनीतिक दलहरू अर्कोतिर भएर ध्रुवीकरण हुने सम्भावना देखापर्न लागेको छ। माओवादीहरूले युद्धविरामलाई लामो समयसम्म निरन्तरता दिएर शान्तिपूर्ण ढङ्गले सात दलको आन्दोलनलाई सघाउने र सहमतिको शान्तिपूर्ण निकासका लागि लचिलो भएर प्रस्तुत हुने हो भने अहिलेसम्म विद्यमान त्रिकोणात्मक शक्ति सन्तुलनको स्थिति दुई ध्रुवीय अवस्थामा रूपान्तरण हुन बेर लाग्नेछैन । त्यसबेला अहिलेको सम्भावना यथार्थमा परिणत हुनसक्छ ।

देशमा अहिले देखापरेको परिस्थिति अत्यन्त विषम छ। इतिहासकै एउटा विशिष्ट, अप्ठ्यारो र चुनौतीयुक्त परिस्थितिबाट राष्ट्र यतिबेला गुज्रिरहेको छ। नेपालको इतिहासमा यो एउटा यस्तो कालखण्ड हो, जुनबेला प्रतिगमन र अग्रगमन, युद्ध र शान्ति, निरङ्कुशतन्त्र र लोकतन्त्रका बीच निरन्तर द्वन्द्व चर्किरहेको छ र यही द्वन्द्वकै बीचबाट मुलुकले नयाँ कोल्टे फेर्न खोज्दैछ। एउटा सङ्क्रमणकालीन परिस्थिति हाम्रासामु छ। यो सङ्क्रमणकालमा बुद्धिमत्ता र दूरदर्शितापूर्वक अघि बढेर देखापरेका चुनौतीहरूलाई सामना गर्दै साहस, कौशल र क्षमता देखाएर मात्रै हामी आफ्नो औचित्य एवम् योग्यता सावित गर्न सक्छौँ ।

**विरोधको केन्द्रमा राजतन्त्र**

०४७ सालको संविधान बनेपछि नेपालको राजतन्त्र जनताको आलोचना र विरोधको केन्द्रबाट हटेको थियो । संसद्को निर्वाचन भएर दलहरूको निर्वाचित सरकार बन्न थालेपछि जनताले तिनै सरकारहरूका कामका आधारमा सरकारप्रति आफ्नो दृष्टिकोण बनाउने गर्थे। राजाले भित्रभित्र गरेका षड्यन्त्रहरू जनताको जानकारीमा आए पनि संविधान र संसद्को आधारमा शासन चलिरहेको कारणले गर्दा आलोचना र विरोध गर्नुपरे पनि दलहरूकै सरकारको गर्थे। संविधान क्रियाशील रहेको अवस्थामा राजतन्त्रको आलोचना गर्ने आधार पनि जनतासँग कम थियो, जसले गर्दा राजतन्त्रको आलोचना निकै कम हुन्थ्यो भने राजनीतिक दलहरूको आलोचना निकै बढी हुन्थ्यो ।

यस्तो स्थितिले गर्दा 'राजनीतिक दलहरू अलोकप्रिय छन् र मैले जे गरे पनि हुन्छ, म दलहरूभन्दा लोकप्रिय छु, सेनाको समर्थन पनि मलाई छ, त्यसैले म किन चुप लागेर बस्ने ?' भन्ने निष्कर्षमा क्रमशः राजा पुगे । यो निष्कर्षमा पुग्नुभन्दा पहिले नै वर्तमान राजाको महत्त्वाकाङ्क्षा र हठ आफैँले शासन गर्ने, चुप लागेर टुलुटुल हेरेर नबस्ने भनेर सार्वजनिक भएकै थियो । दलहरूको आपसी द्वन्द्व र नेकपा (माओवादी) ले उत्पन्न गरेको हिंसात्मक र अराजक स्थितिलाई आफूले शासन लिने आधारको रूपमा राजा प्रयोग गर्न चाहन्थे। अन्ततः उनले त्यसै गरे र ०५९ असोज १८ गते निर्वाचित प्रधानमन्त्रीलाई बर्खास्त गरे ।

राजनीतिक दलहरूले अबिराम रूपमा असोज १८ को विरुद्ध सुरुदेखि नै सङ्घर्ष अघि बढाउनुपर्थ्यो। तर, माओवादी हिंसाले ग्रस्त नेपालको जटिल परिस्थितिमा सकेसम्म राजासँग सहमति गरेरै जाने बाटो सुरुमा राजनीतिक दलहरूले लिए। राजा दलहरूसँग सहमति गरेर होइन, आफ्नो इच्छाअनुसार दलहरूलाई समेत हिँडाउन चाहन्थे। त्यसैले राजासँग राजनीतिक दलहरूको कुरा मिल्ने सम्भावना नै थिएन। ०६१ माघ १९ ले प्रस्ट रूपमा राजा दलहरूलाई लत्याउँदै, जनताका अधिकारहरूलाई कुल्चदै र संविधानलाई रद्दीको टोकरीमा फालेर एकलौटी रूपमा हुकुमी शासन चलाउन चाहन्छन् भन्ने सावित गरिदियो। राजनीतिक दलहरूले राजालाई ढिलो मात्र बुझ्न सके।

०६१ माघ १९ पछि राजाले जसरी शासन गर्दै आएका छन्, त्यसले जनतामा रहेको राजाप्रतिको भ्रम समाप्त गरिदिएको छ। 'माघ १९' यता राजा अप्रजातान्त्रिक, असक्षम, सामन्ती चिन्तनले ग्रस्त, जनविरोधी र अदूरदर्शी रहेछन् भन्ने कुरा उनकै व्यवहारबाट घामझैँ छर्लङ्ग भएको छ। यही कारणले गर्दा अहिले राजा राष्ट्रिय-अन्तर्राष्ट्रिय रूपमा पूर्णतः एक्लिएका छन् र सम्पूर्ण नेपाली जनताको विरोध र आक्रोशको तारो बनेका छन्।

दुई सय ३५ वर्षको अवधिमा शाहवंश अहिलेजति अलोकप्रिय सम्भवतः कहिल्यै भएको थिएन। राजाले जुन ढङ्गले हुकुमी मनपरीतन्त्र चलाएका छन्, त्यो कुशासन र तानाशाहीको नमुना बन्न पुगेको छ। जनताको शासनाधिकार खोसेर हुकुमी शासन

चलाउने राजा ज्ञानेन्द्रको महत्त्वाकाङ्क्षाको विरोधमा सम्पूर्ण जनता उठ्नैपर्ने स्थिति बन्दै गएको छ । यसले मुलुकको राजनीतिक अन्तरविरोधको अवस्थामा विगतको भन्दा केही फरक र विशिष्ट अवस्था उत्पन्न गरेको छ ।

२०५९ असोज १८ पछि नेपाली राजतन्त्रविरुद्ध केन्द्रित हुँदै गएको नेपाली जनताको विरोध ०६१ माघ १९ पछि अझ प्रखर रूपले चर्किएको छ । निरङ्कुश राजतन्त्रसँग नेपाली जनताको अन्तरविरोध यतिबेला नेपालको प्रमुख अन्तरविरोध बनेको छ र अन्य सबै अन्तरविरोधहरू यसका अगाडि गौण देखिएका छन् । निरङ्कुश राजतन्त्रसँग नेपाली जनताको यही प्रधान अन्तरविरोधका कारणले राजा सम्पूर्ण जनताको विरोधको केन्द्रमा रहन पुगेका हुन् । यही कारणले गर्दा विरोध र आन्दोलनको प्रमुख निशाना राजतन्त्र बन्न पुगेको छ । जनता र आन्दोलनको प्रहार यही कारणले राजतन्त्रविरुद्ध केन्द्रित रहेको हो ।

**लोकतान्त्रिक गणतन्त्रको कार्यदिशा**

राजाप्रति राजनीतिक दलहरू र जनताले कस्तो नीति र व्यवहार अपनाउने भन्ने कुराको निर्धारण सबभन्दा पहिले राजा स्वयम्‌को व्यवहारले निर्धारित गर्दछ । सन् १७८९ को फ्रेञ्च क्रान्तिले गणतन्त्रात्मक रूप अख्तियार गरेर सम्राटलाई काट्ने स्थिति उत्पन्न गर्नुमा त्यसबेलाका सम्राट लुई सोह्रौंको व्यवहार मूल रूपले जिम्मेवार थियो । संसारका धेरै राजवंशहरू मारिएर समाप्त हुनु वा देश छाडेर भाग्ने अवस्था आउनुमा सम्बन्धित राजा र राजपरिवारका जनविरोधी व्यवहारहरू नै मूल कारणका रूपमा देखिएका छन् ।

राजा वीरेन्द्रबाट पनि बेलाबखत नेपाल अधिराज्यको संविधान ०४७ अलिअलि मिच्ने काम भएको थियो । तर, उनको यो पक्षभन्दा संविधान मानेरै चल्ने पक्ष बढी देखिएकाले नेपाली जनता उनको विरुद्धमा उत्रिएनन् । ०४६ सालको जनआन्दोलनको भावना स्वीकार्दै जनताको अधिकार फिर्ता गर्न र राजनीतिक दलहरूसँग मिलेर चल्न तयार देखिएकाले पनि उनीप्रति जनताको सद्भावना रहेको देखिन्थ्यो । जुन ढङ्गले उनी र उनको सम्पूर्ण परिवारको हत्या भयो, त्यसले त उनीप्रति आमजनतामा सहानुभूतिको ठूलो लहर उत्पन्न गरेको थियो ।

अहिले नेपालमा गणतन्त्रको नारा निरन्तर लोकप्रिय हुँदै जानुमा राजा ज्ञानेन्द्रका व्यवहारहरू नै जिम्मेवार रहेका छन् । राजा वीरेन्द्र जीवित छँदै माओवादीहरूको हिंसात्मक र अराजक गतिविधि सुरु भएको थियो । नारायणहिटी हत्याकाण्डमा राजा वीरेन्द्रको सम्पूर्ण वंशको रहस्यमय ढङ्गले विनाश हुँदा र त्यसबेला नेकपा (माओवादी) ले गणतन्त्र संस्थागत गर्ने नारा चर्काउँदा पनि त्यसले जनतामा खासै प्रभाव पार्न सकेको थिएन । तर, वर्तमान राजाप्रति भने आमजनता सुरुदेखि नै सशङ्कित थिए । राजा भएदेखि नै उनले दिएका अभिव्यक्तिहरूका कारणले गर्दा उनीप्रति शङ्का बढ्दै गएको थियो । अलोकप्रिय भएका कारणले गर्दा सुरु-सुरुमा 'संवैधानिक राजतन्त्र' र 'बहुदलीय प्रजातन्त्र' को चर्चा गर्ने गरे पनि उनले क्रमशः आफ्नो सक्कली र निरंकुश रूप देखाउँदै गए । वर्तमान राजाको सक्कली चरित्रलाई बुझेर सुरुमै उनीप्रति होसियार हुन नसक्नु प्रमुख राजनीतिक दलहरूको कमजोरी थियो । वर्तमान राजाका गतिविधिविरुद्ध बलियो एकता कायम गर्नेतर्फ सुरुमै दलहरूले ध्यान दिनुपर्थ्यो ।

यसो भए पनि वर्तमान राजाले प्रजातन्त्र खोसेरै छोड्थे । किनभने, उनमा एकलौटी र हुकुमी शासन चलाउने महत्त्वाकाङ्क्षा जरो गाडेर बसेको थियो । अहिले प्रजातन्त्र खोसिनुको कारणमा राजनीतिक दलहरूका कमी-कमजोरी त देखाउने निहुँ मात्र हुन्, मूल कारण त राजाको आफैँ शासन गर्ने आकाङ्क्षा नै हो । आफ्नो अप्रजातान्त्रिक र जनविरोधी कदमलाई छोप्नका लागि मात्र राजाले दलहरूलाई असक्षम, भ्रष्टाचारी र सुशासन दिन नसक्ने भनेर आरोप लगाएका रहेछन् भन्ने त स्वयम् उनको अध्यक्षतामा चलेको शासनको सात महिनाले पुष्टि गरिसक्यो । राजाको प्रत्यक्ष शासनको सात महिना कुशासन, भ्रष्टाचार, अनियमितता, असक्षमता र अप्रजातान्त्रिक गतिविधिको नमुना बन्न पुगेको छ ।

राजाको अप्रजातान्त्रिक चरित्रको विश्वभर आलोचना भइरहेछ । स्वयम् संयुक्त राष्ट्रसङ्घका महासचिवले समेत नेपालको दुरावस्थालाई लिएर पटक-पटक चिन्ता जाहेर गरिसके । भारतस्थित अमेरिकी राजदूतले नेपालका राजालाई 'निन्द्राबाट जाग्न' घचघच्याइसके तर पनि एकलौटी र हुकुमी शासन चलाउने मोहबाट नेपालका राजा मुक्त हुन चाहँदैनन् । नेपाली जनताबाट आफूले खोसेको उनीहरूको अधिकार फिर्ता गर्न चाहँदैनन् । उनी आजको युगमा पनि जनता र राजनीतिक दलहरूको आवाजलाई सुन्न चाहँदैनन् ।

यस्तो अवस्थामा अब नेपालका राजनीतिक दलहरूले पनि आँटका साथ 'जनता र राजनीतिक दलहरूको आवाज नसुन्ने, जनइच्छाको कदर नगर्ने र हुकुमी शासन चलाउन खोज्ने सामन्ती निरङ्कुश राजतन्त्र हामीलाई चाहिँदैन, अब हामीलाई राजासहितको प्रजातन्त्र होइन, राजारहितको प्रजातन्त्र चाहिन्छ' भनेर उद्घोष गर्नुपर्छ । संवैधानिक राजतन्त्र नेपाली जनताको आवश्यकता होइन, संवैधानिक राजतन्त्र त राजाको आवश्यकता हो । राजतन्त्र भनेकै विशेषाधिकारको अवस्था हो र प्रजातन्त्रमा कसैका लागि पनि विशेषाधिकार हुँदैन । 'जनताका प्रत्येक कुरा जस्ताको तस्तै मान्छु, शासन गर्ने अधिकार जनताको हो, सार्वभौमसत्ता र राजकीय शक्तिको स्रोत जनता हुन्, म जनताले तोकिदिएको संवैधानिक घेराभित्र रहन मन्जुर गर्छु' भनेर जनतासँग राजाले बचनबद्धता जाहेर गरेपछि मात्र संसारमा संवैधानिक राजतन्त्रको मान्यताले ठाउँ पाएको हो ।

राजा वीरेन्द्रले नेपाली जनतासँग यही सम्झौता गरेका थिए । तर, राजा ज्ञानेन्द्रले यो सम्झौता तोडेका छन् । यसरी सम्झौता तोड्ने राजासँग फेरि पुरानै सम्झौतामा फर्क भनेर अनुनय-विनय गर्नुको अब अर्थ छैन । अब ०४७ सालको संविधानले निर्धारण गरेको भन्दा उन्नतस्तरको माग नेपाली जनताले गरिसके । अब नेपाली जनता फेरि त्यही पुरानै स्थानमा फर्कन इच्छुक छैनन् । आमजनताको यो चाहना र मागलाई नेपालका प्रमुख राजनीतिक दलहरूले बोक्नुपर्दछ र अघि बढाउनुपर्दछ ।

राजाले सक्रिय र निरङ्कुश राजतन्त्रअन्तर्गत आफ्नो नेतृत्वमा सरकार गठन गरेर स्वेच्छाचारी शासन चलाइरहेको अवस्थामा आमजनसमुदायको लोकतान्त्रिक गणतन्त्रको आवाज बुलन्द गरेर जस्तालाई तस्तै भन्ने जवाफ फर्काएका छन् । जनताको यो चाहनालाई कदर गर्दै नेकपा (एमाले) को केन्द्रीय कमिटीको नवौं बैठकले 'बहुदलीय प्रजातन्त्रलाई लोकतान्त्रिक गणतन्त्रमार्फत पूर्णता दिनुपर्ने आवश्यकता आमजनता र हाम्रो पार्टीसमेतले महसुस गरेको हुनाले नेकपा (एमाले) वर्तमान आन्दोलनलाई लोकतान्त्रिक गणतन्त्रको दिशामा अघि बढाउन आवश्यक ठान्दछ' भन्ने निर्णय गरेको छ । यो निर्णय अत्यन्त सामयिक र सही छ । पार्टी दृढतापूर्वक यो कार्यदिशातर्फ अघि बढ्नुपर्दछ ।

नेकपा (एमाले) ले मात्र लोकतान्त्रिक गणतन्त्रको कार्यदिशा समातेर पुग्दैन। आन्दोलनरत सातवटै राजनीतिक दल अब यो कार्यदिशातर्फ अघि बढ्नुपर्छ र सात दललाई यो दिशातर्फ अघि बढाउन नेकपा (एमाले) ले आवश्यक सक्रियता देखाउनुपर्छ। लोकतान्त्रिक गणतन्त्रको माग यस्तो बिउ हो, जसबाट चेतना, प्रतिरोध र विद्रोहको अजस्र धारा देशव्यापी रूपमा बहनेछ। यो कुराको नेतृत्व मूल रूपमा राजनीतिक दलहरूले नै गर्नुपर्छ। र, यसको अगुवा हाम्रै पार्टी बन्नुपर्छ। वर्तमान आन्दोलनलाई लोकतान्त्रिक गणतन्त्र प्राप्तिको आन्दोलनमा रूपान्तरण गर्दै त्यसलाई तार्किक, स्वाभाविक र उपयुक्त गन्तव्यसम्म पुऱ्याउनुपर्छ। यो आवश्यकता र चुनौतीलाई आत्मसात् गर्दै पार्टीपङ्क्तिलाई सङ्घर्षको मैदानमा नेतृत्व गर्न सिङ्गो नेतृत्वपङ्क्ति एकताबद्ध भएर उत्रिनुपर्दछ। यो नै अहिलेको आवश्यकता हो।

**"२०५९ असोज १८ र २०६१ माघ १९ बाट राजा ऐतिहासिक जनआन्दोलनको उपजका रुपमा कायम त्रिपक्षीय सम्झौतालाई उल्लंघन गर्दै निरंकुश राजतन्त्र स्थापनामा लागिसकेपछि नेपालको राजनीतिमा गणतन्त्रको विषयले सर्वाधिक महत्व पाउनु स्वभाविक रहिआएको छ। उक्त विषय सडक आन्दोलनको महत्वपूर्ण नारा समेत बनिरहेको अवस्थामा सैद्धान्तिक रुपले आफुलाई गणतन्त्रको पक्षमा उभ्याउदै आएको पार्टीले त्यसलाई सकारात्मक रुपमा लिनु पर्दछ। बहुदलीय प्रजातन्त्रलाई लोकतान्त्रिक गणतन्त्र मार्फत पूर्णता दिनु पर्ने आवश्यकता आम जनता र हाम्रो पार्टी समेतले महसुस गरेको हुनाले नेकपा (एमाले) ले वर्तमान आन्दोलनलाई लोकतान्त्रिक गणतन्त्रको दिशामा अघि बढाउन आवश्यक ठान्दछ।"**

*-केन्द्रीय कमिटीको नवौं बैठकबाट पारित निर्णय*

# हाम्रा तात्कालिक प्रमुख कामहरू

**माधवकुमार नेपाल**

**निरङ्कुश राजतन्त्रको अन्त्य र पूर्ण प्रजातन्त्रको स्थापना**

नेपाली जनताले बलिदानी सङ्घर्ष गरेर प्रजातन्त्रको स्थापना गर्ने र आफ्ना लागि अनुकूल अवस्था उत्पन्न हुने बित्तिकै राजाले त्यसलाई खोस्ने परिघटना हाम्रो देशमा २००७ सालदेखि बारम्बार दोहरिँदै आइरहेको छ। यस्तो स्थितिमा हाम्रो देशमा प्रजातन्त्र र राजतन्त्र सँगसँगै जान सक्छन् कि सक्दैनन् भन्ने गम्भीर प्रश्न खडा हुनु स्वाभाविक हो। मुलुकमा प्रजातन्त्र खोसिएको वर्तमान परिस्थितिमा यस्ता प्रश्नहरूको छिनोफानो गरेर अघि बढ्ने चुनौती हाम्रासामु खडा भएको छ। विगतका कटु अनुभवहरूलाई ध्यानमा राखेर हामीले इतिहासका नकारात्मक घटनाक्रमहरूको पुनरावृत्ति नहुने गरी अघि बढ्नु जरुरी छ। यसका लागि निरङ्कुशतन्त्रका सम्पूर्ण आधारहरूलाई समाप्त पार्ने, नेपाली जनतालाई वास्तविक रूपले सार्वभौमसत्तासम्पन्न बनाउने, मुलुकको संविधान जनताका निर्वाचित प्रतिनिधिहरूबाट बनाउने, विद्यमान राज्य संरचना, सामाजिक संरचना र आर्थिक संरचनालाई व्यापक रूपले पुनःसंरचना गर्ने, मुलुकका सबै राजनीतिक एवम् सामाजिक शक्तिहरूलाई प्रजातान्त्रिक राष्ट्रिय मूल प्रवाहमा समावेश गराउने र देशमा साँचो अर्थको संवैधानिक र कानुनी राज्य निर्माण गर्ने दिशामा दृढतापूर्वक अघि बढ्नुपर्छ।

**सशक्त आन्दोलनको तयारी**

आन्दोलनको प्रभावकारिता र सफलताले मात्रै देश, जनता र राजनीतिक पार्टीहरूको भविष्यलाई उज्यालो बनाउन सक्छ। सशक्त जनआन्दोलनले मात्रै खोसिएको प्रजातन्त्र पुनःस्थापना र विस्तार गर्नसक्छ।

नागरिकहरूका मौलिक अधिकारहरूको ग्यारेन्टी, पेसागत हकहितको रक्षा, प्रेस र अभिव्यक्ति स्वतन्त्रताको पूर्ण प्राप्तिजस्ता कुराहरूको भविष्य आन्दोलनले मात्रै सुनिश्चित गर्नसक्छ। त्यसैले आन्दोलनको तयारी र सफलताका साथ सञ्चालन नै अहिलेको सर्वाधिक महत्त्वपूर्ण काम हो। यतिबेला पार्टीका प्रत्येक राजनीतिक र सङ्गठनात्मक कामहरूलाई आन्दोलनसँग जोडेर अघि बढाउनुपर्छ। पार्टीको सङ्गठनात्मक संरचनालाई पनि आन्दोलन हाँक्ने किसिमले तयार पार्नुपर्छ। सम्पूर्ण कुराको भविष्य आन्दोलनको सफलताले निर्धारण गर्नेछ भन्ने वास्तविकतालाई आमजनसमुदायसम्म पुऱ्याउनुपर्छ र आन्दोलन निर्णायक तहमा पुऱ्याउनका लागि सम्पूर्ण ध्यान र शक्ति लगाउनुपर्दछ। यसका लागि प्रचारकार्यलाई व्यवस्थित रूपमा अघि बढाउनु जरुरी छ। त्यसरी नै अन्तर्राष्ट्रिय सम्पर्क, सम्बन्ध र प्रवासी नेपालीहरूबीचको काममा विशेष ध्यान दिनु आवश्यक छ।

**पार्टीको प्रजातान्त्रीकरण र सुदृढीकरण**

पार्टी कार्यकर्ताका भावना र विचारहरू राम्ररी अभिव्यक्त हुन सकून् र विचारलाई निषेध वा बेवास्ता गरिएको अनुभूति कार्यकर्ताहरूलाई नहोस् भन्नका लागि पार्टीभित्र भिन्न विचार र मतहरू सहज रूपमा अभिव्यक्त हुन दिन, त्यस्ता विचारहरूमाथि राम्ररी छलफल चलाउन हामीले कतिपय संस्थागत तरिकाहरू अपनाउन तयार हुनुपर्छ। पार्टीभित्र गतिशीलता, सक्रियता र पुनर्जीवनका लागि पार्टी जीवनकै कतिपय पक्षमा समेत प्रजातान्त्रीकरण गर्नु आवश्यक छ। पार्टी नेता र कार्यकर्ताहरू पार्टी सदस्य र आमजनताप्रति उत्तरदायी हुने उपयुक्त विधि र दायित्वबोधको परम्परा पनि हामीले बसाल्नुपर्छ।

पार्टीलाई सुदृढ र क्रियाशील बनाउन सकिएन भने त्यसले आजको गम्भीर चुनौतीको सामना गर्न सक्दैन। निरङ्कुशतन्त्रको अन्त्य र पूर्ण प्रजातन्त्रको स्थापना गर्दै मुलुकलाई अग्रगमनतर्फ लाने हिसाबको पार्टी निर्माण गर्ने सोचका साथ अघि बढ्नुपर्छ। मार्क्सवाद-लेनिनवादको प्रकाशमा जनताको बहुदलीय जनवादको मार्गदर्शनमा हाम्रो पार्टीले यो देशको प्रजातान्त्रिक आन्दोलन मात्र होइन, नेपाली समाजको क्रान्तिकारी रूपान्तरणको अभियानलाई अगुवाइ गर्न सक्दछ भन्ने सोच,

आँट र आत्मविश्वासका साथ अघि बढ्नुपर्छ। हाम्रो पार्टी देशमा विद्यमान घोर दक्षिणपन्थ, उग्रवामपन्थ र यथास्थितिका प्रवृत्तिका विरुद्ध लड्दै वर्तमान समाजको क्रान्तिकारी विकल्प दिनसक्ने क्षमता भएको पार्टी हो। यो अरू कुनै पनि पार्टीसित प्रतिस्पर्धा गर्दै आफ्नो क्षमता, गुण, सङ्ख्या, जनआधार सबै हिसाबले तत्कालका निम्ति पनि विकल्प दिन सक्ने पार्टी हो। नेकपा (एमाले) सित पर्याप्त सङ्गठन, जनमत र कार्यकर्तापङ्क्ति रहेको, यो समुन्नत प्रजातान्त्रिक भविष्यको बाहक रहेको, सबै पार्टीको तुलनामा यसको स्वच्छ छवि रहेको छ। यति हुँदाहुँदै पनि यसभित्रका कमजोरीहरूकै कारणले यसको आफ्नो क्षमता र हैसियत अपेक्षित रूपमा उजागर हुन नसकेको र पार्टी शक्ति सम्पूर्ण ऊर्जा, क्षमता र उत्साहका साथ परिचालित हुन नसकेको यथार्थ कारण खोजी त्यसको समाधान हामीले निकाल्नैपर्छ। यसले हाम्रो पार्टीमा नयाँ आत्मविश्वास र दृढता पैदा गर्नेछ। हामीले दृढता र आत्मविश्वासका साथ सम्पूर्ण पार्टी सदस्य र कार्यकर्तापङ्क्तिलाई क्रियाशील गर्नुपर्छ। यसका लागि आजको चुनौती र जिम्मेवारीलाई पूरा गर्न सक्ने किसिमले पार्टीको विभिन्न तहमा मूल्याङ्कन, समीक्षा तथा आवश्यक गठन, पुनर्गठन र परिवर्तन गर्नु आवश्यक छ।

**पार्टी एकता**

कुनै पनि निरङ्कुश शक्तिसँग लड्न जनताको शक्ति पनि एकताबद्ध, सुदृढ र सङ्गठित हुनु आवश्यक छ। आन्तरिक एकता बलियो भएन भने त्यही कमजोरी नै हाम्रो पराजयको कारण बन्नसक्छ। वैचारिक र सङ्गठनात्मक रूपले एकताबद्ध राजनीतिक पार्टीले मात्रै जनतालाई आन्दोलनमा उतार्न र आन्दोलनलाई पनि विजयसम्म पुऱ्याउन सक्छ। त्यसैले पार्टीलाई पूर्ण रूपले एकताबद्ध पार्ने दिशातर्फ हामी सबैले गम्भीरतापूर्वक ध्यान दिनुपर्छ।

सम्पूर्ण एकताको पहिलो आधार वैचारिक एकता हो। पार्टीको कार्यक्रम, रणनीति र कार्यनीतिजस्ता विषयहरूमा हामी स्पष्ट हुनैपर्छ। कार्यक्रम, रणनीति, लक्ष्य आदिमा सहमति भए पनि तत्काल कसरी अघि बढ्ने भन्ने कार्यनीति सम्बन्धमा भिन्नभिन्न विचारहरू पनि देखापर्न सक्छन्। तर, पार्टी पद्धतिअनुरूप यसको पनि टुङ्गो लागेपछि निर्णीत नीतिलाई नै सबैले कार्यान्वित गर्नुपर्छ।

पार्टी एकताले मात्रै हामीलाई जोगाउन र बलियो बनाउन सक्छ। यतिबेला आपसी विवादमा हामी अल्झियौं भने आन्दोलन कमजोर हुन्छ। प्रतिगामीहरू चाहन्छन् हरेक दलभित्र विवाद उत्पन्न होस्, हरेक दललाई आफैँभित्र कमजोर बनाउन सकियोस् र अन्ततः विभाजित तुल्याउन सकियोस्। प्रतिगामी शक्तिहरूको यो षड्यन्त्रलाई हामी हाम्रो सुदृढ एकताद्वारा मात्रै पराजित गर्न सक्छौं। हाम्रा अभिव्यक्ति र गतिविधिले पार्टी एकतामा आँच नपुऱ्याओस् भन्नेतर्फ हामी सचेत हुनुपर्छ। त्यसैले पार्टी एकतालाई बलियो बनाउनेतर्फ हामी सबैले ध्यान दिनु आवश्यक छ।

**जनसङ्गठनहरूको परिचालन**

हाम्रो पार्टीसँग सम्बन्धित जनसङ्गठनहरूले आफ्नो उपयोगिता सावित गर्ने एउटा महत्त्वपूर्ण ठाउँ भनेको आन्दोलनको मैदान नै हो। जबसम्म हाम्रा जनसङ्गठनहरूले आन्दोलनको मैदानमा आफ्ना सदस्यहरूलाई सङ्ख्यात्मक रूपमा समेत उल्लेखनीय ढङ्गले उतार्न सक्दैनन्, तबसम्म कागजमा हाम्रा हजारौं-लाखौं सदस्य छन् भनेर दाबी गर्नुको खासै महत्त्व हुँदैन। पार्टी सदस्यताका सम्बन्धमा पनि यही कुरा लागू हुन्छ। हामीलाई कागजी सदस्य होइन, परेको बेलामा मैदानमा उत्रने सदस्य चाहिन्छन्।

अनेरास्ववियु र प्रजातान्त्रिक राष्ट्रिय युवा सङ्घको भूमिका आन्दोलनको मैदानमा केही देखिएको छ। अन्य विभिन्न जनसङ्गठनहरूले पनि आफ्नो भूमिकालाई आन्दोलनको सन्दर्भमा प्रभावकारी बनाउनुपर्छ। त्यसैले हामीले हाम्रो पार्टीसँग सम्बन्धित सबै जनसङ्गठनहरूलाई राम्ररी क्रियाशील पार्ने, आन्दोलनमा तिनीहरूलाई प्रभावकारी ढङ्गले परिचालन गर्ने र आफ्नो क्षेत्र, समुदाय र वर्गको नेतृत्व अग्रसरताका साथ लिन सक्षम एवम् सफल बनाउनेतर्फ ध्यान केन्द्रित गर्नैपर्छ। जनसङ्गठनहरू पूर्ण सक्रियताका साथ आन्दोलनको मैदानमा उत्रेर आ-आफूसँग सम्बन्धित जनतालाई समेत आन्दोलनमा उतार्न सके मात्र आन्दोलनले गति लिनसक्छ।

**आमजनता र नागरिक समाजसँगको सम्बन्ध**

यतिबेला राजनीतिक दलहरू मात्र होइन, नागरिक समाजका विभिन्न अङ्ग र क्षेत्रसमेत राजाको निरङ्कुशताविरुद्ध आन्दोलित भएका छन्। नागरिक समाजका प्रतिष्ठित व्यक्तिहरूको अगुवाइमा उनीहरू अनेकौं चरणका छलफल र अन्तर्क्रियापछि सङ्घर्षको मैदानमा उत्रिएका छन्। निषेधाज्ञाको उल्लङ्घन गर्दै गिरफ्तारी दिने र आमसभा गर्ने जस्ता कामहरू अघि बढिरहेका छन्। नागरिक समाजले निरङ्कुशताका विरुद्ध र लोकतन्त्रको पक्षमा देखाएको दृढता र सक्रियता महत्त्वपूर्ण छ। यस्तो सक्रियता अझ बढ्दै जाओस् भन्नेतर्फ हामीले ध्यान पुऱ्याउनुपर्छ।

मानवअधिकारवादी, कानुन व्यवसायी, पत्रकार, प्राध्यापक, इन्जिनियरलगायत अन्य विविध पेसाकर्मी, बौद्धिक समुदाय र सचेत नागरिकहरूको आफ्नै सक्रियता र क्रियाशीलतामा अघि बढ्ने आन्दोलनका कार्यक्रमले पनि लोकतन्त्रको आन्दोलनलाई अझ प्रभावकारी बनाउन मद्दत गर्छ। त्यसैले हाम्रा सदस्य र शुभेच्छुकहरूले यस्ता आन्दोलनलाई सफल पार्न सहयोग गर्नुपर्छ र नागरिक समाजका कार्यक्रमहरूमा पनि सहभागी बन्नुपर्छ। यस्ता कार्यक्रमहरू आफ्नै ढङ्गले स्वतन्त्रतापूर्वक अघि बढुन् र देशका विभिन्न भागमा पनि विस्तारित हुन सकून् भन्नेतर्फ हाम्रो ध्यान जानुपर्छ र यसका लागि नागरिक समाजका अगुवाहरूलाई सहयोग एवम् प्रेरित पनि गर्नुपर्छ।

नागरिक समाजको भूमिकालाई प्रोत्साहित गरिरहँदा पनि राजनीतिक आन्दोलनको मुख्य नेतृत्वदायी शक्ति राजनीतिक दलहरू नै हुन् भन्ने यथार्थलाई बिर्सिनुहुँदैन। वर्तमान आन्दोलन पनि राजनीतिक पार्टीहरूकै अगुवाइमा भइरहेको आन्दोलन हो। आन्दोलनमा जनता र सचेत समुदायको निश्चय नै महत्त्वपूर्ण भूमिका हुन्छ। तर, त्यसलाई राजनीतिक दलहरूले नेतृत्व

गरेनन् भने त्यो दिशाहीन पनि हुनसक्छ। आन्दोलनले नै राजनीतिक पार्टी र नेताहरूलाई स्थापित गर्ने गर्छ भन्ने वास्तविकतातर्फ हाम्रो ध्यान जानुपर्छ।

**दिगो शान्तिको स्थापना**

नेकपा (माओवादी) ले सुरु गरेको हिंसात्मक विद्रोह र त्यसलाई दबाउने नाममा राज्यपक्षबाट चलाइएको प्रतिहिंसाका क्रममा अहिलेसम्म १३ हजारजति नेपाली नागरिकको ज्यान गइसकेको छ। सयौं मानिसहरू बेपत्ता भएका छन्। हज्जारौं मानिसहरू अपाङ्ग बनेका छन्। लाखौंको सङ्ख्यामा विस्थापित भएका छन्। त्यसैले हिंसात्मक द्वन्द्वको समाप्ति र दिगो शान्तिको स्थापना अहिले राष्ट्रको एउटा प्रमुख आवश्यकता बनेको छ। सैन्य परिचालनबाट मात्र यो समस्याको समाधान खोज्ने राज्यपक्षको दृष्टिकोण पूर्ण रूपले गलत छ। त्यसैले वार्ता र सहमतिको माध्यमबाट अग्रगामी परिवर्तनको आधारमा राजनीतिक निकास खोज्दै माओवादी समस्याको समाधान खोज्ने अर्को दायित्व हाम्रा सामु छ।

**विगतको समीक्षाबारे**

विगतको समीक्षा गर्ने सम्बन्धमा पार्टीमा छलफल र निर्णयहरू भएका छन्। विगतका कमी-कमजोरीबाट मुक्त भएर प्रस्टताका साथ, एकताबद्ध र अझ सुदृढ भएर पार्टीलाई अझ सक्षम र चुनौतीलाई सामना गर्न समर्थ बनाउनका लागि नै हामीले विगतको समीक्षा गर्ने हो। हामीले बहुदलीय व्यवस्था स्थापनायताको १४ वर्षको समीक्षा गर्दा आफ्नो पार्टीको भूमिकालगायत विविध पक्षको समीक्षा गर्नेछौं, ताकि विगत १४ वर्षमा हामीले गरेका राम्रा काम र उपलब्धिहरूलाई बुझ्न सकियोस्, त्यसैगरी हामीले ध्यान पुऱ्याउन नसकेका पक्षहरू, हामीबाट भएका कमजोरीहरूलाई पनि चिन्हित गरेर तिनबाट मुक्त हुन सकियोस्। यो समीक्षासम्बन्धी दस्तावेज तयार भएपछि आगामी बैठकहरूमा हामी यस सम्बन्धमा छलफल गर्ने नै छौं।

**अग्रगमनबारे**

२०४६ सालको ऐतिहासिक जनआन्दोलनले हाम्रो मुलुकलाई प्रजातान्त्रीकरणको ऐतिहासिक प्रक्रियामा प्रवेश गराए पनि त्यसबेला प्राप्त प्रजातन्त्रलाई नेपाली समाजका विशिष्टताहरू समाहित गर्दै सहभागितामूलक तथा समावेशी प्रजातन्त्रको रूपमा अघि बढाउन सकिएको थिएन। त्यसैले अहिले नेपाली समाजलाई राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपले रूपान्तरण गर्दै, प्रजातन्त्रलाई नेपाली समाजका विशिष्टताअनुरूप समावेशी बनाउने र मुलुकलाई अग्रगमनतर्फ लैजाने अर्को दायित्व पनि हाम्रासामु थपिएको छ। हामीले समाज र राज्यको प्रजातान्त्रीकरण र पुनः संरचनाका बारेमा विस्तृत अवधारणा तयार गर्नुपर्छ। यसले गर्दा सबै समुदाय, जाति, भाषा, क्षेत्र र वर्गका चाहना र भावना समेटिन र समाज र राज्यको मूलप्रवाहमा सबैलाई समाहित गर्न सकियोस्। यसको समग्र पक्षमा व्यापक छलफल गरी सिङ्गो अवधारणा निर्माण गर्ने काममा हाम्रो पार्टी लाग्नु आवश्यक छ।

अहिले हामीहरू लोकतन्त्रको स्थापना गर्ने, शान्ति कायम गर्ने र मुलुकलाई अग्रगमनतर्फ अघि बढाएर लैजाने चुनौतीका सामु उभिएका छौं। पार्टीको आन्तरिक एकता, आपसी विश्वास र दृढताले नै विगतमा पनि हामीले यस्तै ठूल्ठूला चुनौती र प्रतिकूलताहरूको सफलतापूर्वक सामना गरेका थियौं। हाम्रो पार्टीका उपर्युक्त विशिष्ट गुणहरूलाई अझ गहिरोसँग आत्मसात् गर्दै अघि बढेको खण्डमा आज देखापरेका प्रतिकूलताहरूलाई पनि पराजित गर्न र नयाँ सम्भावनाका ढोकाहरू खोल्न सकिन्छ। पार्टीहरूको परीक्षा पनि अप्ठेरा र कठिनाइहरूकै बीचमा हुन्छ। राष्ट्र र प्रजातन्त्रमाथि सङ्कट आइपरेको यस घडीमा हामीले हाम्रो पार्टीको पहल र भूमिकालाई अग्रस्थानमा स्थापित गर्नुपर्छ। हामीले हाम्रो पार्टीको सक्रियता र भूमिकालाई बढाउन सक्यौं भने मात्र अन्य पार्टीहरूलाई पनि संयुक्त आन्दोलनमा प्रभावकारी ढङ्गले अग्रसर गराउन सकिन्छ। त्यसैले आउनुहोस्, विगतका गल्ती-कमजोरीहरूको वस्तुनिष्ट समीक्षा गरौं, उपलब्धिको रक्षा गरौं र थप उपलब्धिका लागि एकताबद्ध भएर अघि बढौं।

***(केन्द्रीय कमिटीको नवौं बैठकको प्रतिवेदनबाट)***

# लोकतान्त्रिक गणतन्त्र र नेकपा (एमाले)

**शंकर पोखरेल**

**मा**घ १९ पछि मूलधारका राजनीतिक दलहरू, प्रजातन्त्रवादी बौद्धिक समुदाय र नागरिक समाजमा 'नखोसिने प्रजातन्त्र', 'प्रजातन्त्रका लागि अन्तिम लडाइँ', 'लोकतन्त्र', 'पूर्ण प्रजातन्त्र' र 'लोकतान्त्रिक गणतन्त्र' जस्ता शब्दावलीहरूको प्रयोग सुरु भएको छ। उक्त शब्दावलीको प्रयोगका सन्दर्भमा पनि विभिन्न कोणबाट चर्चा र परिचर्चासमेत सुरु भएको छ। यस प्रसङ्गमा प्रजातन्त्र खोसिने र नखोसिने हुन्छ कि हुँदैन र कस्तो अवस्था र कस्तो स्वरूपको प्रजातन्त्रलाई नखोसिने प्रजातन्त्र मान्ने भन्ने कोणबाट पनि त्यसको आलोचना हुने गरेको छ। त्यसरी नै यो चरणको आन्दोलन नै प्रजातन्त्रको अन्तिम लडाइँ कसरी हुन सक्छ ? किन विगतका प्रजातन्त्रहरू सुदृढ बन्न नपाउँदै खोसिए र अबको प्रजातन्त्र के-कति कारणले त्यसको अपवाद बन्ला ? यस प्रकारका प्रश्नहरू पनि उठ्ने गरेका छन्। अनि, प्रजातन्त्रका ठाउँमा लोकतन्त्र शब्दको प्रयोगले प्रजातान्त्रिक जनआन्दोलनको विकासमा के-कस्तो प्रभाव पार्दछ ? अङ्ग्रेजी शब्द डेमोक्रेसीको नेपाली भाव बोकेका समानार्थी शब्दको रूपमा प्रयोग हुँदै आएका प्रजातन्त्र र लोकतन्त्र शब्दहरू दुई भिन्न सार बोकेका शब्दको रूपमा प्रयोगमा आउनुको कारण के हो ? व्यवहारमा प्रजातन्त्र कहिल्यै पूर्ण हुँदैन भन्ने मान्यताविपरीत राजनीतिक दलहरूले पूर्ण प्रजातन्त्रको नारालाई

निरङ्कुश राजतन्त्रका विरुद्धको आन्दोलनको साझा नारा बनाउनुको उद्देश्य के हो ? आजको सन्दर्भमा दलहरूले भन्ने गरेको पूर्ण प्रजातन्त्रलाई आममानिसहरूले कुन रूपमा बुझ्ने ? आदि अनेक प्रश्नहरू वर्तमान संयुक्त जनआन्दोलनसँग गाँसिएर उठ्ने गरेका छन् । मार्क्सवादी दर्शन र दृष्टिकोणबाट दीक्षित भएको नेकपा (एमाले) पङ्क्तिले पनि उपरोक्त विषयहरूका बारेमा पार्टीको स्पष्ट दृष्टिकोणको माग गरिरहेको थियो । यसै पृष्ठभूमिमा सम्पन्न नेकपा (एमाले) केन्द्रीय कमिटीको बैठकले उपरोक्त विषयका साथै पार्टीका सामु उपस्थित भएका अनेकौं प्रश्न, अपेक्षा र चुनौतीहरूलाई एकहदसम्म सम्बोधन गर्ने प्रयास गरेको छ । जसको सबैतिरबाट स्वागतसमेत भएको छ ।

नेपालको प्रजातान्त्रिक आन्दोलनले वर्तमानमा बेहोर्नुपरेको दुर्घटना वा सङ्कटको कारणका पछाडि अनेकौं कारणहरू रहेका छन् । तिनमा पहिलो, महत्त्वपूर्ण कारण सङ्कटग्रस्त अवस्थामा पुगेको सामन्तवादले आफ्नो परम्परागत प्रभुत्वलाई कायम राख्नका लागि प्रतिक्रियावादी र फासीवादी चरित्र ग्रहण गर्न तयार हुनु र त्यसको नायकका रूपमा महत्त्वाकाङ्क्षी राजा ज्ञानेन्द्रलाई अघि सार्न सफल हुनु । दोस्रो, महत्त्वपूर्ण कारण माओवादीको हिंसात्मक विद्रोह हो । बहुदलीय संसदीय प्रजातन्त्रले एक दशकको अनुभव हासिल नगरिसकेको अवस्थामा सुरु भएको माओवादीको सशस्त्र विद्रोहका कारणले समेत मूलधारका राजनीतिक दलहरू कमजोर हुने र त्यसको जगमा राजाले बहुदलीय प्रजातन्त्र सङ्कटग्रस्त तुल्याउन आधारभूमि तयार भयो । वर्तमान सङ्कटको तेस्रो महत्त्वपूर्ण कारण त मूलधारका राजनीतिक दलहरू नै हुन्, जसले ०४६ सालको परिवर्तनलाई संस्थागत गर्न र त्यसका माध्यमबाट जनताका अपेक्षा र चाहनाहरूलाई सम्बोधन गर्न असफल रहे । त्यति मात्र होइन, उनीहरू प्रजातन्त्रमा भविष्यमा समेत कुनै प्रकारको सङ्कट आउँदैन भन्ने ठानेर आपसको अस्वस्थ प्रतिस्पर्धा र सत्ताकेन्द्रित राजनीतिको खेलमा सहभागी भए । दूरगामी राजनीतिक दृष्टिकोणको अभावमा हुर्कंदै गएका भ्रष्टाचार, राजनीतिको अपराधीकरण र कुशासनजस्ता अन्य कारणहरूले समेत मूलधारका राजनीतिक दलहरूलाई जनताका बीचमा आफ्नो प्रभाव र वर्चश्वलाई कायम राख्न समस्या पैदा भयो । प्रजातन्त्र सवल भएको भए, प्रजातन्त्रका आधार र अवयवहरू सुदृढ रहेका भए उसले माथि उल्लिखित समस्या र चुनौतीलाई पनि प्रजातान्त्रिक विधिबाट समाधान दिन सक्थ्यो । राजनीतिक सङ्कटको संवैधानिक विकल्प र संवैधानिक सङ्कटको राजनीतिक विकल्प दिन सक्थ्यो । तर, त्यसभन्दा भिन्न ०४६ सालको ऐतिहासिक जनआन्दोलनले स्थापित गरेको उदार प्रजातान्त्रिक व्यवस्था नै आफैँमा जनअसन्तुष्टि र राजनीतिक सङ्कटको पुनरुत्पादक थियो ।

विश्वव्यापी रूपमा नै तेस्रो विश्वमा स्थापना भएका उदार पुँजीवादी प्रजातन्त्रमा यस्तै प्रकारका सङ्कटहरू देखिएका छन् । यस अर्थमा ०४६ सालको प्रजातन्त्रको स्वरूपमा नै समस्या रहेका कारणले नै एक दशक पनि पूरा नहुँदै नेपालको प्रजातान्त्रिक आन्दोलनले दाहिने र देब्रे अतिवादको सामना गर्नुपरेको हो । दुवैखाले अतिवादलाई अस्वीकार गर्दै अहिले पार्टीले निरङ्कुश राजतन्त्रका विरुद्ध पूर्ण प्रजातन्त्रको प्राप्तिका लागि संयुक्त जनआन्दोलनका दिशामा अघि बढ्न लागिरहेका बेलामा उपरोक्त पक्षलाई समेत हेक्का राख्नुपर्दछ । त्यसै अर्थमा पार्टीले सामन्तवादका विरुद्धको आर्थिक-सामाजिक आधारसहितको पूर्ण प्रजातन्त्रको अवधारणालाई चालू आन्दोलनको मूल विषयका रूपमा अघि सारेको छ । यद्यपि, चालू प्रजातान्त्रिक आन्दोलनले अझै पनि आर्थिक-सामाजिक एजेन्डालाई आमूल परिवर्तनको ध्येयका साथ आत्मसात् गर्ने अवस्था देखिँदैन । अहिले पनि संयुक्त जनआन्दोलनको चरित्र मूलतः पुरानो खाले पुँजीवादी जनवादी क्रान्तिको राजनीतिक स्वरूप पक्षसँग नै सम्बन्धित छ । यसै अर्थमा अहिलेको प्रजातान्त्रिक आन्दोलन ०४६ सालको प्रजातान्त्रिक आन्दोलनको एक प्रकारको विस्तारित स्वरूप हो । यसले लोकतान्त्रिक गणतन्त्रमा पुगेर नै राजनीतिक पूर्णता पाउन सक्छ भन्ने नेकपा (एमाले) को विश्वास हो । तर, यसको राजनीतिक पक्ष पनि जति विस्तारित भएर आर्थिक-सामाजिक परिवर्तको एजेन्डामा प्रवेश गर्छ, त्यति नै प्रजातन्त्र सवल बन्दै जान्छ । यसै अर्थमा हामीले 'नखोसिने प्रजातन्त्र', 'प्रजातन्त्रका लागि अन्तिम लडाइँ', 'लोकतन्त्र', 'पूर्ण प्रजातन्त्र' र 'लोकतान्त्रिक गणतन्त्र' जस्ता विषयहरूको राजनीतिक अर्थ र औचित्य देख्न र देखाउन सक्नुपर्दछ ।

नेकपा (एमाले) केन्द्रीय कमिटीको नवौं पूर्ण बैठकको सबैभन्दा महत्त्वपूर्ण पक्ष ०४६ सालको ऐतिहासिक जनआन्दोलनपछि विकास भएको त्रिपक्षीय शक्ति-सन्तुलनमा आधारित रहेर अघि बढाइएको संवैधानिक राजतन्त्रसँगको सहअस्तित्व र सहकार्यको नीतिका ठाउँमा सङ्घर्ष र निषेधको नीतिलाई आत्मसात् गर्नु नै हो । त्यसै पृष्ठभूमिमा नै बैठकले निरङ्कुश राजतन्त्रको अन्त्य र संविधानसभाका माध्यमबाट पूर्ण प्रजातन्त्रको स्थापनालाई मुख्य कार्यभारका रूपमा ग्रहण गर्दै चालू जनआन्दोलनलाई लोकतान्त्रिक गणतन्त्रको दिशामा अघि बढाउने निर्णय गरेको छ । पार्टीको उक्त निर्णयले मुलुकको प्रजातान्त्रिक आन्दोलनमा नया तरङ्ग पैदा गरेको छ । यस निर्णयले सिङ्गो पार्टीपङ्क्ति र आन्दोलनकारी जनसमुदायमा समेत राजनीतिक पुनर्जागरणको नयाँ सम्भावना अघि ल्याइदिएको छ । केन्द्रीय कमिटीको नवौं बैठकले लिएको उक्त ऐतिहासिक निर्णयले नेपाली काङ्ग्रेसभित्र पार्टीलाई राजतन्त्र निरपेक्ष बनाउने कि नबनाउने भन्ने सन्दर्भमा चलिरहेको बहसलाई समेत सकारात्मक विन्दुमा टुङ्ग्याउन सहयोग पुऱ्याएको छ र नेपाली काङ्ग्रेसलाई औपचारिक रूपमा नै महाधिवेशनबाट संवैधानिक राजतन्त्रको मान्यतालाई स्थगित गर्न प्रेरित गरेको छ । राजतन्त्र निरपेक्ष पार्टी बनाउने नेपाली काङ्ग्रेसको महाधिवेशनको फैसलाले भविष्यमा नेपाली काङ्ग्रेसलाई लोकतान्त्रिक गणतन्त्रतर्फ उन्मुख हुने आधारसमेत प्रदान गरेको छ । लोकतान्त्रिक गणतन्त्रमा जाने नेकपा (एमाले) को निर्णय र विधानबाट संवैधानिक राजतन्त्रप्रतिको प्रतिबद्धता हटाएर पार्टीलाई राजतन्त्र निरपेक्ष बनाउने नेपाली काङ्ग्रेसको निर्णयले नेपालका कम्युनिस्ट क्रान्तिकारीहरूले पार्टी स्थापनाकालदेखि नै उठाउँदै आएको गणतन्त्रको विषयले सैद्धान्तिक धरातलबाट राजनीतिक धरातलमा फड्को मार्न सफल भएको छ । हाम्रो पार्टीको आन्तरिक जीवनका प्रसङ्गमा लोकतान्त्रिक गणतन्त्रको सन्दर्भ सामान्य विषयजस्तै लागे पनि वर्तमान प्रजातान्त्रिक आन्दोलनका सन्दर्भमा यो निकै महत्त्वको उपलब्धि हो । चालू प्रजातान्त्रिक आन्दोलनमा यसको राजनीतिक महत्त्व निकै रहेको कुरालाई हाम्रो पार्टीपङ्क्तिले गहिरो गरी आत्मसात् गर्न सक्नुपर्दछ र यस उपलब्धिका लागि गौरवबोधसमेत गर्नुपर्दछ ।

वर्तमान समयमा पार्टीले विगतको तुलनामा क्रान्तिकारी कार्यदिशा ग्रहण गरी संविधानसभाका माध्यमबाट लोकतान्त्रिक गणतन्त्रको दिशामा अघि बढ्ने स्पष्ट मान्यतालाई अघि सारेको प्रति कतिपय मानिसहरूमा केही अस्पष्टता र भ्रमसमेत रहेको पाइन्छ । उनीहरूका अनुसार वर्तमान समय भनेको प्रजातान्त्रिक आन्दोलनका सन्दर्भमा सबैभन्दा सङ्कटपूर्ण समय हो र राजनीतिक परिवर्तनका लागिसमेत यो अवस्था निकै प्रतिकूल अवस्था हो । उनीहरूका अनुसार वर्तमान आन्दोलनको आत्मगत अवस्था निकै कमजोर रहेको छ र यस्तो बेलामा पार्टीको कार्यनीति गुमेका अधिकार फिर्ता गर्ने कुरामा सीमित हुनुपर्दछ । त्यसभन्दा अघि बढेर संविधानसभालाई चालू आन्दोलनको मुख्य कार्यनीतिको विषय बनाउने र चालू आन्दोलनलाई लोकतान्त्रिक गणतन्त्रको दिशामा अघि बढाउन खोज्ने कुरा उनीहरूका नजरमा दुस्साहसवादी कुरा हो र कार्यनीतिक हिसावले समेत उनीहरूका दृष्टिमा त्यो उग्रवामपन्थी भडकाउ पनि हो । यस प्रकारको बुझाइमा रहेकाहरूले परिवर्तनको मुख्य आधार जनता नै हुन् भन्ने सच्चाइलाई ठीक ढङ्गले बुझ्न सकिरहेका छैनन् वा उनीहरू आफ्ना दक्षिणपन्थी सोचहरूका कारणले त्यस सच्चाइलाई नजरअन्दाज गर्ने कोसिस गरिरहेका छन् । उनीहरूले भनेझैं 'माघ १९' पछि मूलधारका राजनीतिक दलहरू प्रतिरक्षात्मक अवस्थामा पुगेको कुरा साँच्चै हो । तर, त्यो अस्थायी कुरा मात्र हो । सात राजनीतिक दलहरूले संयुक्त जनआन्दोलनका माध्यमबाट निरन्तर रूपमा अघि बढाइरहेको राजनीतिक पहलकदमीले उनीहरू क्रमशः प्रतिरक्षात्मक अवस्थाबाट आन्दोलनको आक्रामकताको दिशातिर अघि बढ्न खोजी रहेका छन् । त्यसमाथि 'माघ १९' पछि नागरिक समाज, पेसागत बौद्धिकहरू, स्वतन्त्र व्यक्तित्वहरू र विदेशमा बस्ने नेपालीहरूले लिएको राजनीतिक पहलकदमीले ०४६ सालको ऐतिहासिक जनआन्दोलनको सन्दर्भलाई निकै पछि धकेलिदिएको छ । वर्तमान समयमा विगत १२ वर्षका असफलता र अयोग्यताका कारणले राजनीतिक दलको नेतृत्वप्रति आमजनतामा विश्वास पैदा गर्न केही समय लागे पनि राजनीतिक दलहरूको साङ्गठनिक सामर्थ्य विगतको कुनै पनि समयको भन्दा निकै बढी रहेको छ । यस प्रकारको अवस्थालाई बुझेर मात्र हामी चालू आन्दोलनमा प्रभावकारी भूमिका खेल्न सक्नेछौं । यसका लागि सिङ्गो पार्टीपङ्क्तिले आफूलाई तयार राख्न सक्नुपर्दछ ।

वर्तमान परिस्थिति राजनीतिक दलहरूका लागि मात्र होइन, नेपाल राष्ट्र र नेपाली जनताका लागि समेत इतिहासकै अत्यन्त विशिष्ठ अवस्था हो । यतिबेला मुलुक प्रतिगमन र अग्रगमन, युद्ध र शान्ति, निरङ्कुशतन्त्र र प्रजातन्त्रका बीचको भीषण द्वन्द्व र सङ्क्रमणको मोडमा उभिएको छ । यस्तो अवस्थाले एकातिर मुलुका सामु भीषण सङ्कटको अवस्था उत्पन्न भएको छ भने अर्कोतिर इतिहासले नै नयाँ मोड प्राप्त गर्न सक्ने परिवर्तनको आधारभूमिसमेत तयार हुँदै गएको छ । यस अर्थमा आमूल परिवर्तनको क्रान्तिकारी ध्येय र उद्देश्य बोकेको हाम्रो पार्टीका लागि समेत वर्तमान परिस्थितिले एकैसाथ गम्भीर चुनौती र अभुतपूर्व सम्भावना सामु ल्याइदिएको छ । यस्तो अवस्थामा विद्यमान चुनौतीहरूलाई उपेक्षा गर्ने वा भागेर त्यसबाट जोगिन खोज्ने होइन, प्रतिकूलता र चुनौतीको दृढतापूर्वक सामना गरेर नै परिवर्तनको सम्भावनालाई नजिक ल्याउन सकिन्छ भन्ने मान्यतालाई पार्टीले आत्मसात् गर्नुपर्दछ । 'असोज १८' र 'माघ १९' का कारणले मुलुकमा प्रजातन्त्र अपहरण भएको, संवैधानिक प्रक्रिया क्षतविक्षत भएको र राजाको निरङ्कुशता र स्वेच्छाचारी शासन आरम्भ भएको भए पनि राजाको सक्रिय शासनको अभ्यास पूर्णतः असफल भएको छ । नेपालको राजसंस्था राजा ज्ञानेन्द्रको भूमिकाकै कारणले समेत इतिहासमा सबैभन्दा विभाजित र कमजोर बन्न पुगेको अवस्था छ । अर्कोतिर माओवादीहरूले पछिल्लो समयमा लिएका राजनीतिक अडान र सार्वजनिक गरेका प्रतिबद्धताका कारणले समेत मुलुकमा बहुदलीय प्रजातन्त्रको आयाम अझ विस्तारित हुने सम्भावना प्रकट भएको छ । राजाको दक्षिणपन्थी अतिवादतर्फको सक्रियताका कारणले नै माओवादीहरूमा शान्तिपूर्ण जनआन्दोलनका शक्तिहरूसँगको सहकार्यको चाहना प्रकट भएको छ । यसले उनीहरूमा प्रजातान्त्रिक रूपान्तरणको नयाँ आधारसमेत प्रदान गरेको छ । त्यति मात्र होइन, राजाको नकारात्मक भूमिकाका कारणले नै मूलधारका राजनीतिक दलहरूमा विगतमा यथास्थितिवादी र कतिपय अवस्थामा खेल्न पुगेको प्रतिक्रियावादी भूमिकाप्रति पश्चाताप गर्ने अवस्था सिर्जना भएको छ । यसै अर्थमा 'माघ १९' पछिको राजनीतिक सङ्कटसमेत राजनीतिक परिवतर्नको आधारभूमि बन्न पुगेको छ । यसै अर्थमा नेकपा (एमाले) को केन्द्रीय कमिटीले लिएको लोकतान्त्रिक गणतन्त्रमा बहुदलीय प्रजातन्त्रले राजनीतिक पूर्णता पाउँछ भन्ने मान्यता चालू प्रजातान्त्रिक आन्दोलनको विकासका लागि निकै महत्त्वको कुरा हो । पार्टीपङ्क्तिले यसलाई तदनुरूप बुझ्न र अघि बढाउन सक्नुपर्दछ ।

कतिपयमा लोकतान्त्रिक गणतन्त्रतर्फ चालू जनआन्दोलनलाई अघि बढाउने पार्टीको नीतिगत निर्णयले जनताको बहुदलीय जनवादको क्रान्तिकारी कार्यदिशालाई नै ओझेलमा पार्न सक्छ भन्ने आशङ्का रहेको छ । चालू प्रजातान्त्रिक आन्दोलनको विषय बन्न पुगेको लोकतान्त्रिक गणतन्त्र र जनताको बहुदलीय जनवादको कार्यक्रमका बीचमा निकै ठूलो फरक रहेको छ । चालू प्रजातान्त्रिक आन्दोलनको विषयका रूपमा अघि आएको लोकतान्त्रिक गणतन्त्रको विषय ०४६ सालको ऐतिहासिक जनआन्दोलनबाट स्थापित बहुदलीय प्रजातन्त्रलाई लोकतान्त्रिक गणतन्त्रका माध्यमबाट राजनीतिक पूर्णता दिने मान्यतासँग सम्बन्धित छ । जबकि जनताको बहुदलीय जनवाद पुँजीवादी जनवादी क्रान्तिको राजनीतिक कार्यक्रम मात्र होइन, त्यो आर्थिक-सामाजिक परिवर्तनसहितको समग्र क्रान्तिको कार्यक्रम हो । यस अर्थमा लोकतान्त्रिक गणतन्त्रले जनताको बहुदलीय जनवादलाई विस्थापित गर्छ भन्ने कुरा पूर्णतः गलत कुरा हो, बरु यसको सफलताले जनताको बहुदलीय जनवादी क्रान्तिको सम्भावना र औचित्यलाई अझ नजिक ल्याइदिनेछ । त्यसरी नै केहीको विचार लोकतान्त्रिक गणतन्त्रको नारा र जबजले अघि सारेको जनवादी गणतन्त्रको विषय एकै हो र अहिलेको संयुक्त जनआन्दोलनबाट नै जनताको बहुदलीय जनवादी क्रान्ति सम्पन्न गर्न सकिनेछ भन्ने पनि रहेको छ । यो पनि पुरानो पुँजीवादी क्रान्ति र नया पुँजीवादी क्रान्तिको भेदलाई छुट्याउन नसक्ने कुरा नै हो । अक्टुवर क्रान्तिपछि पुरानो पुँजीवादी क्रान्तिले समाजको आमूल परिवर्तनको क्रान्तिकारी सारको प्रतिनिधित्व गर्न सक्दैन । त्यसले राजनीतिक परिवर्तनको झन्डालाई मात्र प्रतिनिधित्व गर्न सक्छ । ०४६ सालको ऐतिहासिक जनआन्दोलन त्यही चरित्रको परिवर्तन थियो । जसका बारेमा जननेता मदन भण्डारीले निकै स्पष्ट रूपमा विश्लेषण गर्नुभएको छ । आर्थिक र

सामाजिक परिवर्तनको सारसहितको पुँजीवादी जनवादी क्रान्ति क्रान्तिको पुरानो बाटोबाट सम्भव नभएका कारणले क्रान्तिको नयाँ बाटोको विकास भएको हो । जनताको बहुदलीय जनवादले आफ्नै किसिमको विशेषतासहित क्रान्तिको त्यही नयाँ बाटोलाई प्रतिनिधित्व गर्दछ । जबकि, चालू संयुक्त आन्दोलनले स्वीकार गर्दै गएको लोकतान्त्रिक गणतन्त्रको विषय भनेको पुरानो पुँजीवादी क्रान्तिको राजनीतिक पक्षसँग सम्बन्धित छ । यस आन्दोलनमा अघि आएका आर्थिक-सामाजिक सुधारका एजेन्डाहरू पनि त्यही पुरानोखाले पुँजीवादी जनवादी क्रान्तिको राजनीतिक प्रणालीमाथि उत्पन्न भएको सङ्कटको पृष्ठभूमिमा मात्र अघि आएका हुन् । तसर्थ लोकतान्त्रिक गणतन्त्रको कार्यक्रमले समेत वर्तमान समयमा नयाँखाले पुँजीवादी जनवादी क्रान्तिको सारसहितको परिवर्तनको आवश्यकतालाई पूरा गर्न सक्तैन । नेपाली काङ्ग्रेस, नेपाली काङ्ग्रेस प्रजातान्त्रिक र नेपाल सद्भावना पार्टीसमेतको सहभागितामा सञ्चालित संयुक्त आन्दोलनका माध्यमबाट नयाँखाले पुँजीवादी क्रान्तिको आवश्यकतालाई पूरा गर्न सकिने कुरा पनि होइन । यस अर्थमा पार्टीको केन्द्रीय कमिटीको बैठकले लोकतान्त्रिक गणतन्त्रमा नै बहुदलीय प्रजातन्त्रले राजनीतिक पूर्णता पाउँछ भन्ने मान्यताका आधारमा चालू आन्दोलनलाई त्यस दिशामा अघि बढाउने ऐतिहासिक निर्णय गरेको हो । यसलाई आजको वस्तुगत धरातलको यथार्थतामा ग्रहण गरेर नै हामीले नेपाली समाजको परिवर्तनको पक्रियालाई सही दिशा प्रदान गर्ने कोसिस गर्नुपर्दछ ।

'असोज १८' र 'माघ १९' को राजा ज्ञानेन्द्रको तानाशाही कदमपछि निरङ्कुश राजतन्त्र नै नेपालको प्रजातान्त्रिक आन्दोलनको मुख्य दुश्मनका रूपमा प्रकट भएको छ । मुख्य शत्रुका विरुद्धको सङ्घर्षमा जुन कार्यदिशा र नारा प्रभावकारी हुन्छ, त्यसको निर्धारण गर्नु आवश्यक र अपरिहार्य कुरा हो । आधारभूत अन्तरविरोधको प्रमुख पक्षका रूपमा रहेको अवस्थामा होस् या राजनीतिक प्रहारको प्रमुख निशाना बनेको अवस्थामा होस्, नेपालको राजसंस्था मूलधारका राजनीतिक दलहरूका लागि कहिल्यै पनि सहयोगी हुन सकेन र भविष्यमा पनि सहयोगी बन्ने छैन । तर, विगत १२ वर्षको अवधिमा यस विषयमा राजनीतिक दलहरूका तर्फबाट खासै ध्यान पुऱ्याउन सकेको देखिँदैन । सामन्तवाद, दलाल नोकरशाही पूँजीवादसँग नेपाली जनताको आधारभूत अन्तरविरोध सुरुदेखि नै यथावत् रहँदै आएको छ । ०४६ सालको राजनीतिक परिवर्तनपछि पनि त्यो अवस्थामा आधारभूत रूपमा कुनै ठूलो परिवर्तन आएको थिएन । ०४६ सालको ऐतिहासिक जनआन्दोलनपछि विकास भएको त्रिपक्षीय शक्ति-सन्तुलनको अवस्थामा नेपालको राजसस्थासँग मूलधारका राजनीतिक दलहरूले सहअस्तित्वको नीति लिनुलाई स्वाभाविक मान्न सकिन्छ । तर, त्यसका नाममा सहकार्यकै तहसम्म अघि बढ्नु राजनीतिक दलहरूको निकै ठूलो कमजोरी थियो । यही कमजोरीको परिणामस्वरूप नै नेकपा (एमाले) समेतको गणतन्त्रात्मक छवि धमिलिएको थियो । केन्द्रीय कमिटीको नवौं बैठकले पार्टीको स्वाभाविक छविलाई अघि बढाउने र उजिल्याउने काम गरेको छ । यद्यपि, नेकपा (एमाले) ले ०४६ सालको ऐतिहासिक जनआन्दोलनपछि विकास भएको त्रिपक्षीय शक्ति सन्तुलनलाई संस्थागत गर्ने क्रममा निर्माण गरिएको नेपाल अधिराज्यको संविधान ०४७ को मस्यौदा गर्दा होस् या त्यसलाई २७ बुँदे असहमतिका साथ आलोचनात्मक समर्थन गर्दा होस्, पार्टीले आफ्नो गणतन्त्रात्मक चेतलाई निकैहदसम्म संस्थागत गर्ने प्रयास गरेको थियो । पाँचौं राष्ट्रिय महाधिवेशनबाट पारित गरिएको नेपाली क्रान्तिको कार्यक्रम जनताको बहुदलीय जनवादको कार्यक्रममा उपरोक्त मान्यताका बारेमा सुस्पष्ट रूपमा उल्लेख गरिएको छ । छैटौं र सातौं महाधिवेशनमा संवैधानिकतालाई आधार बनाएर महाधिवेशनका अन्य दस्तावेजमा उक्त प्रसङ्गको उल्लेख नगरिएका कारणले कतिपयले त्यस विषयमा प्रश्न उठाउने अवस्था सिर्जना भएको हो । तर, राजा ज्ञानेन्द्रको तानाशाही कदमपछि उक्त प्रसङ्गलाई पुनः स्पष्टतापूर्वक अघि बढाउन सकिने अवस्था र आधार सिर्जना भएको छ । 'असोज १८' र 'माघ १९' पछि नेपालको राजनीतिमा लोकतान्त्रिक गणतन्त्रको विषयले सर्वाधिक महत्त्व पाउँदै आएको र सडक आन्दोलनको महत्त्वपूर्ण नारा बनिरहेको अवस्थामा नेकपा (एमाले) को यस निर्णयले पार्टीको प्रतिष्ठालाई निकै माथि उठाउने काम गरेको छ । यस अर्थमा विगतदेखि नै सैद्धान्तिक रूपले आफूलाई गणतन्त्रको पक्षमा उभ्याउँदै आएको हाम्रो पार्टी नेकपा ( एमाले) ले लोकतान्त्रिक गणतन्त्रसमेत चालू प्रजातान्त्रिक आन्दोलनको महत्त्वपूर्ण विषय बन्न पुगेकोमा गौरवबोध गर्न सक्नुपर्दछ । सात राजनीतिक पार्टीले अघि सारेको पूर्ण प्रजातन्त्रको विषयलाई त्यही दिशामा अघि बढाउने कोसिस गर्नुपर्दछ ।

वर्तमान अवस्थामा लोकतान्त्रिक गणतन्त्रतर्फ उन्मुख चालू प्रजातान्त्रिक आन्दोलनको मूल उद्देश्यका रूपमा प्रस्तुत गरिएको पूर्ण प्रजातन्त्रको विषयलाई कसरी परिभाषित गर्ने भन्ने कुरा अहम् महत्त्वको प्रश्न हो । नेकपा (एमाले) को आठौं केन्द्रीय कमिटीको बैठकले यस विषयमा एक प्रकारको स्पष्टता दिने प्रयास गरेको थियो । तर, संयुक्त जनआन्दोलनका अन्य घटकहरूमा देखिएको नीतिगत अन्योलताका कारणले समेत नेकपा (एमाले) को उक्त मान्यताले खासै महत्त्व पाउन सकेको थिएन । नेपाली काङ्ग्रेसको महाधिवेशनले समेत पार्टी विधानबाट संवैधानिक राजतन्त्रप्रतिको प्रतिबद्धतालाई स्थगित गरी त्यसका ठाउँमा समावेशी प्रजातन्त्रका आधारमा राज्यको पुनःसंरचना गर्ने कुरा अघि सारेपछि नेकपा (एमाले) को पुरानो मान्यताले सबैतिरबाट सैद्धान्तिक सहमति प्राप्त गर्ने सम्भावना बढेर गएको छ । लोकतान्त्रिक गणतन्त्रतर्फ उन्मुख निरङ्कुश राजतन्त्रका विरुद्धको पूर्ण प्रजातन्त्रको मूल नारालाई चालू प्रजातान्त्रिक आन्दोलनको धरातलको सापेक्षतामा नै बुझ्नु र आत्मसात् गर्नुपर्दछ । वर्तमान परिप्रेक्ष्यमा हाम्रो पार्टीले संयुक्त जनआन्दोलनका माध्यमबाट जनताको हातमा पूर्ण सार्वभौमसत्ताको स्थापना, निरङ्कुश राजतन्त्रका सम्पूर्ण आधारहरूको समाप्ति, संविधान र संसद्को सर्वोच्चता, राष्ट्रिय सेनामाथि जनप्रतिनिधि संस्थाको पूर्ण नियन्त्रण, कानुनी शासनको पूर्ण प्रत्याभूति, मौलिक तथा मानवअधिकारको पालना, आर्थिक-सामाजिक रूपान्तरणसहितको राज्यको पुनःसंरचना र समावेशी प्रजातन्त्रको अवधारणाका आधारमा बहुदलीय व्यवस्थाको सुदृढीकरण र विकास तथा नेपाली समाजमा विद्यमान द्वन्द्वको शान्तिपूर्ण समाधान र त्यसका लागि संविधानसभाका माध्यमबाट नयाँ संविधानको निर्माणजस्ता विषयहरूलाई नै पूर्ण प्रजातन्त्रको मुख्य तत्त्वको रूपमा ग्रहण गरेको छ । आजको सन्दर्भमा पूर्ण प्रजातन्त्र भनेको यिनै अन्तरवस्तुहरूसमेत समावेश भएको प्रजातन्त्र हो र राजनीतिक स्वरूपका हिसावले त्यसको उच्चतम् पक्ष लोकतान्त्रिक गणतन्त्र नै हो भन्ने बुझ्नुपर्दछ । यस अर्थमा पार्टीले अघि सारेको पूर्ण प्रजातन्त्रको अवधारणालाई अमूर्त देख्ने वा त्यसलाई कहिल्यै पनि सम्भव नहुने विषयका रूपमा प्रस्तुत गर्ने कुराबाट जोगिनुपर्दछ ।

आज नेकपा (एमाले) भित्र वा नेपालका वामपन्थी दलहरूभित्र वा विद्रोही माओवादीहरूभित्र मात्र होइन, लोकतन्त्रका लागि नागरिकहरूको आन्दोलन र मूलधारका अन्य प्रजातान्त्रिक दलहरूले समेत नेपालको प्रजातान्त्रिक आन्दोलनको मुख्य बाधक वा शत्रुको रूपमा नेपालको परम्परागत राजसंस्था नै हो भन्ने यथार्थतालाई महसुस गर्न पुगेका छन् । चालू संयुक्त जनआन्दोलनलाई लोकतान्त्रिक गणतन्त्रको दिशामा अघि बढाउने मान्यता र अठोटसमेत क्रमशः विकास गरिरहेका छन् । यस अर्थमा चालू प्रजातान्त्रिक आन्दोलनको विकासका निम्ति नेकपा (एमाले) को केन्द्रीय कमिटीले लिएका नीतिगत निर्णयहरूको निकै ठूलो महत्त्व रहेको छ र भविष्यमा समेत रहनेछ । यसरी पार्टीले लिएको नयाँ निर्णयले ०४६ सालपछि नेकपा (एमाले) ले आत्मसात् गरेको संवैधानिक राजतन्त्रसँगको सहअस्तित्व र सहकार्यको कार्यनीतिक कोण स्थगित भएको छ र त्यसका ठाउँमा लोकतान्त्रिक गणतन्त्रतर्फ उन्मुख संयुक्त जनआन्दोलनको कार्यनीति आरम्भ भएको छ । नवौं बैठकले लिएको यस ऐतिहासिक फैसलाले पार्टीभित्र उत्पन्न नीतिगत अन्योल र निराशालाई समेत एकहदसम्म चिर्दै पार्टीलाई जनताको बहुदलीय जनवादको आलोकमा क्रान्तिकारी छवि प्रदान गर्ने कामसमेत गरेको छ । यसरी नवौं बैठकका माध्यमबाट पार्टीले प्राप्त गरेको सकारात्मक छविलाई प्रयोग गर्दै चालू प्रजातान्त्रिक आन्दोलनमा प्रतिस्पर्धा र पहलकदमीका आधारमा श्रेष्ठता हासिल गर्ने पार्टी नीतिका आधारमा पार्टीको नेतृत्वकारी भूमिका स्थापित गर्ने अभियानमा सिङ्गो पार्टीपङ्क्ति जुट्नुपर्दछ । किनभने, चालू प्रजातान्त्रिक आन्दोलनमा नेकपा (एमाले) ले खेल्ने सशक्त र प्रभावकारी भूमिकाले नै भावि प्रजातान्त्रिक नेपालको समृद्ध खाका कोर्न सम्भव हुनेछ । उक्त आन्दोलनमा खेलिएको भूमिकाले नै पार्टीको नेतृत्वकारी हैसियत, क्रान्तिकारी प्रतिष्ठा र भविष्यसमेत निरूपण हुनेछ । यसरी पार्टीका सामु उत्पन्न चुनौतीलाई सामना गर्दै पार्टीका सामु उपस्थित युगिन अभिभारालाई पूरा गर्नका लागि एकताबद्ध ढङ्गले संयुक्त जनआन्दोलनको महायज्ञमा जुटौं । यही नै युगको माग हो र हामी सबैको साझा दायित्व पनि हो ।

# संयुक्त जनआन्दोलन : योजना र कार्यक्रम

पार्टी केन्द्रीय कमिटीको हालै सम्पन्न नवौं बैठकले बदलिएको राष्ट्रिय राजनीतिक परिस्थितिअनुरूप स्पष्ट रूपले हाम्रो कार्यनीतिलाई परिमार्जित रूपमा अगाडि सारेको छ । पार्टीले 'निरङ्कुश राजतन्त्रको अन्त्य गरौं, संविधानसभामार्फत पूर्ण प्रजातन्त्रको स्थापना गरौं' भन्ने वर्तमान निरङ्कुश राजतन्त्रविरोधी आन्दोलनका लागि परिमार्जित मूल नारा अगाडि सारेको छ । निरङ्कुश राजतन्त्रको अन्त्य गरी संविधानसभाद्वारा नयाँ र अग्रगामी संविधान निर्माणको काम गर्दै पूर्ण प्रजातन्त्रको स्थापना गर्नु अहिले पार्टीको कार्यनीति बनेको छ । साथै, वर्तमान आन्दोलनलाई क्रान्तिकारी दिशा प्रदान गर्ने नेपाली जनताको चाहनाअनुरूप लोकतान्त्रिक गणतन्त्रको उद्देश्यलाई स्पष्ट रूपमा अगाडि सार्ने काम पनि गरेको छ । अहिले निरङ्कुश राजतन्त्रसित संवाद, सङ्घर्ष र सहमतिको पूरानो नीतिलाई परिवर्तन गर्दै पार्टीले सङ्घर्ष र निषेधको नीतिलाई अवलम्बन गरेको छ ।

निरङ्कुश राजतन्त्रसित सम्पूर्ण नेपाली जनताको प्रमुख राजनीतिक अन्तरविरोध बनेको वर्तमान अवस्थामा समाजका अन्य सम्पूर्ण अन्तर्विरोधहरू मातहत भएका छन् । निरङ्कुश राजतन्त्रमाथि सम्पूर्ण प्रहार केन्द्रित गर्न पनि माओवादी समस्याको शान्तिपूर्ण राजनीतिक समाधानको सामग्रिक योजनामा सहमति ल्याउन पहल गर्नु अहिले तात्कालिक महत्त्वको काम बनेको छ । यसअनुरूप पार्टीले नेकपा (माओवादी) सित संवाद, रूपान्तरण र सहमतिको नीति अगाडि सारेको छ । माओवादीसित सहकार्यका निम्ति उसका हिंसात्मक र अराजनीतिक तथा असामाजिक क्रियाकलापहरू अहिले पनि बाधक बनिरहेका छन् । तसर्थ उनीहरूसित वैचारिक सङ्घर्ष गर्दै लोकतान्त्रिक प्रक्रियामा रूपान्तरण गर्ने नीति अवलम्बन गरिएको छ ।

निरङ्कुश राजतन्त्र समाजको अग्रगमनका लागि अहिले चौतर्फी बाधक बनेको छ । त्यही भएर यससित नेपाली जनताको अन्तरविरोध शत्रुतापूर्ण अवस्थामा विकसित भएको छ । त्यति मात्र होइन, यतिबेला राजतन्त्रसित रहेको जनताको अन्तरविरोध हल गर्ने काम नै तात्कालिक र अनिवार्य आवश्यकतामा परेको छ । विगत लामो समयसम्म संवाद र सहमतिद्वारा यो अन्तरविरोध हल गर्ने विगतका हाम्रा प्रयत्नहरू राजाको निरङ्कुश महत्त्वाकाङ्क्षाका कारण सफल हुन सकेनन् । अब नेपालका सम्पूर्ण लोकतान्त्रिक राजनीतिक पार्टीहरूका अगाडि यो अन्तरविरोध हल गर्ने उपायका रूपमा जनताको आन्दोलनभन्दा अर्को विकल्प रहेन । त्यही भएर निरङ्कुश राजतन्त्रको अन्त्य र पूर्ण प्रजातन्त्रको स्थापनाका लागि गत वैशाख २५ गते नेपालका सात राजनीतिक दलहरूको एकता र त्यसको नेतृत्वमा संयुक्त जनआन्दोलन सुरु पनि भइसकेको छ । नेकपा (एमाले) सात पार्टीको एकता र त्यसका मागहरू तथा संयुक्त जनआन्दोलनप्रति बफादार र पूर्ण प्रतिबद्ध रहेको छ ।

नेकपा (एमाले) सात पार्टी एकतामा सामेल नेपाली जनताको स्वतन्त्र र विशिष्ट राजनीतिक प्रतिनिधि संस्था हो । यसले आफ्ना अग्रगामी सिर्जनशील विचार र समर्पणको व्यवहारद्वारा वर्तमान संयुक्त जनआन्दोलनलाई दिशाबोध गर्नुपर्दछ । सात पार्टी एकता वर्तमानको विशिष्ट संयुक्त मोर्चा नै हो । यसभित्र भिन्नभिन्न वर्ग आधार, भिन्नभिन्न सिद्धान्त, विचार र नीतिहरू भएका राजनीतिक पार्टीहरू आवद्ध छन् । यसको एकताबद्ध अभियानका लागि पार्टीले आफ्नातर्फबाट त्याग, बलिदान र समर्पणका अग्रगन्य उदाहरणहरू प्रस्तुत गर्नुपर्दछ । सुरु भएको संयुक्त जनआन्दोलनलाई अझ सशक्त र ज्वारभाटाका रूपमा विकसित गर्ने उद्देश्यका साथ प्रेरित गर्नका लागि पनि नेकपा (एमाले) ले आफूलाई जनआन्दोलनको पर्यायका रूपमा प्रस्तुत गर्न सक्नुपर्दछ । त्यसैका लागि पार्टीले सात पार्टीद्वारा आयोजित कार्यक्रमहरूमा सशक्त उपस्थितिका साथै स्वतन्त्र रूपका सङ्घर्षका कार्यक्रमहरूलाई पनि कार्यान्वयन गर्न सक्नुपर्दछ । यसै सन्दर्भमा नेकपा (एमाले) जनआन्दोलन परिचालन कमिटीका तर्फबाट आन्दोलनको योजना र कार्यक्रम अगाडि सारिएको छ । यो योजना र कार्यक्रम पार्टी परिपत्रका रूपमा सङ्गठित सदस्यसम्म जारी गरिएको छ ।

**हाम्रो आन्दोलनको उद्देश्य र लक्ष्य**

कसैले पनि रहरले आन्दोलन गर्दैन र त्यसरी त्यो सफल पनि हुन सक्तैन। जनताको आन्दोलन सामाजिक सचेतनता र वाध्यताले मात्र हुन सक्दछ र त्यो सफलतासम्म पुगेरै छोड्छ। विगत सात दशकभन्दा लामो समयदेखि नेपाली जनता सङ्गठित रूपमा निरङ्कुशतन्त्रका विरुद्ध लामो र कष्टकर सङ्घर्ष गर्दै आएका छन्। जनताको आन्दोलनका दबाबमा परेर राजाले जनताका प्रतिनिधिहरूसित अनेकपटक सम्झौता गरेका छन् र मौका पाउनासाथ त्यो सम्झौता तोडेर निरङ्कुश बनेका छन्। राजाले २००७ सालको सम्झौता ००८ सालमा तोडे, ०१४ सालको सम्झौता ०१७ सालमा तोडे, ०३६ सालको सम्झौता ०३७ सालमा तोडे, ०४६ सालको सम्झौता ०५९ सालमा तोडे र ०६१ साल जेठमा भएको समझदारी सोही सालको माघ १९ मा नाङ्गो रूपमा तोडेर सत्तापलट गरे। यसरी राजाले पटक-पटकको आफ्नो व्यवहारबाट जनताको प्रजातन्त्रसित राजतन्त्र सँगै जान नसक्ने निष्कर्ष प्रस्तुत गरेका छन्।

०४६ सालको संयुक्त जनआन्दोलनको सफलताबाट मुलुकमा त्रिपक्षीय शक्ति सन्तुलन कायम भएको र त्यसकै परिणाम नेपाल अधिराज्यको संविधान, ०४७ जारी भएको परिप्रेक्ष्यमा आलोचनात्मक रूपमा त्यसलाई हाम्रो पार्टीले समर्थन गरेको थियो। तदनुरूप पार्टी संवैधानिक राजतन्त्रसित सहमति कायम गर्दै अगाडि बढेको थियो। तर, पार्टीको रणनीतिक लक्ष्य त्यसबेलादेखि अहिलेसम्म पनि जनवादी गणतन्त्र नै रहेको छ। राजाले संविधान उल्लङ्घन गरी घोर दक्षिणपन्थी निरङ्कुश राजतन्त्रको कार्यदिशा अवलम्बन गरिसकेपछि हाम्रो पार्टीले संवैधानिक राजतन्त्रलाई पनि मानिरहनुको कुनै अर्थ रहेन। त्यही भएर हाम्रो पार्टीले केन्द्रीय कमिटीको नवौं बैठकदेखि राजाबिनाको प्रजातन्त्र अर्थात् लोकतान्त्रिक गणतन्त्रको धारणालाई आन्दोलनको उद्देश्यका रूपमा ग्रहण गर्न पुगेको छ। लोकतान्त्रिक गणतन्त्र स्थापनापछि सामन्तवादका सम्पूर्ण अवशेषहरूलाई उन्मूलन गर्दै जनताको बहुदलीय जनवाद स्थापना गर्ने दिशामा अघि बढ्ने हाम्रो सचेतन प्रयत्न हुनेछ।

वर्तमानमा सात पार्टी एकताबाट अगाडि सारिएको आन्दोलनको माग र नाराअनुरूप हाम्रो आन्दोलन सञ्चालित हुनेछ। नयाँ संविधान निर्माणको प्रक्रियामा प्रवेश गर्दा हामीसित रहेको सबभन्दा प्रजातान्त्रिक पद्दति भनेको संविधानसभाको निर्वाचन नै हो। संविधानसभाको निर्वाचन एकप्रकारले नेपाली जनताको भविष्य निर्माणका लागि जनमतसङ्ग्रह नै हुनेछ। त्यसले नै राजाको पनि भविष्य निश्चित गरिदिनेछ। त्यही क्रममा पूर्ण प्रजातन्त्रले पनि सार्थकता प्राप्त गर्नेछ।

निरङ्कुश राजतन्त्रको अन्त्यका निम्ति सञ्चालित वर्तमान आन्दोलनको उद्देश्य मुलुकमा लोकतन्त्र स्थापना गर्नु हो। हाम्रो पार्टीको के विश्वास रहेको छ भने- राजतन्त्र नभएको अवस्थामा मात्र प्रजातन्त्रले पूर्णता प्राप्त गर्न सक्नेछ। त्यो अवस्थामा राजनीतिक रूपले सामन्तवादको कुनै अस्तित्व रहने छैन। त्यसपछि मुलुक राज्यको पुनःसंरचना गर्दै समावेशी लोकतन्त्रसहितको बहुदलीय प्रतिस्पर्धात्मक सामाजिक-आर्थिक प्रणालीमा प्रवेश गर्नेछ। सात पार्टी घोषणामा प्रतिनिधिसभाको पुनःस्थापनाको माग समावेश भए पनि त्यसको उद्देश्य संविधानसभाद्वारा अग्रगामी र नयाँ संविधान निर्माणका लागि हुने भन्ने कुरा स्पष्ट रहेको छ। त्यसो भएर वर्तमान संयुक्त जनआन्दोलनको उद्देश्य संविधानसभाद्वारा नयाँ अग्रगामी संविधान निर्माण गर्ने भएको छ। नेकपा (एमाले) ले वर्तमान आन्दोलनलाई लोकतान्त्रिक गणतन्त्रको दिशाउन्मुख गराउन निरन्तर प्रयत्न गर्नेछ।

**जनआन्दोलनको योजना**

निरङ्कुश राजतन्त्रका विरुद्ध न्यूनतम् शक्ति परिचालनको आजको अवस्थादेखि यसलाई पूर्ण रूपले पराजित गर्ने अवस्थासम्मको जनआन्दोलनको अनुमानित विकासको रूपरेखा नै जनआन्दोलनको योजना हो। यसभित्र व्यापक प्रजातान्त्रिक एकता, एउटै दिशामा प्रहारको केन्द्रविन्दु, देशभित्रका सबै मित्रहरूको एकरूपता, देशबाहिरका सम्पूर्ण शक्तिहरूको ऐक्यबद्धता, सबै किसिमका अनुकूलता र प्रतिकूलताहरूको विश्लेषण र शक्ति एकीकरण र विन्यासका कामहरू पर्दछन्।

अहिले देशभित्र र बाहिर पनि राजा राजनीतिक रूपले एक्लिएका छन्। अहिले त राजा अरू बढी नाङ्गिएका पनि छन्। तर, राजाको व्यवहारलाई हेर्दा उनी सुध्रिने कुनै सम्भावना छैन। राजा झन्झन् निरङ्कुश बन्दै राज्यलाई पूर्ण रूपले दरबारियाकरण गर्दै हुकुमशाहीमा परिणत गर्दै छन्। तर, त्यसो गरेर राजा झन् बढी आधारविहीन बन्नेतर्फ नै गइरहेका छन्। यसबाट परोक्ष रूपमा निरङ्कुश राजतन्त्रको अन्त्यका लागि नै अनुकूलताको वृद्धि भइरहेको छ।

सबै प्रमुख राजनीतिक पार्टीहरू राजाको निरङ्कुशताको विरुद्धमा छन्। सबै मानवअधिकार सङ्गठनहरू, जनवर्गीय र पेसागत सङ्गठनहरू, पत्रकारहरू, कानुन व्यवसायी र तमाम किसिमका नागरिक समाजहरू राजाको निरङ्कुशताका विरुद्धमा छन्। भारत, बेलायतसहित अन्य युरोपियन युनियनका राजनीतिक पार्टी र सरकारहरू, संयुक्त राज्य अमेरिका, संयुक्त राष्ट्रसङ्घलगायत अन्य अन्तर्राष्ट्रिय संस्थाहरू पनि राजाको कदमका विरुद्धमा छन्। नेपालको प्रजातान्त्रिक आन्दोलनले विगतमा कहिल्यै यति सशक्त समर्थन अन्तर्राष्ट्रिय क्षेत्रबाट प्राप्त गरेको थिएन। राजाको प्रत्यक्ष शासनको आजसम्मको अवस्थालाई हेर्दा राजा चौतर्फी रूपमा असफल हुँदैछन्।

विगतमा भएका अनेकौं गल्ती-कमजोरीका कारण राजनीतिक पार्टीका कार्यकर्तामा अहिले पनि एकहदसम्म निराशा छ। कतिपय पलायन भएका छन् र कतिपय निष्क्रिय पनि छन्। यसले वर्तमान आन्दोलनका लागि प्रतिकूलता सिर्जना गरेको छ। अहिलेसम्म तटस्थ जनसमुदाय आन्दोलनमा सामेल हुन सकेका छैनन्। आन्दोलनमा महिला सहभागिता बढेको छैन। आन्दोलनको विकासका निम्ति आन्दोलनकारी पार्टीहरूका तर्फबाट व्यवस्थित गरिनुपर्ने यो गम्भीर र महत्त्वपूर्ण जिम्मेवारी हो। आन्दोलनको विकासका लागि अहिले यो नै प्रमुख प्रतिकूलता पनि हो।

आन्दोलनको समग्र पक्षमा विचार गर्दा तयारीको एउटा अवधि आवश्यक देखिन्छ। यसले वैचारिक क्षेत्रमा रहेको अन्योल, निराशा र पलायन चिर्न र रोक्न सहयोग पुग्न सक्नेछ। जनआन्दोलनका लागि वस्तुगत परिस्थिति उत्तम छ तर आत्मगत शक्ति अझै पर्याप्त निर्माण हुन सकेको छैन। समग्रतामा भन्नुपर्दा अझै आन्दोलन क्रमिक रूपमा मात्र बढ्दै जानेछ र सशक्त एवम् प्रभावकारी हुँदै जानेछ। वास्तविकतामा जाने हो भने आन्दोलन स-साना समूहबाट सञ्चालित हुँदै विकसित हुँदै जानु अनिवार्य देखिन्छ। स-साना आन्दोलनले जब राष्ट्रव्यापी रूप ग्रहण गर्ने छन्, राजाको निरङ्कुशता समाप्त हुनेछ।

मुलुकको समग्र परिस्थितिका आधारमा हेर्दा पार्टीपङ्क्ति अझै पनि पूर्ण रूपले आन्दोलनमा सामेल नहुनुका केही कारणहरू छन् । पहिलो, पार्टीका नीति, विचारका सम्बन्धमा रहेका कतिपय अस्पष्टता, द्विविधा र अन्योल । दोस्रो, राजनीतिक पार्टीहरूमाथिको माओवादीको हिंसात्मक आक्रमण र तेस्रो, निरङ्कुश राजतन्त्रको राज्यआतङ्क प्रमुख कारणका रूपमा देखिन्छन् । आन्दोलनकारी प्रमुख राजनीतिक पार्टीहरूले अहिले आफ्ना नीति, विचारहरूमा धेरै प्रस्टता ल्याएका छन् र विगतका कामको समीक्षालाई साथै अगाडि बढाएका छन् । यसले प्रमुख वैचारिक समस्या समाधान गर्न अब अरू सहज हुनेछ । हाम्रो पार्टीले राजनीतिक-वैचारिक पहल लिँदै अग्रगामी विचारलाई अगाडि सारेको छ, जसलाई तलको पङ्क्तिसम्म प्रस्ट पार्नुपर्छ । माओवादी द्वन्द्वको व्यवस्थापनमा सात पार्टीका तर्फबाटै ठोस प्रयत्न सुरु भएको छ । अब माओवादीका कारण उत्पन्न समस्या समाधान गर्न राजनीतिक पार्टीहरूलाई सहयोग पुग्नेछ र ग्रामीण क्षेत्र पुनर्गठित हुनेछ । निरङ्कुश राजतन्त्रका विरुद्ध यो अवस्था संयुक्त जनआन्दोलनको सफलताका लागि महत्त्वपूर्ण हुनेछ । त्यसपछि राज्यआतङ्क चिर्न अझै सहयोग पुग्नेछ । तर पनि निरङ्कुश राजतन्त्रको राज्यआतङ्क आगामी दिनमा अरू बढेर जान सक्नेछ । यसलाई महसुस गर्नु र तदनुरूप चिरेर परास्त गर्ने योजनाका साथ आन्दोलनमा सामेल हुनुको विकल्प छैन । निरङ्कुश राजतन्त्रको जति बढी स्वेच्छाचारिता हुनेछ र दमन बढ्दै जानेछ, त्यति नै बढी यसले आफ्नो आधार कमजोर बनाउनेछ र संयुक्त जनआन्दोलनको विकासका लागि अनुकूलता थपिँदै जानेछ । राजाको निरङ्कुशता तथा राज्यआतङ्कलाई चिर्दै अगाडि बढ्नुपर्ने बाध्यताले लोकतान्त्रिक राजनीतिक दलहरूका लागि निरङ्कुश राजतन्त्रलाई पराजित गर्ने थप अवसर हुनेछ ।

मुलुकको आर्थिक अवस्थालाई हेर्दा राजाको निरङ्कुशता लामो समय टिक्न सक्ने देखिन्न । अब मुलुकको अर्थतन्त्रले कुनै किसिमको द्वन्द्व थेग्न सक्ने अवस्था छैन । यस्तो अवस्थामा निरङ्कुशतालाई न राष्ट्रिय परिस्थितिले साथ दिनेछ, न त अन्तर्राष्ट्रिय परिस्थितिले नै । जनआन्दोलनको एउटा मात्र तुफान आउनासाथ राजाका अगाडि जनतासामु समर्पण गर्नेभन्दा अर्को विकल्प रहने छैन । अब मुलुकको राजनीतिक स्थितिमा आगामी दिनमा तीव्र राजनीतिक ध्रुवीकरण हुनेछ । यसबाट निरङ्कुश राजतन्त्रमाथि यति ठूलो प्रहार केन्द्रित हुनेछ, जसलाई राजाले थाम्न असम्भव देखिन्छ । जनताको आन्दोलनले जति प्रखर रूप ग्रहण गर्नेछ, राजावादीहरूभित्र आन्तरिक अन्तरविरोध तीव्र बन्नु अनिवार्य हुनेछ । यसको प्रभाव सेना, पुलिस र प्रशासनमा अनिवार्य रूपमा पर्नेछ । यसबाट आन्दोलनकै पक्षमा अनकूलता वृद्धि हुनेछ ।

उपरोक्त समग्र पक्षलाई विश्लेषण गर्दा निरङ्कुश राजतन्त्रका विरुद्ध लोकतान्त्रिक आन्दोलन आगामी दिनमा अत्यन्त तीव्र र घनिभूत बनेर प्रकट हुनु अनिवार्य छ । यस्तो सम्भावित अवस्थाका निम्ति आन्दोलनकारी पार्टीहरूले अब आफ्नो सम्पूर्ण शक्ति आन्दोलनमै समर्पित गरिदिनुपर्दछ । आन्दोलनका कार्यक्रमहरू पनि त्यसैअनुरूप अगाडि सार्नुपर्दछ । आफ्नो पङ्क्तिलाई तदनुरूप तयार पार्नुपर्दछ । हिम्मत, साहस र बलिदानी भावनाका साथ लडाइँ जित्ने मानसिकता बोकेर जनआन्दोलनको मैदानमा आफ्नो सम्पूर्ण नेतृत्वशक्ति विन्यास गरिदिनुपर्दछ । पार्टीका सम्पूर्ण कामहरू जनआन्दोलनकै सेवामा समर्पित गरिदिनुपर्दछ । अब आन्दोलनकारी पार्टीका नेता, कार्यकर्ता र सम्पूर्ण सदस्यहरूको बोली, भाषा, गीत, सङ्गीत, लेख, रचना र यावत् क्रियाकलाप आन्दोलनकै सेवामा लागिपरेको हुनुपर्दछ । हाम्रो पार्टीले यसअनुरूप सात दलभित्र भूमिका खेल्नुपर्दछ । सात दलका सबै कार्यक्रमहरूलाई यही योजनामा आबद्ध गराउनेतर्फ लैजानु पर्दछ ।

अब नेकपा (एमाले) को अर्को नाम निरङ्कुश राजतन्त्रविरोधी आन्दोलन बन्नु पर्दछ । पार्टी आन्दोलनको नेता हो, मार्गदर्शक हो र जनआन्दोलनको आफैँ हतियार पनि हो । केन्द्रीय कमिटी र केन्द्रीय निकायका सम्पूर्ण सदस्यहरू चालू जनआन्दोलनका कमान्डर हुन् । पार्टीको विभिन्न क्षेत्रमा रहेका जिम्मेवार कमरेडहरू आ-आफ्नो स्तरकै फिल्ड कमान्डर हुन् । यो आन्दोलनको भविष्य अर्को भाषामा भन्ने हो भने यिनै कमरेडहरूको सुझबुझ र ओजपूर्ण नेतृत्वमा निर्भर रहेको छ । अब केन्द्रीय तहका कमरेडहरूलाई एक/एक जिल्लाको कमान्डर नियुक्त गरेर जिम्मेवारी प्रदान गरेर पठाइनेछ । जिम्मेवारी लिने कमरेडले जनआन्दोलनको सफलताका लागि नेतृत्व प्रदान गर्नुपर्नेछ ।

**जनआन्दोलनका भावी कार्यक्रमहरू**

जनआन्दोलनका लागि नीति, विचार, योजना अगाडि सारिसकेपछि आन्दोलनका कार्यक्रमहरू तय गर्ने काम प्रमुख महत्त्वका हुन्छन् । कार्यक्रमहरू आन्दोलनको व्यवहारका व्यवस्थापन हुन् । कार्यक्रम तय गर्दा जनताको मनस्थिति र सङ्घर्षको स्तरलाई ध्यानमा राख्न उपयुक्त देखिन्छ । निम्नस्तरबाट उच्चस्तरतर्फ जाने कार्यक्रमहरू तय गर्नुपर्दछ । हाम्रो अवस्थालाई हेर्दा पहिलो- तयारीको चरण, त्यसपछि विभिन्न रूपका शक्ति प्रदर्शनका चरणहरू र त्यसपछि अझ उच्चस्तरका सङ्घर्षका विभिन्न चरणमा आधारित कार्यक्रम तय गर्नु उपयुक्त देखिन्छ । सबै अवस्थामा आन्दोलनका स्वरूप शान्तिपूर्ण जनआन्दोलन नै हुनेछन् । तर, स्वरूपहरू शत्रुपक्षको व्यवहारअनुरूप निरन्तर परिवर्तन भइरहने छन् । आन्दोलनका स्वरूपहरूको यो वस्तुगत पक्ष पनि हो । हामीले जस्तोसुकै पक्षको पनि सामना गर्न तयार हुनुपर्दछ । अहिलेसम्म हामीले प्रयोग गरेका सङ्घर्षका रूपहरू जुलुस, सभा, कोणसभा, हडताल, आमहडताल, घेराउ र बन्द आदि छन् । अब पनि हामीले प्रयोग गर्ने स्वरूपहरू यस्तै हुनेछन् । हामीले सङ्घर्षलाई आवश्यकताअनुरूप जुझारु बनाउँदै लैजानु अनिवार्य हुनेछ ।

जनआन्दोलनका नेता पार्टीका सबै तहका सदस्यहरू नै हुन् । यो आन्दोलनमा माथिबाट टीका लगाएर भन्दा पनि आफ्नै सक्रिय पहलकदमी र निस्वार्थ समर्पणबाट नेतृत्व लिने कोसिस गर्नुपर्दछ । जो एमाले हुन्छ, त्यो आन्दोलनकारी हुन्छ । जो आन्दोलनकारी हुन्छ, त्यो एमालेजस्तै हुन्छ । तर, आन्दोलनमा सामेल नहुने एमाले हुन सक्दैन । हामीले यसलाई आफ्नो आचरण नै बनाउनुपर्दछ । आन्दोलनका योद्धाहरू मजदुर, किसान, महिला, विद्यार्थी, युवा र विभिन्न पेसा-व्यवसायमा आवद्ध जनसमुदाय हुन् । नागरिक समाज, मानवअधिकारकर्मीहरू, कानुन व्यवसायी, पत्रकार, शिक्षक, प्राध्यापक र प्रजातन्त्रवादी स्वतन्त्र व्यक्तित्वहरू आन्दोलनका अभिन्न अङ्ग बनेका छन् । यी सबैलाई व्यापक प्रजातान्त्रिक मोर्चामा आवद्ध गरेर एकीकृत रूपमा अगाडि बढाउने कोसिस गर्नुपर्दछ ।

आन्दोलनको कार्यक्रमभित्रको तयारीको चरण आफ्नो पार्टीपङ्क्तिलाई मानसिक रूपले दुरुस्त र भौतिक रूपले चुस्त राख्ने अवधि हो । यसलाई लामो अवधि दिन हुन्न । आन्दोलनकारीले लडाइँकै मैदानमा प्रशिक्षित हुँदै अगाडि जानुपर्दछ । आन्दोलनले हजारौं-लाखौं जनतालाई एकैचोटि प्रशिक्षित गर्नुपर्दछ । आन्दोलनकै दौरान धेरै सिर्जनाका फूलहरू फुल्ने छन् । आन्दोलनकारी त्यहीं रमाउन जान्नुपर्दछ र त्यहीं विकसित हुन सक्नुपर्दछ । शक्ति प्रदर्शनको चरण भनेको घर, खेत, खलियान, कारखाना, कार्यालय, पेसा र व्यवसाय तथा स्कुल कलेजबाट जनताको शक्ति सडकमा आउने चरण हो । शक्ति प्रदर्शनबाट शत्रुको मनोबल गिराउने र साथसाथै आफ्नो पङ्क्तिको मनोबल उठाउने काम गर्नुपर्दछ । शक्ति प्रदर्शन निर्णायक सङ्घर्षको पूर्वाभ्यास पनि हो । यसमा एकैचोटि हजारौंदेखि लाखौं जनताले भाग लिने छन् । शक्ति प्रदर्शनको अवधि अपेक्षाकृत लामो बनाउनुपर्दछ । शक्ति परिचालनको अनेक कार्यक्रमबाट नै हामीले जनतालाई अरू बढी जुझारु र गतिशील बनाउन सक्नेछौं । यसै क्रममा आन्दोलन निर्णायक चरणमा प्रवेश गर्नेछ ।

आन्दोलनको निर्णायक चरण सम्पूर्ण शक्ति एकीकृत गरेर एकैचोटि शत्रुमाथि धावा बोलेर त्यसलाई परास्त गर्ने चरण हो । सङ्घर्षको अवस्थामा कैयनपटक पछाडि हट्दै अगाडि जाने नीति लिन आवश्यक पनि पर्नेछ । तात्कालिक अवस्थामा आफ्नो र विरोधी शक्ति कुन स्तरमा छन्, ख्याल गरिरहनुपर्दछ । यस्तो अवस्थामा आफ्नोतर्फबाट पर्याप्त शक्ति जम्मा गर्नुपर्दछ । त्यसबेला समयको चयन गर्दा ख्याल गर्नुपर्ने कुरा के हो भने शत्रुपङ्क्तिमा निराशा र पलायन सुरु भएको हुनुपर्दछ र शत्रु आन्तरिक अन्तरविरोधबाट ग्रसित हुनुपर्दछ । अन्तर्राष्ट्रिय शक्तिले आन्दोलनलाई सशक्त समर्थन गरेको हुनुपर्दछ । यस्तो अवस्थामा शत्रुलाई सम्पूर्ण रूपले घेराबन्दी गर्नुपर्दछ । सबै क्षेत्रबाट शत्रुलाई नाकाबन्दी गर्नुपर्दछ । अन्तर्राष्ट्रिय सहयोगबाट पनि शत्रुशक्ति पूर्ण रूपले वञ्चित हुनुपर्दछ । अत्यन्त संवेदनशील अवस्था हुने भएकाले आन्दोलनको प्रत्येक चरण र सङ्घर्षको अवस्था चयन गर्ने अधिकार पूर्ण रूपले पार्टीको केन्द्रीय नेतृत्वमा सुरक्षित गर्नुपर्दछ । यस्तो अवस्थामा सात दलको नेतृत्वपङ्क्ति पूर्ण रूपले एकताबद्ध, दृढ निश्चयी र लडाकू मनोबलका साथ खडा हुनुपर्दछ ।

आन्दोलनले आफ्नो खर्च व्यवस्थापन आफैं गर्नुपर्दछ । एक-एक रुपियाँदेखि हजारौं-लाखौंसम्म चन्दा सङ्कलन गरी आन्दोलन कोष खडा गर्नुपर्दछ । पार्टीको प्रत्येक सदस्यले अनिवार्य रूपमा आन्दोलनमा सक्दो आर्थिक सहयोग गर्नुपर्नेछ । आन्दोलन जति सशक्त हुने छ, आर्थिक सङ्कलनमा वृद्धि हुँदै जानेछ । आफ्नो खर्च व्यवस्थापन गर्ने र रकम सङ्कलन र खर्चको पारदर्शिता कायम गर्नुपर्दछ ।

आन्दोलनका दौरान नेता-कार्यकर्ता पक्राउ पर्ने, अङ्गभङ्ग हुने र अनेकौं कठिन अवस्था पनि आउन सक्नेछ । तर पनि हामी शान्तिपूर्ण जनआन्दोलनकै माध्यमबाट अगाडि बढिरहेको अवस्थामा अर्को विकल्प खोज्न हुने छैन । हामी खुला हुनेछौं, खुलै कार्यक्रम सञ्चालन गर्ने छौं । हामी खुलै रूपमा सबै किसिमका निरङ्कुशताका साङ्लाहरू चुडाउँदै अगाडि बढ्नेछौं । तर पनि पार्टी र आन्दोलनको व्यवस्थापनका लागि वैकल्पिक नेतृत्वको व्यवस्था गर्नु बुद्धिमानी हुनेछ । आन्दोलनका दौरान कानुनी सङ्घर्षको अवस्था आउनेछ, स्वास्थ्य उपचारको व्यवस्था गर्नुपर्नेछ । यी सम्पूर्ण कामहरूको व्यवस्थापन पनि साथसाथै गर्नुपर्नेछ ।

समझदारीका साथ बनाइएका सात दलका आन्दोलनका कार्यक्रमलाई सफल बनाउँदै हाम्रो पार्टीले आफ्नो पार्टीपङ्क्तिलाई परिचालित गर्न आगामी दुई महिना आन्दोलनको सशक्त तयारीका लागि एउटा अवधि हुनेछ । त्यसपछि शक्ति प्रदर्शनकै समयमा हामीले निर्णायक अवस्थाका लागि तयारी र मूल्याङ्कन पनि गर्नुपर्दछ । सुरुको शक्ति प्रदर्शनमा प्रचारात्मक महत्त्व ज्यादा हुनेछ । तसर्थ शक्ति प्रदर्शनमा हामी सम्पूर्ण शक्तिका साथ उपस्थित हुनुपर्नेछ । यसमा सानो पनि गल्ती र कमजोरी क्षम्य हुने छैन । सुरुमा हामीले बुटवल, विराटनगर, जनकपुर, नारायणगढ, काठमाडौं, पोखरा, नेपालगन्ज र महेन्द्रनगरमा प्रदर्शन गर्ने छौं । त्यसपछि सबै अञ्चल सदरमुकाममा प्रदर्शन गर्नेछौं । यसबीच जिल्ला सदरमुकाममा आफ्नो कामलाई अत्यन्त केन्द्रित रूपमा व्यवस्थित गर्नुपर्नेछ । हाम्रो आफ्नो छुट्टै कार्यक्रमलाई सात दलको कार्यक्रमसित तालमेल मिलाएर गर्नुपर्नेछ ।

आन्दोलनकारी जहाँ जानेछन्, आन्दोलन गरेर बाँच्ने छन् । शत्रु र त्यसको पङ्क्तिका अगाडि झुक्ने छैनन् । आन्दोलनकारीले कस्तै अवस्थामा पनि आत्मसमर्पण गर्ने छैनन् । आत्मसमर्पण गर्ने आन्दोलनकारी हुने छैनन् । यो आन्दोलन जनताको मुक्तिका निम्ति हो, जनतालाई मालिक बनाउनका निम्ति हो र सामन्तवादका सम्पूर्ण अवशेषहरूलाई चकनाचूर पारेर लोकतान्त्रिक गणतन्त्र स्थापना गर्ने वातावरणका निम्ति हो । आन्दोलनको विजय त्यही भएर अवश्यम्भावी छ, जनताको जित अवश्यम्भावी छ र २१ औं शताब्दीमा निरङ्कुश राजतन्त्रको पराजय निश्चित छ ।

**आन्दोलनका नाराका सम्बन्धमा**

आन्दोलनका नारा यसका लक्ष्य, उद्देश्य, नीति, विचार र कामकारबाहीका कलात्मक अभिव्यक्तिका स्वरूप हुन्छन् । नाराले आन्दोलनका सारलाई ग्रहण गरेका हुन्छन् । आन्दोलनको विकासका दौरान नाराहरूको स्वरूप पनि परिवर्तन हुँदै जान्छ । आन्दोलनको उद्देश्य र लक्ष्यलाई प्रचार गर्न, शत्रुको मनोबल गिराउन र आफ्नो पङ्क्तिको मनोबल उठाउन पनि नाराको प्रयोग हुन्छ । नाराहरूले आन्दोलनलाई सुसङ्गठित र अनुशासित बनाउन ठूलो मद्दत गर्दछन् । सुरुमा आन्दोलन उठाउन प्रयत्न गर्दा एक किसिमले नारा अगाडि सारिन्छ । आन्दोलन विकसित हुँदा अर्को किसिमले पनि नारा अगाडि सार्न सकिन्छ । तर, आन्दोलनको एउटा अवस्थामा अर्को अवस्थाको नाराले आन्दोलनलाई फाइदा होइन, नोक्सानी नै गर्दछ । यी सबै पक्षलाई ध्यान दिएर पार्टीले आन्दोलनको नारा तय गर्दछ ।

गत वैशाख २५ गते सात पार्टी एकताबाट जारी घोषणाले '**निरङ्कुशतन्त्रको अन्त्य गरौं, पूर्ण प्रजातन्त्रको स्थापना गरौं**' भन्ने मूल नारा अगाडि सार्‍यो । हाम्रो पार्टीको केकको आठौं बैठकले पनि यही नारालाई अगाडि सारेको थियो । सात पार्टीको घोषणाले यो मूल नाराका मातहत 'निरङ्कुशतन्त्रको अन्त्य गरौं, प्रतिनिधिसभाको पुनःस्थापना गरौं' भन्ने नाराका साथै 'प्रतिनिधिसभाको पुनःस्थापना गरौं, नयाँ संविधान निर्माणका लागि संविधानसभाको निर्वाचन गरौं' भन्ने नारालाई अगाडि

सार्‍यो । तर, सबै पार्टीका क्रान्तिकारी पङ्क्तिबाट सडकमा स्वतस्फूर्त रूपमा 'निरङ्कुश राजतन्त्रको अन्त्य गरौँ, लोकतान्त्रिक गणतन्त्र स्थापना गरौँ' भन्ने नारा सशक्त रूपमा प्रकट भयो । जनतासितको सम्झौतालाई लत्याउँदै बारबार असंवैधानिक र अप्रजातान्त्रिक बाटोमा हिँड्ने राजतन्त्रका विरुद्ध यस्तो नारा सडकमा आउनु स्वाभाविक थियो । अहिले हाम्रो पार्टीले यसलाई सकारात्मक र स्वाभाविक ठान्दै वर्तमान आन्दोलनको मार्गदिशाका रूपमा यसलाई ग्रहण गरेको छ । नेकपा (एमाले) अब लोकतान्त्रिक गणतन्त्रको बाटोमा दृढतापूर्वक अगाडि बढ्न चाहन्छ ।

पार्टीको नवौँ बैठकले **'निरङ्कुश राजतन्त्रको अन्त्य गरौँ, संविधानसभामार्फत पूर्ण प्रजातन्त्र स्थापना गरौँ'** भन्ने नारालाई वर्तमान आन्दोलनको मूल नाराका रूपमा अगाडि सारेको छ । अब हाम्रो पार्टी स्पष्ट र दृढतापूर्वक संविधानसभामार्फत नयाँ र अग्रगामी संविधान निर्माण गर्न चाहन्छ । पार्टी अब राजाबिनाको प्रजातन्त्रले मात्र पूर्णता प्राप्त गर्न सक्दछ भन्ने यथार्थलाई आत्मसात् गरेर अगाडि बढ्न चाहेको छ ।

कुनै पनि वस्तु, विचार, घटना र प्रवाहको पूर्णता भनेको परिस्थिति सापेक्ष अवस्थाको जानकारी मात्र हो । वास्तवमा निरन्तर परिवर्तन र विकासको अवस्थामा कुनै पनि कुराको पूर्णता हुनै सक्दैन । तर पनि पूर्णता शब्दको प्रयोग बारबार हुने गरेको छ, भई पनि रहनेछ । यसलाई निरपेक्ष रूपमा प्रस्तुत गर्न सकिन्न तर त्यसो भन्दै यसको विरुद्ध उत्रनु अग्रगमनको विरुद्ध आफूलाई खडा गर्नु हुन्छ । गतिशीलता नै अग्रगमन र प्रगतिको द्योतक हो । अब प्रजातन्त्र शासनको मात्र नाम रहेन, मानिसको जीवन पद्धति पनि बनिसकेको छ र भविष्यमा पनि बनिरहनेछ । यस अर्थमा शास्त्रीय परिभाषामा मात्र अल्झेर सही निष्कर्ष निकाल्न सम्भव छैन ।

आन्दोलनमा विभिन्न जनसमुदाय, वर्ग, पेसा, जाति, भाषा र संस्कृति तथा स्थानीय क्षेत्रको प्रतिनिधित्व हुने नारा पनि लगाउन सकिनेछ । तर, आन्दोलनमा लगाउनुभन्दा पहिले आफ्नो पार्टी नेतृत्व र सात दलभित्र पर्याप्त छलफल गरेर नाराका सम्बन्धमा कुनै निष्कर्षमा पुग्नुपर्दछ ।

**आन्दोलनका अन्य माग र नारा बारेमा**

आन्दोलनलाई अझै व्यापक दायरा र नयाँ उचाइमा लान व्यापक जनताका माग र भावनालाई समेत समेट्ने काम गर्नुपर्छ । यो संयुक्त आन्दोलनको क्रममा छुट्टाछुट्टै वर्ग, तह र तप्काका जनतालाई सडकमा उतार्न स्थानीय तात्कालिक वा पेसागत मागहरूलाई समेत उठाउनुपर्छ । धेरै भन्दा धेरै जनता सडकमा उत्रिऊन्, आ-आफ्नो हित र स्वार्थका निम्ति सामूहिक रूपमा संयुक्त रूपमा शासकहरूका विरुद्ध सङ्घर्षमा उत्रिऊन् भन्ने व्यापक दृष्टिकोण राख्नुपर्छ । यसले शासकहरू चारैतिर फस्ने छन् । सबैतिर अस्तव्यस्तता पैदा हुनेछ । शासकहरूलाई नयाँनयाँ अल्झो र समस्या हुनेछ । यसो गरिरहँदा हाम्रो सचेत प्रयास यस्ता पेसागत, वर्गीय र सामुदायिक मागहरूलाई क्रमशः केन्द्रीय र राजनीतिक मागहरूसित एकाकार गर्ने हुनुपर्छ । मुख्य कुरा जनतामा आफ्नो हक, अधिकारप्रति चेतना र जागरण पैदा गर्ने हो, शासकहरूप्रतिको भ्रम दूर गर्ने हो र तिनीहरूप्रति घृणा पैदा गर्ने हो । यसरी सम्पूर्ण जनसमुदायलाई निर्णायक लडाइँका निम्ति तयार गर्दै आफ्नो सम्पूर्ण शक्ति त्यतै लगाउने हो ।

**माओवादी युद्धविरामबारे**

माओवादीले भर्खरै युद्धविरामको घोषणा गरेको छ । यसलाई हामीले सकारात्मक रूपमा लिँदै स्वागत गरेका छौँ । यस घोषणाले राजालाई आफ्नो निरङ्कुश सत्तापलटको कारण पुष्टि गर्ने र आतङ्कवादलाई दबाउन सैनिक सहयोग माग गर्ने आधारलाई भत्काउने भूमिका नै खेल्नेछ । साथै, हामी राजनीतिक पार्टीहरूलाई गाउँगाउँमा जनताको बीचमा जान, पार्टीको प्रचार-सङ्गठन र आन्दोलनको काममा जनतालाई परिचालित गर्न अवसर मिलेको छ । यसलाई अधिकतम् रूपमा उपयोग गर्न सबै तहको सङ्गठनले लाग्नु आवश्यक छ । माओवादी पक्षबाट केन्द्रमा भएको सहमतिबाहेक कुनै किसिमबाट प्रस्ताव राखेमा त्यसबारे पार्टीगत निर्णय गर्न आ-आफ्नो तहको र माथिल्लो स्तरको कमिटीको निर्णयबिना कुनै प्रस्ताव स्वीकार गर्ने काम गरिनुहुन्न । माओवादी सशस्त्र सङ्घर्षमा जुटिरहेको दल भएकाले त्यससित तत्काल सहकार्य सम्भव छैन । त्यसो हुनाले कुनै पनि किसिमको सङ्गठन वा मोर्चामा आबद्ध हुने काम गरिनुहुन्न । त्यसलाई प्रस्ट रूपमा अस्वीकार गर्नुपर्छ । माओवादीले कुनै पनि किसिमले दुःख दिने, सताउने, आतङ्कित गर्ने काम गरेमा त्यसको सूचना तत्काल केन्द्रमा गर्नुहुनेछ ।

**सूचना र सञ्चारका सम्बन्धमा**

आन्दोलनमा सूचना, सञ्चार र प्रचारको ज्यादै ठूलो महत्त्व रहन्छ । त्यसमा पनि निरङ्कुश राजतन्त्रका विरुद्ध निर्णायक सङ्घर्षमा सामेल भएका बखत सम्पूर्ण सरकारी प्रचारका साधनहरू आन्दोलन, जनता र प्रजातन्त्रका विरुद्ध प्रयोग भइरहने छन् । यी सबै दुष्कर्महरूलाई चिर्दै आन्दोलन सङ्गठित गरी प्रहार केन्द्रित गर्न सूचना र सञ्चारको अति नै महत्त्वपूर्ण भूमिका निर्विवाद रहेको छ । पार्टीको एउटा ठूलो पङ्क्ति यसलाई व्यवस्थित गर्न समर्पित भएर लाग्नुपर्दछ । प्रचारले दुईवटा भूमिकामा ध्यान केन्द्रित गर्नुपर्नेछ । एउटा, शत्रुका भ्रमहरूलाई चिरेर चकनाचूर पार्न र अर्को आफ्ना मूल्य, मान्यता र न्यायोचित सम्बन्धहरूलाई स्थापना गर्न । अहिले प्रजातन्त्रको लडाइँमा सूचना र सञ्चारकर्मीहरू आफैँ आन्दोलित भइरहेको वर्तमान अवस्थामा प्रचार अभियान सङ्गठित गर्न धेरै अनुकूलता पनि प्राप्त छन् । आन्दोलनका सम्पूर्ण नाराहरू प्रचार अभियानका मूल मन्त्र बन्नुपर्दछ । त्यसैअनुरूप यिनलाई स्थापित गर्न समर्पित हुनुपर्दछ ।

**विदेश मामिलाका सम्बन्धमा**

राजाको निरङ्कुशतन्त्रको विरोध गर्दै नेपाली जनताको लोकतान्त्रिक आन्दोलनको समर्थन गर्ने अन्तर्राष्ट्रिय समुदाय पहिलेभन्दा धेरै अगाडि आएका छन् । हामीले उनीहरूप्रति आभार प्रकट गर्नुपर्दछ र धन्यवाद दिनुपर्दछ । राजाको जनविरोधी निरङ्कुश कदमले उनी जहाँ गएका छन्, त्यहीँ नाङ्गिएका छन् । तर, अझै पनि उनले कतिपय ठाउँमा भ्रम सिर्जना गर्ने कोसिस गरेका छन्, पराजित नहुँदासम्म गरी नै रहनेछन् । राज्यसत्ता राजाको हातमा रहँदासम्म एक हदसम्म भ्रम छर्न पनि सक्नेछन् । यो समग्र स्थितिलाई मध्यनजर गरेर पार्टीले सात पार्टी वा आफ्नैतर्फबाट अन्तर्राष्ट्रिय क्षेत्रमा, विभिन्न मुलुकका जनता, राजनीतिक पार्टी, सरकार र अन्तर्राष्ट्रिय संस्थाहरू संयुक्त राष्ट्रसङ्घ, मानवअधिकार निकायहरू सबैमा निरङ्कुश

राजतन्त्रको भण्डाफोर गरेर भ्रम निवारण गर्ने अनेकपटक प्रयत्न गरिरहनुपर्नेछ । प्रयत्न नगरी फल प्राप्त हुन सक्दैन र बारबार प्रयत्न नगरे बारबार फल प्राप्त हुँदैन । वैदेशिक सम्बन्ध अरू बढी सुदृढ गर्न देशभित्र र बाहिरबाट समेत उच्च महत्त्वका साथ ध्यान केन्द्रित गरेर स्पष्ट योजनाका साथ काममा लाग्नुपर्दछ ।

अन्तमा, यो परिपत्र आन्दोलनको आधारपत्र समेत हो। यसलाई पालन गर्ने कर्तव्य नेकपा (एमाले) का सबै कमरेडहरूको हो । अहिले हामी सात पार्टी एकतामा छौँ । यसलाई हामीले कुनै हालतमा कमजोर गराउन हुन्न । तर, सात पार्टीभित्र पनि हामीले यसअनुरूप भूमिका खेल्न प्रयत्न गर्नुपर्दछ । सात पार्टी आन्दोलनका कार्यक्रमहरूलाई हामीले उच्च महत्त्वका साथ सम्पन्न गर्दै पार्टीका अरू स्वतन्त्र कार्यक्रम दिन सक्नेछौँ । हामीले दिने स्वतन्त्र कार्यक्रमले सात पार्टीको आन्दोलनलाई नै सहयोग पुग्नु पर्नेछ । हामी अब एउटा ठूलो महायज्ञमा सामेल भएका छौँ । नेपाली जनताको स्वतन्त्रता र लोकतन्त्रको यो महायज्ञ हो । यसलाई हामीले जसरी पनि सम्पन्न गर्नुपर्दछ । नेकपा (एमाले) का प्रत्येक सदस्यले सङ्कल्प नगरी यो आन्दोलन सफल हुन सक्दैन र हामी सक्रिय नबनी आन्दोलनमा गति पनि आउन सक्दैन । त्यसो भएर सम्पूर्ण रूपले आन्दोलनमा लागौँ- तन, मन र कर्मले आन्दोलनमा लागौँ ।

*(केन्द्रीय जनआन्दोलन परिचालन कमिटीका संयोजक माधवकुमार नेपालद्वारा पार्टी सदस्यका लागि जारी परिपत्र)*

# निषेधाज्ञा उल्लङ्घन गर्दै प्रदर्शन

**काठमाडौँ ।** राजाको सरकारले लगाएको कथित निषेधाज्ञा नेकपा (एमाले) सहित सात दलले गत भदौ १९ देखि लगातार उल्लङ्घन गरेका छन् । सैनिक बलका भरमा टिकेको शाही सरकारले निर्लज्जतापूर्वक विषालु अश्रुग्यास र बल प्रयोग गरी हजारभन्दा बढी नेता-कार्यकर्तालाई गिरफ्तार गरेको छ भने सयौँलाई घाइते बनाएको छ । रत्नपार्कवरपर प्रदर्शन केन्द्रित गर्दै दलहरूले शाही सरकारको निदहराम गरेका छन् ।

निषेधाज्ञा तोड्ने जुलुसको नेतृत्व पार्टीका महासचिव माधवकुमार नेपाललगायत सात दलका शीर्षस्थ नेताहरूले गर्नुभएको थियो । उहाँलाई पक्राउ गर्ने प्रहरीको प्रयास पार्टी कार्यकर्ता र जनसमुदायले प्रतिकार गरी असफल पारेका थिए भने काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालासहितका नेताहरूलाई प्रहरीले गिरफ्तार गरेको थियो। केन्द्रीय जनआन्दोलन परिचालन कमिटीका अनुसार पक्राउ हुने पार्टीका नेता, कार्यकर्ताको विवरण निम्नानुसार छ :

**भदौ १९ गते :** स्थायी कमिटी सदस्यहरू वामदेव गौतम, झलनाथ खनाल, केशव वडाल र विष्णु पौडेल, पूर्वसांसद चन्द्रबहादुर शाही, गणेश पोखरेल ।

**भदौ २० गते :** स्थायी कमिटी सदस्यहरू भरतमोहन अधिकारी, अमृतकुमार बोहरा र मुकुन्द न्यौपाने, केन्द्रीय कमिटी सदस्यहरू सिद्धिलाल सिंह, राजेन्द्र पाण्डे, वैकल्पिक सदस्य पशुपति चौलागाईं र गोकर्ण विष्ट, प्ररायुसङ्घका उपाध्यक्ष शेरबहादुर तामाङ ।

**भदौ २१ गते :** स्थायी कमिटी सदस्य केपी ओली र केशव बडाल, भेरी अञ्चल सदस्य अम्मरबहादुर थापा, कञ्चनपुरका सचिव राजेन्द्रसिंह रावल, काठमाडौँका सचिव रामेश्वर फुँयाल, चन्द्र सुवेदी, रामचन्द्र नेपाल, सुमन श्रेष्ठ, गोपाल सुवेदी ।

**भदौ २२ गते :** स्थायी कमिटी सदस्य ईश्वर पोखरेल र युवराज ज्ञवाली, केन्द्रीय सदस्यहरू सिद्धिलाल सिंह, रघु पन्त र रघुवीर महासेठ, अनुशासन निरीक्षण कमिटीका सभापति वेदुराम भुसाल, सचिव गङ्गालाल तुलाधर, सदस्य माधव पौडेल, भेरी अञ्चल सदस्य अम्मरबहादुर थापा, रूपनारायण श्रेष्ठ, गणेश पोखरेल, चन्द्र सुवेदी ।

**भदौ २३ गते :** स्थायी कमिटी सदस्य वामदेव गौतम, केन्द्रीय सदस्यहरू विद्या भण्डारी, रघुवीर महासेठ, शान्ता मानवीका साथै जागृतप्रसाद भेटवाल, रामेश्वर फुँयाल, लीला अधिकारी, रत्ना गुरुङ, इन्दिरा श्रेष्ठ र उर्मिला भट्टराई ।

भदौ २४ गते : केन्द्रीय सदस्य विद्या भण्डारीका साथै गोमा देवकोटा, सीता पौडेल, सुशीला नेपाल, पवित्रा पौडेल, यशोदा अधिकारी, शिवमाया खनाल, विजयलक्ष्मी शाही, थममाया थापा, छत्रमाया रुक्मिणी पाण्डे, ठूलीकान्छी न्यौपाने र गणेश पोखेल ।

लोकतान्त्रिक स्रष्टाहरूको प्रदर्शनबाट गिरफ्तार : वैरागी काइँला, तुलसी भट्टराई, आनन्ददेव भट्ट, निनु चापागाईं, मोदनाथ प्रश्रित, प्रदीप ज्ञवाली, आहुति, हरिगोविन्द लुइँटेल, रमेश भट्टराई, डा. जगदीशचन्द्र भण्डारी, विष्णुविभु घिमिरे, रामप्रसाद ज्ञवाली, डा. खुमनारायण पौडेल, अमर गिरी, नन्दकृष्ण जोशी, रमेशजङ्ग सिजापति, विष्णुभक्त फुँयाल, विष्णु भण्डारी, मनोज न्यौपाने, धनकुमारी सुनार, राजन काफ्ले, केशव नेपाल, चेतनाथ धमला, बलदेव मजगैयाँ, शक्ति लम्साल, नवीन चित्रकार, मधुसूदन पाठक, निलहरि काफ्ले, निरज साङपाङ, यादव देवकोटा, राजन मुकारुङ, भोयेन्द्र लिङ्देन, दयाहाङ राईलगायत ।

प्रहरीले प्रदर्शनमा अन्धाधुन्ध लाठीचार्ज गर्नुका साथै विषालु अश्रुग्यासको प्रयोग अत्यधिक मात्रामा गरिरहेको छ । प्रहरीको निर्घात पिटाइबाट एमाले वैकल्पिक केन्द्रीय सदस्य डिल्लीबहादुर महत गम्भीर घाइते हुनुभएको छ। उहाँको अवस्था चिन्ताजनक छ । केन्द्रीय सदस्य कृष्णगोपाल श्रेष्ठ, केन्द्रीय अनुशासन निरीक्षण कमिटीका सदस्य माधव पौडेल, रूपनारायण श्रेष्ठ, प्ररायुसङ्घका महासचिव रवीन्द्र अधिकारी, उपाध्यक्ष शेरबहादुर तामाङ, प्रदीप कटुवाल, निरज आचार्य, पार्टीका काठमाडौँ सचिव रामेश्वर फुँयाल, पीताम्बर तिम्सिना, राजन राईलगायत घाइते हुनुभएको छ । गिरफ्तार गर्ने क्रममा केन्द्रीय सदस्य

शान्ता मानवीमाथि प्रहरीले अभद्र व्यवहार गर्नुका सार्थ लछारपछार गरेको थियो भने अखिलका कार्यकर्ता राजकुमार राईलाई रक्ताम्य बनाएर कुटेको थियो ।

सरकारी दमनको मानवअधिकारवादी संस्थाहरूले घोर भर्त्सना गरेका छन् । जनस्वास्थ्यमा प्रत्यक्ष र गम्भीर असर पार्ने विषालु अश्रुग्यासको प्रयोगप्रति आपत्ति प्रकट गर्दै उनीहरूले त्यस्तो अमानवीय कार्य अविलम्ब रोक्न शाही सरकारको ध्यानाकर्षण गराएका छन् । राष्ट्रिय मानवअधिकार आयोगले विज्ञप्ति प्रकाशित गरी विषालु अश्रुग्यास प्रयोग नगर्न शाही सरकारलाई भनेको छ । एमाले, काङ्ग्रेसलगायतका सातै दलले शाही दमनको निन्दा गर्दै आन्दोलनलाई अझै तेज पार्ने जनाएका छन् । घाइतेको उपचारको माग गर्दै उनीहरूले प्रतिबन्धित विषालु ग्यासको प्रयोग रोक्न र राजनीतिक रूपले प्रदर्शनको सामना गर्न शाही सरकारलाई चुनौती दिएका छन् ।

यसैबीच शाही सरकारले आन्दोलनमाथि गरेको अमानवीय दमनका विरुद्ध विद्यार्थीहरुले राजधानीका मुख्य क्याम्पसहरुमा लगातार प्रदर्शन गरेका छन् । आर.आर., शंकरदेव, अस्कललगायतका क्याम्पसमा प्रहरी प्रवेश गरी विद्यार्थीलाई धरपकड गरेको छ । वाग्लुङको महेन्द्र बहुमुखी क्याम्पसका स्ववियु सभापति गोविन्द नेपालीमाथि सरकारले राजद्रोहको मुद्दा चलाएको छ ।

# काङ्ग्रेस महाधिवेशनले दिएको सङ्केत

## रवीन्द्र अधिकारी

**भ**खरै ०६२ भदौ १४-१७ गते काठमाडौँमा मुलुकको पुरानो राजनीतिक पार्टी नेपाली काङ्ग्रेसको ११ औं महाधिवेशन केही नीतिगत परिवर्तन गरी ८३ वर्षका वृद्ध गिरिजाप्रसादलाई तेस्रोपटक काङ्ग्रेसको सम्पूर्ण जिम्मा लगाएर सम्पन्न भएको छ । समयले नेपाली काङ्ग्रेसलाई यसरी च्याप्यो, विगत ६० वर्षदेखि संवैधानिक राजतन्त्रलाई आफ्नो सिद्धान्त बनाउँदै आएको नेपाली काङ्ग्रेसले अबउप्रान्त राजतन्त्रका विषयमा निरपेक्ष रहने नीति लिएर आमनागरिक मतलाई सम्बोधन मात्र गरेको छैन, पार्टीलाई नयाँ दिशामा अग्रसर बनाउन सक्ने बाटो पनि खोलेको छ । मूलतः यथास्थितिमै रहेर पनि महाधिवेशनले जसरी जनस्तरमा ध्यानाकर्षण गर्न सक्यो, त्यो नै नेपाली काङ्ग्रेसका लागि ऐतिहासिक बनेको छ ।

**परिमार्जित नीति, पुरानै नेतृत्व**

साता दिनअगाडिसम्म पनि संवैधानिक राजतन्त्रको पक्षमा अडान राख्ने गिरिजाप्रसाद अन्ततः नरहरि आचार्यहरूकै विचारमा आइपुग्नुपऱ्यो । जसका कारण नीति त परिमार्जन भयो तर नेतृत्व पुरानै रह्यो किनभने नरहरि आचार्यसँग रहेको मुद्दा गिरिजाप्रसादले खोसे, त्यसको नेता स्वयम् आफैँ हुन पुगे । यस्तो अवस्थामा नरहरि आचार्य पराजित हुनु अस्वाभाविक थिएन । यसरी नीतिमा परिमार्जन भएर पनि नेतृत्वमा पुरानै अनुहार दोहोरियो । एकातिर आशा, अर्कोतिर निराशा ।

**नीतिगत परिवर्तन**

काङ्ग्रेसले ठूलै नीतिगत परिवर्तन गरेको भनेर व्यापक गरिएको भए पनि जम्माजम्मी पारित विधानको उद्देश्यमा 'संवैधानिक राजतन्त्रको माध्यमबाट' भन्ने वाक्यांश हटाएर 'जनताको सर्वोच्चता, राज्यको पुनःसंरचना गरी समावेशी प्रजातन्त्रको अवधारणा कार्यान्वयन गर्ने' भनिएको छ । त्यस्तै 'संवैधानिक राजतन्त्र प्रत्याभूत गर्न सफल भएको किर्तिमानप्रति गर्व गर्दै' भन्ने ठाउँमा 'स्मरण गर्दै' भनिएको छ । अर्थात्, अबउप्रान्त संवैधानिक राजतन्त्र काङ्ग्रेसको आदर्श होइन । निश्चितै रूपमा काङ्ग्रेसको यो निर्णयले चालू जनआन्दोलनलाई थप एकीकृत गर्न बल पुग्नेछ । नेकपा (एमाले) ले काङ्ग्रेसको महाधिवेशनको केही दिनअगाडि संविधानसभाको माध्यमबाट पूर्ण प्रजातन्त्रको स्थापना गर्दै लोकतान्त्रिक गणतन्त्रको दिशामा अगाडि बढ्ने जुन फैसला गरेको थियो, यदि नेपाली काङ्ग्रेसले उसको नीति परिमार्जन नगरी संवैधानिक राजतन्त्रलाई नै आदर्श बनाएको भए जनआन्दोलनकारी शक्तिहरूको बीचको एकता टुट्न पनि सक्थ्यो, अर्थात् बलियो हुने थिएन । काङ्ग्रेसको यो निर्णयपछि नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक) ले पनि त्यस दिशामा निर्णय गर्नेछ भन्ने विश्वास गर्न सकिन्छ । यसरी नेपालको राजनीतिमा क्रियाशील मूल राजनीतिक पार्टीहरू कसैले पनि संवैधानिक राजतन्त्रलाई आफ्नो आदर्श बनाउँदैन भन्नुको अर्थ नेपालमा राजतन्त्रको भविष्य डुब्न लागेको घामजत्तिकै छ भन्ने बुझ्नुपर्छ । किनभने, बद्री मण्डल, राजेश्वर देवकोटा र भखैरै उम्रेका पार्टीले राजालाई धान्न सक्दैनन् भन्ने कुरा जो कसैले पनि अनुमान गर्न सक्ने विषय हो ।

**वंशको राजनीतिक प्रभाव**

नेपाली काङ्ग्रेस अझैसम्म पनि सामन्ती संस्कारबाट मुक्त छैन भन्ने कुरा यो महाधिवेशनबाट निर्माण भएको नेतृत्व हेर्दा पनि थाहा हुन्छ । काङ्ग्रेसमा अहिलेसम्म पनि वंश राजनीतिको प्रभाव यति धेरै छ कि दशकौं राजनीतिमा लागेका काङ्ग्रेसीहरूलाई भर्खर मात्र राजनीतिमा प्रवेश गरेको कोइराला परिवारको एउटा सदस्यले सजिलैसँग पछारी दिन सक्दछ । सुजाता र संशाकको प्रवेशलाई यस रूपमा नै बुझ्नुपर्छ । काङ्ग्रेसको महाधिवेशनमा भ्रष्ट हराउ अभियान चले पनि सुजाता विजयी बनिन् । त्यो पनि धेरै मत प्राप्त गरेर । किनभने, भ्रष्टाचारलाई वंश राजनीतिक परिवारले जित्यो कि सुजाता गिरिजाप्रसादकी एक मात्र पुत्री हुन् । कोइराला परिवार मात्र किन ? गणेशमानका छोरा प्रकाशमान र महेन्द्रनारायण निधिका छोरा विमलेन्द्र पनि परिवारको कारणले दसौं महाधिवेशनमा विजयी बनेका हुन् भन्नेहरूको सङ्ख्या पनि छ तर सुजाता र संशाकको तुलना प्रकाशमान र विमलेन्द्रसँग हुनै सक्दैनन् । कहाँको निरन्तर सङ्घर्षरत, कहाँको नयाँ आगन्तुक । भोलि यिनैको

हातमा काङ्ग्रेसको सम्पूर्ण वागडोर गएछ भने पनि अनौठो हुने छैन तर नेपाली काङ्ग्रेसले आफूलाई लोकतान्त्रिक मान्यताका आधारमा उभ्याउन सकेन र वंश राजनीतिक प्रभावले काङ्ग्रेसलाई गाँज्यो भने काङ्ग्रेस पनि एउटा सामन्ती संस्थाका रूपमा थन्किएर बस्नुपर्ने छ । अब काङ्ग्रेसका लागि पार्टीलाई वंश राजनीतिक प्रभावबाट मुक्त स्वतन्त्र लोकतान्त्रिक पार्टीको रूपमा उभ्याउने चुनौती छ । कोइराला परिवार नै प्रजातन्त्रको मसिहा हो भन्ने कुरा पनि बीपीका जेष्ठ पुत्र प्रकाशको दरबार पलायनले झूठ सावित गरिसकेको छ ।

**सजिला छैनन् आउने दिन**

भनिन्छ, कोइरालाले अनपेक्षित विजय प्राप्त गर्नुभएको छ । तर पार्टी विभाजनपछि भएको कोइरालाको एकलौटी काङ्ग्रेसमा उनले जुन विजय प्राप्त गरेका छन्, त्यो अस्वाभाविक छैन किनभने कोइरालाविरोधी ठूलो समूह बाहिर छ । तर पनि यो महाधिवेशनले कोइरालालाई ठूलठूला चुनौतीका बीचमा उभ्याइदिएको छ । उहाँले परिवारवाद रोज्ने कि काङ्ग्रेसको एकता ? अब कोइरालामाथि पर्ने ठूलो दबाब हो एकताको । परिवारवादबाट मुक्त नभई एकता सम्भव छैन । परिवारवाद छाड्दा काङ्ग्रेसको भावि नेतृत्व कोइराला परिवारबाट बाहिर जान सक्ने परिस्थितिको जानकार पनि उहाँ हुनुहुन्छ । यसपटक उहाँले दुईपटक भन्दा बढी सभापतिमा उमेदवार हुन नपाइने भनी पोखरा महाधिवेशनले पारित विधान उल्लङ्घन गर्नुभएको छ । त्यसले गर्दा विधि र नियमहरू देखावटी बनिरहेको परिप्रेक्ष्यमा काङ्ग्रेस पार्टीलाई गिरिजाप्रसादले लोकतान्त्रीकरणको प्रक्रियामा लैजान सजिलो छैन तर उहाँको शेषपछि काङ्ग्रेस पद्दतिसङ्गत चलेन भने काङ्ग्रेस नै रहँदैन । अहिले धेरै कमी-कमजोरीका वावजुद गिरिजाप्रसादको जुन उचाइ छ, उहाँ पछि आउने पुड्केहरूले आफ्नो व्यक्ति प्रभावमा गिरिजाप्रसादले जस्तै पार्टी सञ्चालन कल्पना बाहिरको कुरा हो ।

गिरिजाप्रसादका सबैभन्दा अगाडि त आन्दोलन छ । उहाँले पार्टीको नीति परिमार्जन दबाबमा परेर गर्नुभएको हो वा साँच्चै त्यो हेर्न धेरै दिन कुर्नुपर्ने छैन । चुनाव जित्नकै लागि मात्र त्यस्तो गर्नुभएको हो ? उहाँले महाधिवेशनको निर्णयअनुसार काङ्ग्रेसलाई अगाडि लैजानु हुन्छ कि हुँदैन ? यस्ता आशङ्कालाई मेटाएर आन्दोलनलाई सफल पार्नु त्यति सजिलो छैन । उहाँ जीवनको उत्तरार्द्धमा अग्निपरीक्षामा होमिनुभएको छ ।

**बहसभन्दा चुनावमा चासो**

काङ्ग्रेस नेपालको राजनीतिमा कम मात्र राजनीतिक बहसमा उत्रने पार्टी हो । ०५९ असोज १८ र ०६१ माघ १९ का राजाका निरङ्कुश घोषणाले काङ्ग्रेसलाई पनि जबर्जस्त बहसमा ल्याइदिएको हो । त्यति भएर पनि यो महाधिवेशनमा काङ्ग्रेसले अपेक्षा गरेअनुसारको वैचारिक बहस गरेन । दुई दिन छुट्याइएको राजनीतिक मुद्दाको बहसशत्र एक दिनमै टुङ्गियो । जम्मा ३३ जनाले बोले र त्यसमा पनि राजनीतिक मुद्दामा कमैले बोले । कसैले पनि धक फुकाएर बोल्ने परिस्थिति नै सिर्जना भएन भन्छन् स्वयम् काङ्ग्रेस कार्यकर्ताहरू । बहस र छलफलका आधारमा आफ्ना विचारको प्रभाव छाड्ने नरहरि आचार्यहरू पनि निराश भएको स्पष्ट देखिएको छ । बहसमा कम ध्यान दिए पनि चुनावमा भने काफी रौनक देखियो । गिरिजाप्रसादले १२१५ मत ल्याउनुभयो भने नरहरिले अपेक्षाकृत कम १६५ मत । काङ्ग्रेसले गणतन्त्रको मुद्दा बोक्नुपर्छ तर त्यो अरू कसैले होइन, गिरिजाप्रसादले नै बोक्नुपर्छ भन्ने सङ्केत देखाउँछ चुनावले । नत्र भने परिणाम अलिक फरक हुनुपर्दथ्यो । सबैभन्दा दुर्भाग्य, काङ्ग्रेसलाई गणतन्त्रको एजेन्डामा प्रवेश गराउने युवाहरूको खास प्रतिनिधित्व हुन सकेन । यद्यपि, युवामतसँग सहमत महेश आचार्य, रामचन्द्र पौडेल, भीमबहादुर तामाङहरू भने विजयी भएका छन् । काङ्ग्रेसको दसौं महाधिवेशनमा सबै भन्दा बढी मत प्राप्त गर्ने रामचन्द्र पौडेलले यसपटक दोस्रो मत पाएका छन् भने काङ्ग्रेसमा अलोकप्रिय मानिएका शुसील कोइरालाले सबैभन्दा वढी मत प्राप्त गरेर भावी नेतृत्व रामचन्द्र पौडेललाई होइन, सुशीललाई भन्नका लागि निर्वाचनले सजिलो बनाइदिएको छ । भलै यस्तो परिणामका लागि तिकडम नै किन नगरिएको होस् । विगत महाधिवेशनमा दोस्रो धेरै मत प्राप्त गरेकी काङ्ग्रेसकी नेतृ शैलजा आचार्यलाई कम भोट दिएर महाधिवेशनले न न्याय गर्‍यो, न त अन्याय नै । बीपीको राष्ट्रिय मेलमिलापको रट लगाएर परिवर्तित परिस्थितिलाई बुझ्न नसक्ने शैलजालाई महाधिवेशनले दिएको शिक्षा हो तर यसलाई उनले सकारात्मक रूपमा बुझिनन् र राजीनामा दिइन् । राजीनामाको कारण जेसुकै भने पनि सुजाताको भन्दा पनि उनको भोट कम आउनु हो । काङ्ग्रेसमा सामन्यतया पुरानै नेतृत्व निर्वाचित भएको छ । महिलाहरूको प्रतिनीधि मीना पाण्डे, दलितको प्रतिनिधिका रूपमा मानबहादुर विक आउनुमा गिरिजाप्रसादको चाहनाभन्दा पनि सबै क्षेत्रको प्रतिनिधित्व हुनुपर्छ भन्ने देशव्यापी माहोलले काम गरेको छ । जुन सकारात्मक छ । त्यसमा भ्रष्ट भनिएका गोविन्दराजलाई पराजित गरी विश्वकर्मा निर्वाचित हुनु समयको आवाज भनेर सन्तोष लिने ठाउँ भने रहृयो । नत्र बाँकी सबै 'मच्चियो, मच्चियो- थच्चियो' भएको छ । नयाँ बोतलमा पुरानै रक्सी ।

**काङ्ग्रेसको भविष्य**

नेपाली काङ्ग्रेस भर्खर सामन्तवादी धङधडीबाट ब्यूँझेको छ । काङ्ग्रेसले आफूलाई जतिसुकै समाजवादी भने पनि नवउदारवादको चौघेरोबाट बाहिर ल्याउन सकेको छैन । विगतमा सरकारमा रहँदा अन्तर्राष्ट्रिय वित्तीय संस्थाका डरले समाजवाद भन्न पनि डराएको थियो । मुलुकको अग्रगामी परिवर्तनको खाकाका बारेमा कुरा पनि गर्न चाहँदैनथ्यो । तर, समयले काङ्ग्रेसलाई यति सिस्नोपानी लगाइदियो कि ऊ बल्ल ब्यूँझेको छ । काङ्ग्रेसलाई घोर निद्राबाट ब्यूँझाउन काङ्ग्रेसका युवा-विद्यार्थीहरूको पनि ठूलो भूमिका छ । यस अर्थमा चुनाव गिरिजाप्रसादले जिते पनि वास्तविक विजय नयाँ विचारका पक्षधरहरूको भएको छ । नेपाली काङ्ग्रेसको यो महाधिवेशन यस अर्थमा पनि सकारात्मक भएको छ कि उसले आफूलाई परम्परागत शक्तिभन्दा पनि वर्तमानको चुनौती सामना गर्ने शक्तिको रूपमा उभ्याउन खोजेको छ । राष्ट्रिय मेलमिलापको

घनघोर मोहलाई मात्र छाडेको छैन, संविधानसभालाई नै राष्ट्रिय मेलमिलापको वर्तमान विषय बनाएर नेपाली काङ्ग्रेसले आफूलाई ००७ सालकै इतिहाससँग जोडेको छ र संविधानसभाको वैधानिक उत्तराधिकारी दाबी गरेको छ । घोषित नीतिहरूमा काङ्ग्रेस कति इमानदार हुन्छ, समयले परीक्षा लिइरहेको छ । अब महाधिवेशनले अगाडि सारेको नीतिअनुसार काङ्ग्रेस अगाडि बढ्छ कि बढ्दैन ? आमचासोको विषय बनेको छ । काङ्ग्रेसमा प्रवेश गरेका नयाँ विषयहरूलाई सम्बोधन गरेर अगाडि बढ्नु नै काङ्ग्रेसका लागि प्रमुख चुनौती हो । काङ्ग्रेसले आफूलाई उपरोक्त चुनौतीहरूको सामना गर्नका लागि कुनै पनि जोखिम उठाउन तत्पर भएन भने कागजमा लेखिएका नीतिहरू आफैँले केही पनि गर्न सक्दैनन् । त्यसकारण सामन्तवादसँगको सम्झौताहीन संयुक्त जनआन्दोलनबाट मात्र पूर्ण प्रजातन्त्र स्थापना हुन्छ । पूर्ण प्रजातन्त्रको सबै ठाउँ र समयमा सापेक्षित परिभाषा हुन्छ । हाम्रो परिपेक्ष्यमा पूर्ण प्रजातन्त्रको अर्थ हो, जनताको सर्वोच्चता कायम भएको प्रणाली, जहाँ सामन्तवादको कुनै पनि अवशेष रहन सक्ने छैन । यस दिशामा काङ्ग्रेस कसरी अगाडि बढ्छ, त्यसबाट नै उसको भविष्य निर्धारण हुनेछ ।

## विधानको धारा २ मा भएको परिवर्तन

**महाधिवेशनअगाडि**

*उद्देश्य*

'राष्ट्रियता, प्रजातन्त्र, समाजवादको आदर्श एवम् सिद्धान्तअनुरूप संवैधानिक राजतन्त्र, बहुदलीय व्यवस्था तथा संसदीय शासन प्रणालीको माध्यमबाट नेपालमा न्यायपूर्ण र गतिशील समाजको निर्माण गरी सामाजिक, राजनीतिक तथा आर्थिक विकास गर्नु नेपाली काङ्ग्रेसको उद्देश्य हुनेछ ।'

*प्रस्तावना*

'२०४६ सालको जनआन्दोलनबाट संवैधानिक राजतन्त्रलाई प्रत्याभूत गर्न सफल भएको किर्तिमानप्रति गर्व गर्दै ....'

**महाधिवेशनपछाडि**

*उद्देश्य*

'राष्ट्रियता, प्रजातन्त्र समाजवादको आदर्श एवम् सिद्धान्तअनुरूप बहुदलीय व्यवस्था तथा संसदीय शासन प्रणालीको माध्यमबाट सार्वभौम जनताको सर्वोच्चता स्थापित गर्दै राज्यको पुनःसंरचना गरी समावेशी प्रजातन्त्रको अवधारणालाई कार्यान्वयन गर्दै नेपालमा न्यायपूर्ण र गतिशील समाजको निर्माण गरी सामाजिक, राजनीतिक तथा आर्थिक विकास गर्नु नेपाली काङ्ग्रेसको उद्देश्य हुनेछ ।'

*प्रस्तावना*

'०४६ सालको जनआन्दोलनबाट संवैधानिक राजतन्त्रलाई प्रत्याभूत गर्न सफल भएको कीर्तिमानप्रति स्मरण गर्दै...'

# प्रजातान्त्रिक समाजवादको चर्चा

## डा. विजयकुमार पौडेल

**प्रजातान्त्रिक समाजवादः भ्रम र यथार्थ**

सोभियत रुसको समाजवादी व्यवस्थामा प्रतिक्रान्ति भएपछि समाजवाद निर्माणको मार्क्सवादी-लेनिनवादी बाटो असफल भएको तर्क 'प्रजातान्त्रिक समाजवादीहरू' ले दिने गरेका छन् । एउटा प्रयोगले विभिन्न घुम्तीहरूबाट गुज्रिँदा कालान्तरमा (७० वर्षपछि) प्रतिक्रान्तिलाई रोक्न सकेन भन्ने कुरा यथार्थ हो तर मार्क्सवादी-लेनिनवादी बाटोबाट समाजवादी व्यवस्थाको निर्माणको प्रयास थुप्रै राष्ट्रहरूमा भयो भन्ने कुरा पनि त्यतिकै यथार्थ हो । वर्ग-समन्वयवादी 'समाजवाद' वा प्रजातान्त्रिक समाजवादको बाटोबाट कुन देशमा समाजवाद आयो त ? यसको उत्तर दिनेहरूले नर्डिक देशहरू (नर्वे, फिनल्यान्ड, स्वीजरल्यान्ड र डेनमार्क) को गणना गर्न थाल्छन् । सोभियत सङ्घमा भएको प्रतिगमनपछि पुँजीवादी राष्ट्रहरूमा जनतालाई उपलब्ध गराइएको सामाजिक सुरक्षाको सुविधाबाट वञ्चित गराउने अभियान सुरु भएको छ । बहुराष्ट्रिय कम्पनीहरूको दबाब र विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्राकोष एवम् विश्व व्यापार सङ्गठनको योजनाअनुसार विस्तारित गरिएको साम्राज्यवादी निजीकरण र भूमण्डलीकरणको दबाबले नर्डिक राष्ट्रहरूको आर्थिक नीतिमा पनि पुँजीवादी 'सुधार' गरिँदैछ । मार्क्सवादी-लेनिनवादी समाजवादी आन्दोलन (कम्युनिस्ट समाजवादी आन्दोलन) को दबदबा भएका बेलामा कम्युनिस्ट आन्दोलनको प्रसार रोक्नका लागि पुँजीवादी सरकारहरूले पनि सार्वजनिक क्षेत्रको लगानीमार्फत आमजनताको जीवनस्तर सुधार्ने प्रयास गर्न बाध्य भएका थिए । प्रतिद्वन्द्वी समाजवादी अर्थतन्त्र साँघुरिएको वा कमजोर भएको अवस्था देखापर्ने बित्तिकै पुँजीवाद अझ आक्रामक भएर किन आयो ? साम्राज्यवाद नयाँ रूपमा दोस्रो विश्वयुद्धभन्दाअघिकै अवस्थामा फर्किन किन जोडतोड गर्दैछ ? यी दुइटा प्रश्नहरूको उत्तर खोज्नेबित्तिकै प्रजातान्त्रिक समाजवादसम्बन्धी भ्रम हट्छ र यथार्थ छर्लङ्ग हुन्छ ।

सन् १९७० को दशकअघिसम्म कम्युनिस्ट आन्दोलन विश्वव्यापी रूपमा आक्रामक रूपमा अगाडि बढिरहेको थियो । त्यो दबाबलाई आफ्नो देशमा छिर्न नदिनका लागि पुँजीवादले पनि आफूलाई तुलनात्मक रूपमा जनमुखी बनाउनुपऱ्यो । संसदीय

प्रजातन्त्र भएका प्रायःजसो सबै मुलुकहरूको संविधानमै 'समाजवाद' भन्ने शब्द राखियो । शान्तिपूर्ण ढङ्गले समाजवादमा जाने कुरा सबैले लेखे । त्यसबेलामा प्रजातान्त्रिक समाजवादले एकछिनका लागि भए पनि धरातल भेट्टायो । जब सोभियत सङ्घको समाजवाद लड्खडाउन थाल्यो, तबदेखि बाध्यताबश संविधानमा समाजवाद शब्द झुन्ड्याउनेहरूले त्यस शब्दलाई दूधबाट माखो टिपेर फालेजस्तै मिल्काइदिए । टाढा जानुपर्दैन, मित्रराष्ट्र भारत नै नजिकको उदाहरण छ । यस कुराले पुष्टि गर्दछ कि प्रजातान्त्रिक वा सुधारवादी समाजवादको धरातल जोगिन पनि कम्युनिस्ट आन्दोलन बलियो हुनुपर्दछ ।

हाम्रा केही आफूलाई खाँटी क्रान्तिकारी कम्युनिस्ट ठान्ने नेताहरू नर्डिक देशहरूमा मात्रै होइन, बेलायत र अमेरिका पुगेर आउँदा समेत दङ्गदास पर्छन् । उनीहरू भन्छन्- 'ओहो, हामीले भनेको समाजवाद त अमेरिकामा पो रै'छ । त्यहाँ त कोही बेरोजगार छैन, सबैलाई सामाजिक सुरक्षाको प्रत्याभूति रहेछ । तल्लो तहको श्रमिकले पनि कति धेरै सुविधा उपभोग गर्न पाएको ! आहा !!' यो खालको अभिव्यक्ति पहाडमा उकालो-ओरालो गर्दा, टाढाको पँधेराबाट पानी बोक्नुपर्दा तथा वर्षमा दुई-चार छाक मात्रै चामलको भात देख्न पाउँदा हैरान परेको मान्छे तराई झरेर सम्मो ठाउँमा हिँड्न पाउँदा, चापाकलबाट घरघरैमा धारा भएको र दिनदिनै चामलको भात खान पाउँदा 'ओहो मधेस भनेको त स्वर्गै रहेछ' भनेर गरेको अभिव्यक्तिमा कुनै तात्त्विक भिन्नता छैन ।

वैज्ञानिक समाजवादी आन्दोलनका तीनवटा प्रमुख लक्ष्यहरू छन् : १. देशभित्रबाट असमानता तथा शोषण हटाउने, २. धनी राष्ट्रले गरिब राष्ट्रमाथि गर्ने शोषण हटाउने वा राष्ट्र-राष्ट्रबीचको आर्थिक असमानता हटाउने र ३. जातीय तथा लैङ्गिक विभेद हटाउने । विकसित पुँजीवादी राष्ट्रहरूमा काला जातिका जनताको हालत के छ भन्ने कुरा बुझ्न तथा त्यहाँ महिला उत्पीडन बुझ्न कुनै कम्युनिस्ट अर्थशास्त्रीकहाँ जानुपर्दैन । अलिकति इमानदार पुँजीवादी अर्थशास्त्रीहरूका पुस्तक पढे हुन्छ । आर्थिक समानता भन्ने कुरा सापेक्षिक कुरा हो भन्ने तथ्य पनि बिर्सनु हुँदैन । निरपेक्ष रूपमा पनि विकसित पुँजीवादी राष्ट्रका एकदमै तल्लो वर्गका श्रमिकहरूको जीवाशा दक्षिण एसियाली मुलुकका गरिब जनताको स्तरमा छ (अमर्त्य ऐनः २००१, ३८) । रह्यो, विकसित पुँजीवादी राष्ट्रहरूको सम्पन्नताको कुरा । यी राष्ट्रहरूको सम्पन्नताको रहस्य कौडीको मूल्यमा किनिएको अरबको तेल र त्यसैगरी गरिब राष्ट्रहरूलाई विभिन्न तरिकाले बाध्य पारेर लगभग सित्तैमा दोहन गरिएको कच्चा पदार्थका श्रोतहरूमा लुकेको छ (हेलब्रोनर : १९९३, ५८) । गरिब राष्ट्रहरूलाई लुटेर लगेको सम्पत्तिको अलिकति अंश आफ्नो देशको श्रमिक आन्दोलन मत्थर पार्न खर्च गरिएको छ सामाजिक सुरक्षाका नाममा । विकसित पुँजीवादी राष्ट्रहरूको आर्थिक नीतिले वैज्ञानिक समाजवादका माथि उल्लिखित तीनवटा उद्देश्यहरूको विकल्प दिन कुनै हालतमा सक्दैन । विकसित राष्ट्रका शासकहरूले आफ्नो देशका श्रमिक वर्गलाई दिएको सुविधा प्रकारान्तरले अन्तर्राष्ट्रिय श्रमिक आन्दोलनलाई कमजोर बनाउने घूस मात्रै हो । अब आएर त्यो घूसको मात्रा पनि घटाइँदैछ । यसैले संसदीय प्रजातन्त्रको माध्यमबाट गरिने क्रमिक सुधारमार्फत समाजवादको सपना देख्ने प्रजातान्त्रिक समाजवादको भौतिक धरातल नै छैन भनेर ठोकुवा गर्न सकिन्छ ।

**प्रजातान्त्रिक समाजवाद र जनताको बहुदलीय जनवाद**

जनताको बहुदलीय जनवाद कम्युनिस्ट आन्दोलनमा अझ बढी प्रजातान्त्रीकरण गर्नुपर्ने आवश्यकता महसुस भएपछि अगाडि सारिएको हो । यो बहुदलीय प्रतिस्पर्धासहितको नयाँ जनवाद नै हो । जनताको बहुदलीय जनवादी विचार कम्युनिस्ट आन्दोलनकै उपज हो । यो नयाँ रूपको प्रजातान्त्रिक समाजवाद वा एकदलीय जनवाद र प्रजातान्त्रिक समाजवादको अन्तर्क्रियाबाट जन्मिएको वर्णसङ्कर सन्तान पनि होइन । जनताको बहुदलीय जनवादले राज्यसत्ताको वर्गीय चरित्रलाई मान्छ, द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादलाई सही ठान्छ तथा वर्गसङ्घर्षलाई स्वीकार गर्दछ । यसले सुधारमुखी आन्दोलनलाई महत्त्वपूर्ण ठान्दछ तर जनताको हातमा राज्यसत्ता ल्याउनका लागि आमूल परिवर्तन वा क्रान्ति अनिवार्य छ भन्ने कुरा जनताको बहुदलीय जनवादी कार्यक्रममा दोहोऱ्याई-तेहेऱ्याई लेखिएको छ । प्रजातान्त्रिक समाजवाद उपर्युक्त सबै कुराहरूको विपक्षमा उभिन्छ ।

एकदलीय नयाँ जनवादबाट जनताको बहुदलीय जनवादी कार्यक्रममा फड्को मार्नु कम्युनिस्ट आन्दोलनले गरेको आत्मसमीक्षाको प्रयास हो । प्रतिस्पर्धाबिहीन ढङ्गले सत्ता सञ्चालन गर्दा कम्युनिस्ट पार्टीको सरकारलाई नोकरशाहीतन्त्रले कब्जा गऱ्यो ।

कम्युनिस्ट आन्दोलनको आजसम्मको इतिहासले दिएको शिक्षालाई यसरी सूत्रबद्ध गर्न सकिन्छ :

१. कम्युनिस्ट आन्दोलन सही ढङ्गले अगाडि बढ्दा प्रजातान्त्रिक समाजवादी आन्दोलनले छायाँजस्तै पछ्याएर आउने प्रयास गर्छ अर्थात् सुधारवादी समाजवादीहरू पनि तुलनात्मक रूपमा क्रान्तिकारी बाटो पछ्याउन बाध्य हुन्छन् । कम्युनिस्ट आन्दोलन बलियो भएमा मात्र पुँजीवादी व्यवस्थाभित्रका श्रमिकहरूले पनि बढी सुविधा पाउँछन् ।

२. कम्युनिस्ट आन्दोलन ठीक ढङ्गले अगाडि बढ्न नसक्दा आन्दोलनभित्रैबाट उग्रवामपन्थी भड्काउ विकसित हुन्छ । उग्रवामपन्थी भड्काउलाई विचारबाट मात्रै परास्त गर्न सकिन्न, सही कम्युनिस्ट आचरणबाट मात्रै उग्रवामपन्थी भड्काउलाई निस्तेज पार्न सकिन्छ । उग्रवामपन्थी आन्दोलनले गति (अल्पकालीन नै भए पनि) लियो भने सही कम्युनिस्टहरूले विचारधारात्मक सङ्घर्ष तेज पार्नुका साथै आफ्नो व्यवहार, आचरण, जीवनशैली र आफूले लिएको तत्कालिक नारामा कतै त्रुटि छ कि भनेर खोज्नुपर्दछ । कार्यक्रम ठीक हुनु प्रमुख कुरा हो तर क्रान्तिकारी आचरण भएन भने सही कार्यक्रमलाई जनताले बुझ्दैनन्, त्यो गफमा सीमित हुन पुग्दछ ।

३. कम्युनिस्ट आन्दोलनलाई बचाउने हो भने दक्षिण र वाम दुवैथरी अवसरवादका विरुद्ध हिम्मतका साथ सङ्घर्ष गर्नुपर्दछ ।

**निष्कर्ष**

प्रजातान्त्रिक समाजवादी आन्दोलन कम्युनिस्ट आन्दोलनको उपग्रह हो । यस्तो नहुँदो हो त सोभियत सङ्घ र पूर्वी युरोपमा समाजवादले धक्का खाएपछि प्रजातान्त्रिक समाजवादी आन्दोलन दनदनाएर अगाडि बढ्ने थियो । त्यस्तो भएन, भविष्यमा पनि हुनेछैन । मूलग्रहको गुरुत्वाकर्षण कमजोर भएपछि उपग्रहको काम हो अन्तै गएर ठोक्किनु वा बिलाउनु । अहिले प्रजातान्त्रिक समाजवादी आन्दोलन पुँजीवादमा गएर टाँस्सिएको छ । कम्युनिस्ट आन्दोलन अन्तर्राष्ट्रियस्तरमा पुनः बलियो नभएसम्म प्रजातान्त्रिक समाजवाद कुनै हालतमा मूल प्रवाह भएर अगाडि आउने छैन । सोभियत समाजवाद ढलेपछि प्रजातान्त्रिक समाजवादीहरूले 'ल हेर समाजवादको निर्माण र विकास यसरी गर्न सकिन्छ' भनेर देखाइदिएका भए मानवजातिका लागि सुखद विषय नै हुने थियो । तर विज्ञानविरोधी कल्पना गरेर के फाइदा ? उपग्रह भनेको मूलग्रहको गतिबाट अस्तित्वमा रहने कुरा न हो ।

कम्युनिस्ट व्यवस्थालाई प्रजातान्त्रिक बनाउने प्रयास गर्नु, कम्युनिस्ट पार्टीभित्रै प्रजातन्त्र (जनवाद) लाई राम्ररी फस्टाउने वातावरण बनाउने उपायहरूको खोजी गर्नु र 'प्रजातान्त्रिक समाजवादी' हुने बिलकुलै विपरीत ध्रुवका कुराहरू हुन् । कसैको मनमा हँसिया-हथौडाको झन्डा बोकेर अन्तर्राष्ट्रिय गीत गाउँदै अगाडि बढ्न सकिन्न भन्ने लाग्छ भने उसले कम्युनिस्ट पार्टी छाडेर जानुपर्छ । यसो गर्दा कम्युनिस्ट पार्टी छोड्ने व्यक्ति र पार्टी दुवैको हित हुन्छ ।

सन्दर्भ सूची


१. एङ्गेल्स, फ्रेडरिक, १९७७, *समाजवादः काल्पनिक र वैज्ञानिक,* मस्को : प्रोग्रेस ।

२. बर्न्सस्टिन, एडवर्ड, १९०९, *एभोलुसनरी सोसलिज्म,* लन्डनः लेबर पार्टी ।

३. बारन, पाल र पाल एम. स्वीजी, १९९६, *मोनोपोली क्यापिटल,* लन्डनः पेन्गुइन बुक्स ।

४. फ्रेङ्कफर्ट कङ्ग्रेस अफ सोसलिस्ट इन्टरनेसनल, १९५१, *डिक्लेरेसन प्रिन्सिपल्स,* अनलाइन इन्टरनेट ।

५. गिडिन्स एन्थोनी, १९९८, *द थर्ड वे,* युके : पोलिटी प्रेस


# आमाको नामबाट नागरिकता किन ?

## विन्दा पाण्डे

हरेक मानिसले संसारमा जन्मिँदा एउटा पहिचान लिएर आएको हुन्छ, त्यो हो नागरिक पहिचान । सामान्यतया एउटा मानिस जन्मिसकेपछि कसैले औंला ठड्याउन र प्रश्न गर्न नसक्ने जन्मसिद्ध अधिकार हो- नागरिक पहिचानको अधिकार, जसका लागि कुनै औपचारिक अवसर र संस्कार कुरिरहनु पर्दैन । तर, हाम्रो देशमा नेपाली आमाका सन्तानहरू जन्मिँदा यो बच्चा मेरो हो भनेर स्वीकार गर्ने पुरुष नदेखिने हो भने उक्त सन्तानले जीवनभर नागरिक पहिचानविहीन भएर रहनुपर्ने विडम्वना २०४७ को संविधानले थोपरिदिएको छ ।

संविधानको यो विभेदकारी धारा हटाइनुपर्दछ र नेपाली नागरिक (आमा वा बाबु) का सन्तानहरूले जन्मसिद्ध अधिकारको रूपमा नागरिक पहिचान पाउनुपर्दछ भन्ने माग त्यसबेलादेखि उठ्दै आएको छ । नेपालको सिङ्गो महिला आन्दोलनले यस विषयमा विगत १५ वर्षमा धेरै श्रम र शक्ति खर्च गरिसकेको छ । चाहे राजनीतिक पार्टीहरूलाई लबिङ गर्ने कुरा होस् वा जनचेतना अभिवृद्धि र जनसमर्थनका लागि अभियान गर्ने अथवा सरकारी निकायमा पटक-पटक दबाब सिर्जना गर्ने काम होस्, नेपाली महिलाहरू आफ्नो सवल पहिचानका लागि क्रियाशील रहेकै छन् ।

यही अभियान, लबिङ र दबाबको परिणाम भन्नुपर्छ नेकपा एमालेले यही भदौ १० गते आफ्नो केन्द्रीय कमिटीको नवौं बैठकबाट यस विषयमा औपचारिक निर्णय गर्दै महिलाअधिकारका सन्दर्भमा फेरि एकपटक आफूलाई सिङ्गो राजनीतिक र सामाजिक आन्दोलनको अग्रस्थानमा उभ्याएको छ । यसका लागि सिङ्गो नेपाली सन्तानहरूका तर्फबाट एमाले धन्यवादको पात्र भएको छ ।

नेकपा (एमाले) को मात्रै होइन, यो विषय सिङ्गो लोकतान्त्रिक आन्दोलनको साझा एजेन्डा बन्नुपर्दछ । र, नेपाली जनतालाई प्रजाबाट नागरिक बनाऔं भन्ने उच्च अभिलासासहित सञ्चालित लोकतान्त्रिक आन्दोलनले नेपाली सन्तानलाई नागरिकताको अधिकार दिने विषयलाई सक्दो छिटो साझा एजेन्डाका रूपमा घोषणा गर्नुपर्दछ । जति छिटो यसको घोषणा हुन्छ, त्यति नै धेरै लोकतान्त्रिक आन्दोलनप्रति जनताको विश्वास बढ्ने छ र आन्दोलनमा ऊर्जा थपिनेछ भन्ने कुरालाई सबै आन्दोलनकारी शक्तिहरूले अनुभूत गर्न सक्नुपर्दछ ।

हामी एक्काइसौं शताब्दीमा हिँडिरहेका छौं । तर, विडम्वना विगत डेढ दशकदेखि महिला आन्दोलनले निरन्तर रूपमा यो आवाज उठाइरहँदा पनि आफ्नै आमालाई स्वाभिमानी नागरिक बनाउने कुरामा ध्यान दिन सकेनौं । बरु उल्टै ०१९ सालको संविधानले दिएको जन्मसिद्ध अधिकारको आधारमा पाउने नागरिक पहिचानको प्रावधानलाई समेत नेपालको संविधान ०४७ बाट हटाइदियौं ।

नेपालको संविधान ०१९ को भाग २ धारा ७ क मा नागरिकतासम्बन्धी व्यवस्थामा नेपालमा स्थायी बसोवास भएका व्यक्ति, जसको आमाबाबुमा एक जना नेपालमा जन्मेको हो, ऊ नेपालको नागरिक ठहरिनेछ भन्ने कुरा उल्लेख गरिएको थियो । तर, नेपाल अधिराज्यको संविधान ०४७ नागरिकतासम्बन्धी विषयमा एक कदम पछाडि फर्केको छ । पूर्व व्यवस्थामा परिवर्तन गर्दै ०४७ को संविधानको भाग २ धारा ९ (१) मा भनिएको छ- यो संविधान प्रारम्भ भएपछि जन्मेको कुनै व्यक्तिको बाबु निजको जन्म हुँदा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति बंशजको नाताले नेपालको नागरिक हुनेछ । यस व्यवस्थाले ०१९ को संविधानले नागरिकतासम्बन्धी गरेको जन्मसिद्ध अधिकारबाट नेपाली सन्तानलाई बञ्चित गरिदियो ।

संविधानमा यस्तो परिवर्तन भइरहँदा त्यतिखेरै पनि महिलाहरूले आवाज नउठाएका होइनन् । तर, संविधान सुधार सुझाव आयोग महिलाविहीन हुँदा आयोगभित्र महिलाको पहुँच पुग्न सकेन । बाहिरबाट महिलाले उठाएको आवाजको सुनुवाइ आयोगभित्र भएन । अन्ततः महिला स्वतन्त्रता र मुक्तिको सपना बोकेर बहुदलको स्थापनामा लागेका नेपाली सन्तानहरूले पाउँदै आएको नागरिकताको अधिकारसमेत गुमाए । 'चौटा खान गएकी..., झोलमा डुबेर मरी' भन्ने उखान वास्तवमा यहाँ चरितार्थ भयो ।

त्यसपछिका दिनमा पनि नेपाली महिला आन्दोलनले मुल रूपमा दुईवटा विषय अंश र वंशको अधिकार प्राप्तिका लागि धेरै श्रम र शक्ति खर्च गरेको छ । लामो सङ्घर्षको क्रममा अंशको कुराले अलि बढी महत्त्व पायो । र, त्यसैको परिणामस्वरूप अविवाहित छोरीले छोरासरह अंशमा दाबी गर्न सक्ने गरी आंशिक रूपमा अंशको अधिकार प्राप्त गरे । तर, वंशको अधिकारबाट नेपाली महिलाहरू अझै पनि बञ्चित रहे । तर, महत्त्वको आधारमा अंशको भन्दा वंशको अधिकार धेरै महत्त्वपूर्ण र आधारभूत अधिकार हो भन्ने कुरा महसुस गर्न हाम्रो समाजलाई लामै समय लाग्यो ।

अंश भनेको अरू कसैले कमाइदिएको वा सञ्चित सम्पत्तिमाथिको अधिकार हो । तर, वंश वा नागरिकताको अधिकार स्वाभिमानीपूर्वक जीउनका लागि आधारभूत अधिकार हो । वंशको अधिकारले व्यक्तिको जन्मपछिको सिङ्गो जीवनको हरेक मोडमा महत्त्व राख्दछ । अझै यसो भनौं, वंशको अधिकार हरेक व्यक्तिले आफूलाई स्वाभिमानी नागरिकको रूपमा विकास गर्ने आधारशीला हो । हाम्रै वरिपरि नियालेर हेर्न सक्यौं भने पनि महसुस गर्न सक्छौं नागरिक पहिचानको अभावमा आज हजारौं किशोरकिशोरीहरू मनोवैज्ञानिक दबाबमा बाँचिरहेका छन् । उनीहरूको राम्रो शिक्षा र जीवन उपयोगी सीप आर्जन गर्ने हरेक अवसरको अगाडि वंशको अधिकारविहीनता अवरोध बनेर तेर्सिएको छ । यो एउटा नागरिकको नैसर्गिक अधिकारको चरम हनन हो ।

०४७ मा संविधान निर्माणका क्रममा भएको यस कमीलाई महसुस गर्दै सच्याउनेतर्फ लाग्नुको साटो उल्टै यसलाई पुष्टि गर्ने क्रममा नानाथरीका (कु)तर्क/वितर्क पनि नभएका होइनन् । तर, समयले युगअनुसारको परिवर्तनको माग गरी नै रहन्छ । र, यही प्रक्रियामा आमाको नामबाट नागरिकता पाउनुपर्दछ भन्ने विषय फेरि पनि प्रमुख रूपमा उठ्नुपर्थ्यो, उठेको छ ।

देशको एउटा प्रमुख पार्टी नेकपा (एमाले) ले यस कुरालाई महसुस गर्दै आमाको नामबाट पनि सन्तानले नागरिकता पाउनुपर्दछ भन्ने औपचारिक निर्णय गरेको छ । यस अवस्थामा अब कसैले पनि यस निर्णयका विरुद्ध बोल्नु भन्दा बरु समयअनुकूल परिवर्तनको बाटोमा समाहित भएर हिँड्नु नै सकारात्मक दिशामा अग्रगामी कदम हुनेछ । बरु, यसमा सम्बन्धित क्षेत्रका समानताप्रेमी महिला हुन् वा पुरुष, सबैले आ-आफ्नो संस्था र क्षेत्रमा यससम्बन्धी निर्णय गरेर यस विषयलाई सबैको साझा बनाएर जानु नै अहिलेको आवश्यकता र समयको मागको सही सम्बोधन हुनेछ ।

यतिखेर राजनीतिक पार्टीहरू विगतबाट शिक्षा लिने र कमी-कमजोरीलाई सच्याउने प्रक्रियामा छन् । यही प्रक्रियाको एउटा उदाहरण हो नागरिकतासम्बन्धी यो निर्णय, जुन चौतर्फी रूपमा स्वागतयोग्य बनेको छ । यसका साथै नेकपा (एमाले) को बैठकले राजनीतिक पार्टी, राज्य संरचनालगायत सबै क्षेत्रमा महिलाको ३३ प्रतिशत सहभागितासहितका महिला अधिकार र जेन्डर समानतासम्बन्धी आठवटा विषयलाई औपचारिक रूपमा पारित गरेको छ । *(हेर्नुस्, बक्स)*

जनताका आधारभूत अधिकारसँग जोडिएका यस्ता अरू पनि धेरै विषयको पहिचान गर्दै राजनीतिक पार्टीहरूले जनताबीच प्रतिबद्धता देखाउन आवश्यक छ । यहाँनेर नागरिक समाजले पनि आफ्नो दायित्वलाई पूरा गर्नुपर्दछ भन्ने लाग्दछ । विगतमा यो वा त्यो कुनै पनि क्षेत्रबाट जानेर वा नजानेर हुन गएका कमीलाई औंल्याउने र सुधारका लागि रचनात्मक सुझाव दिनुका साथै उनीहरूबाट भएका राम्रा कामको पक्षमा आभार व्यक्त गर्दै जनतासमक्ष स्थापित गर्ने संस्कारको विकास गर्नुपर्दछ, जुन हिजोका दिनमा कमी रहन गयो । यो वास्तवमा लोकतन्त्रको विकासका लागि अति आवश्यक कुरा हो । यो संस्कारले नै हरेक संस्थालाई असल निर्णय गर्न र गरिएका निर्णयलाई कार्यान्वयनमा लैजान मद्दत गर्दछ । यस प्रक्रियाले समाजलाई सकारात्मक सोच र प्रवृत्तिको विकास गर्दै अग्रगमनको बाटो पक्रन पनि मद्दत गर्नेछ ।

अन्तमा, नागरिकता, महिला सहभागितालगायत उल्लिखित विषयहरू यस्ता विषय हुन्, जसमा सबै राजनीतिक दल र सामाजिक आन्दोलनको सहमति र सहभागिता आवश्यक छ । यसलाई आन्दोलनको साझा विषय बनाएर अगाडि बढाइनुपर्दछ । यसो गर्न सक्दा यसले जेन्डर मूलप्रवाहीकरण र महिला सशक्तीकरणमा बल पुग्नेछ । र, सिंगो समाजलाई मनोवैज्ञानिक र प्रवृत्तिगत रूपमा नै परिवर्तन गरी सामाजिक आन्दोलनले फड्को मार्नेछ ।

# हजारौंले भोगेका छन् यस्ता समस्या

**सुर्खेतकी एक बालिका जन्मदासाथ आमासहित बाबुको घरबाट निकालिइन् । माइतमा बसेर आमाले उनलाई हुर्काइन्, बढाइन् र पढाइन् । अब छोरी १८ वर्षकी भइन् तर आमाले नागरिकता भने दिलाउन सकिनन् । कक्षा ९ मा पढ्दै गरेकी उनी**

**नागरिकताका लागि बाबुको घरमा पुगिन् । तर, बाबुले भने विवाह गरेर ज्वाइँ अगाडि नदेखाई नागरिकताका लागि सिफारिस दिन्न । किनकि छोरीलाई नागरिकता दिँदा अंशको पनि दाबी हुन सक्छ । विवाहित छोरीलाई अंश दिनुपर्दैन भन्ने कुरा उनलाई थाहा छ ।**

**बागलुङकी एक जना विश्वकर्माको छोरीसँग माथिल्लो जातको भनिने पुरुषले शारीरिक सम्बन्ध राखे । उनी गर्भवती भइन् । छोरा जन्म्यो तर बाबुले स्वीकार गरेनन् । आमाले आफ्नो सन्तानलाई हुर्काइन्, बढाइन् र पढाइन् । तर, नागरिकता दिलाउन सकिनन् । ठूलो भएर उसले विवाह गर्‍यो । सन्तान जन्मियो । तर, बाबु आफैँ अनागरिक भएका कारण आमाको नेपाली नागरिकता भएर पनि उनीहरूका सन्तानलाई नागरिकता दिलाउन सकेनन् । अन्ततः आफ्नै सन्तानलाई नागरिकता दिलाउन नसक्दा उनी अझै बढी निराश भए । तर केटाकेटीको समस्या समाधान हुन सकेन ।**

**नेपालमा काम गर्न आएका विदेशीले नेपाली महिलासँग विवाह गरेर यहीं बस्न थाले । उनीहरूका सन्तान भए । बढ्दै, पढ्दै गए । एसएलसीपछि उच्च शिक्षाका लागि बाहिर पढ्न जान छात्रवृत्तिसहितको अवसर मिल्यो । तर, नागरिक पहिचानको अभावमा उनीहरूले उक्त अवसरको उपयोग गर्न सकेनन् । जीवनमा सँगालेको सुन्दर सपनामाथि बज्रपात भयो ।**

# महिलासम्बन्धी प्राथमिकताका आठ विषय

- पूर्ण प्रजातन्त्र, दिगो शान्ति र मानवअधिकार,
- आमाको नामबाट नागरिकता पाउने व्यवस्था,
- राजनीतिक पार्टी, राज्यसंरचनालगायत सम्पूर्ण क्षेत्रमा ३३ प्रतिशत महिला सहभागिता,
- सम्पत्तिमाथि समान अधिकार,
- प्रजनन स्वास्थ्य र यससम्बन्धी अधिकार,
- द्वन्द्व प्रभावित महिलाको मानवअधिकारको संरक्षण, सुरक्षा र पुनःस्थापनाको व्यवस्था,
- महिला हिंसा, दुर्व्यवहार र कुरीतिविरुद्ध अभियान, र
- सकारात्मक विभेदका कार्यक्रमहरू ।

# नयाँ कार्यविभाजन

**काठमाडौँ ।** नेकपा (एमाले) केन्द्रीय कमिटीको गत भदौ १२ गते सम्पन्न नवौं बैठकले स्थायी र केन्द्रीय कमिटी सदस्यहरूको कार्यविभाजनमा हेरफेर गरेको छ । सरकारमा जानुभएका सदस्यहरू फिर्ता भएको र 'माघ १९' पछिका बन्दीहरू रिहा भइसकेपछिको स्थितिमा नयाँ कार्यविभाजनमा केही फेरबदल गरिएको हो ।

नयाँ कार्यविभाजनअनुसार ईश्वर पोखरेल- उपत्यका समन्वय कमिटी इन्चार्ज, भरतमोहन अधिकारी- योजना तथा अनुसन्धान विभाग प्रमुख, अशोक राई- पूर्वाञ्चल क्षेत्रीय समन्वय कमिटी संयोजक, अष्टलक्ष्मी शाक्य- मुस्लिम इत्तेहाद फाँट इन्चार्ज, कृष्णगोपाल श्रेष्ठ- उपत्यका समन्वय कमिटी सहइन्चार्ज, वाचस्पति देवकोटा- इन्जिनियरिङ प्राविधिक फाँट इन्चार्ज, युवराज कार्की- वैदेशिक रोजगार फाँट इन्चार्ज, रणध्वज कन्दङ्वा- अतिरिक्त क्रियाकलाप विभाग प्रमुख, रघुजी पन्त- केन्द्रीय सचिवालय सदस्य र जल तथा ऊर्जा फाँट इन्जार्ज, महेन्द्र पाण्डे- बुद्धिजीवी विभाग प्रमुख, राधा ज्ञवाली- पश्चिमाञ्चल क्षेत्रीय समन्वय कमिटी सदस्य, सिद्धिलाल सिंह- मध्यमाञ्चल क्षेत्रीय समन्वय कमिटी सदस्य, लालबाबु पण्डित- कोसी अञ्चल समन्वय कमिटी सहइन्चार्ज, रकम चेम्जोङ- पूर्वाञ्चल क्षेत्रीय समन्वय कमिटी सचिव हुनुभएको छ । यसैगरी, बैठकले जनजाति फाँटलाई पार्टी कामको नयाँ क्षेत्र निर्धारण गरी इन्चार्जको जिम्मेवारी पृथ्वी सुब्बा गुरुङलाई दिएको छ ।

# विभागमा हेरफेर

**काठमाडौँ ।** केन्द्रीय कमिटीको बैठकले सम्बन्धित विभाग र सङ्गठन विभागको सिफारिसका आधारमा केही विभागमा नयाँ सदस्य थप, केहीको विभाग परिवर्तन र केहीलाई बिदा दिएको छ ।

बैठकले केन्द्रीय **प्रचार तथा प्रकाशन विभाग** सदस्यमा बालकृष्ण चापागाईं र विष्णु रिजाललाई मनोनयन गरेको छ । यसैगरी, **सम्पर्क विभाग**मा कुमार खकुरेल र नारायण पाण्डे एवम् **बुद्धिजीवी विभाग**मा भोलानाथ पोखरेललाई थप गरेको छ । बैठकले रवीन अधिकारीलाई सम्पर्क विभाग र प्रभा हमाललाई बुद्धिजीवी विभागबाट **योजना तथा अनुसन्धान विभाग**मा सरुवा गरेको छ । सम्पर्क विभाग सदस्य डीडी कार्की, प्रचार विभाग सदस्य कुन्दन अर्याल र निर्वाचन विभाग सदस्य हरि फुँयाललाई पदमुक्त गरेको छ । यसैगरी, कृषि विभाग सदस्य धर्मदत्त देवकोटा केन्द्रीय लेखा परीक्षण कमिटीको सदस्य र देवी बराल केन्द्रीय सल्लाहकार कमिटीको सदस्यमा मनोनीत हुनुभएकाले उहाँहरूलाई सो विभागको सदस्यबाट मुक्त गरिएको छ ।

# वेद पढेपछि कम्युनिस्ट भएँ

**वेदुराम भुसाल**

"मै ले संस्कृत शिक्षा पढेर 'सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः सर्वे भद्राणी पश्यन्तु, माकश्चित दुःख भाग्जनः' अर्थात् सबै सुखी होऊन्, सबै निरोगी होऊन्, सबैको भलो होस्, कोही पनि दुःखी नहोऊन् भन्ने र 'मित्रस्य चक्षुषा सर्वाणि भूतानि समीक्षताम्' अर्थात् सबै प्राणीहरूलाई मित्रवत् ठान्नुपर्दछ भन्ने ज्ञान प्राप्त गरेको थिएँ । मित्र माधव ज्ञवालीसँग छलफल गर्दा यजुर्वेदको अन्तिम कण्डिकामा रहेको 'खं ब्रह्म' भन्ने मन्त्रको अर्थ 'ईश्वरो नास्ति' अर्थात् ब्रह्म भनेको ईश्वर, खं भनेको आकाश वा शून्य अर्थात् केही छैन (नास्ति) भन्ने हो भनेर बुझेपछि म उहाँमार्फत नै नेपाल कम्युनिस्ट पार्टीका संस्थापक महासचिव कमरेड पुष्पलालसँग भेट गरी ०१९ सालमा कम्युनिस्ट पार्टीमा सामेल भएको हुँ ।'

उपर्युक्त भनाइहरू आफ्नो ६१ वर्षीय जीवनका ४३ वर्षहरू लुम्बिनी अञ्चलको कम्युनिस्ट आन्दोलनमा समर्पण गर्नुभएका पाका कम्युनिस्ट कमरेड हरिप्रसाद ज्ञवालीका हुन् ।

हरि ज्ञवाली ००१ चैतमा गुल्मी जिल्लाको ज्ञवा मौजामा पर्ने वादी (हाल : बम्घा-७, वादी) गाउँको एउटा उदार धार्मिक भावनाको पण्डित परिवारमा जन्मनुभएको थियो । पिताको चौथो र आमाको दोस्रो सन्तानका रूपमा जन्मनुभएका हरिले आफ्नै पिताद्वारा घरको आँगनमा सञ्चालित गुरुकुलीय परम्पराको शिक्षाबाट शैक्षिक जीवनको यात्रा प्रारम्भ गर्नुभएको थियो । त्यसपछि उहाँ त्यसबेला पश्चिम नेपालकै महत्त्वपूर्ण शैक्षिक केन्द्रका रूपमा रहेको हरिहर संस्कृत पाठशाला, खिदिममा गएर त्यहाँ दिइनेजति शिक्षा हासिल गर्नुभयो । ०१८ सालमा शिक्षा आर्जन गर्ने उद्देश्य बोकेर उहाँ बनारस पुग्नुभयो । अध्ययनकै निम्ति बनारसमा रहेका माधव ज्ञवालीसँग उहाँको भेटघाट र मित्रता भयो । त्यसपछि माधव ज्ञवालीकै माध्यमबाट उहाँ कम्युनिस्ट पार्टीको सम्पर्कमा पुग्नुभयो । कम्युनिस्ट पार्टी 'सर्वजन सुखाय, सर्वजन हिताय' अर्थात् सुख र हित चाहने पार्टी रहेछ भन्ने बुझेपछि उहाँ कम्युनिस्ट पार्टीमा सामेल भई त्यसका गतिविधिमा सक्रिय हुन थाल्नुभयो । उहाँ त्यसबेलै पार्टीको सेलमा सङ्गठित हुनुभयो र त्यसको सचिवसमेत हुनुभयो ।

उहाँ जतिबेला पार्टी सम्पर्कमा पुग्नुभयो, त्यसबेला नेपालमा राजा महेन्द्रले संसदीय व्यवस्थालाई समाप्त पारेर निरङ्कुश शासन चलाइरहेका थिए । राजनीतिक पार्टीहरू राजाको निरङ्कुश शासनका विरुद्ध गतिविधि गर्दै थिए । पार्टी सम्पर्कमा पुगेपछि उहाँ पनि त्यस्ता गतिविधिहरूमा संलग्न हुन थाल्नुभयो । त्यसैक्रममा उहाँसमेतका नेपाली युवाहरूले बनारसमा राजा महेन्द्र जाँदा कालो झन्डा देखाएर विरोध गरे । त्यसबेला उहाँहरूमाथि पुलिसले लाठीचार्ज गरेको थियो ।

०१९ सालमा सम्पन्न नेपाल कम्युनिस्ट पार्टीको तेस्रो महाधिवेशनपछि पनि पार्टी व्यवस्थित रूपले चल्न सकेन । कमरेड तुलसीलाल र पुष्पलालका बीच 'कुन बाटो ?' र 'मूल बाटो' को रूपमा चलेको कार्यक्रमसम्बन्धी विवादमा हरि पुष्पलालको 'मूल बाटो' मा रहेका विचार र कार्यक्रमिक अवधारणाको पक्षमा उभिनुभयो ।

बनारसमा व्याकरणशास्त्रीसम्मको अध्ययन पूरा गरी ०२२ सालमा गाउँ फर्किएपछि उहाँले आफू जन्मिएकै गाउँमा प्राथमिक विद्यालय स्थापना गरेर अध्यापन गर्न र सँगसँगै पार्टी कामलाई पनि अगाडि बढाउन थाल्नुभयो । ०२४ सालमा उहाँ हुँगा गई त्यहाँको निम्नमाध्यमिक विद्यालयमा प्रधानाध्यापक हुनुभयो र गाउँमा शिक्षादीक्षाको प्रचारका साथै राजनीतिक गतिविधिसमेत सञ्चालन गर्न थाल्नुभयो । त्यही वर्ष पार्टीको दुई नम्बर एरिया कमिटी सचिव हुनुभयो । हुँगामा अध्यापन र पार्टी काम सञ्चालन गरिरहँदा उहाँले आफ्नो शिक्षा आर्जनको कार्यलाई पनि अगाडि बढाउँदै रहनुभयो । त्यसैबेला उहाँले भारतको युपी बोर्ड इलाहावादबाट आईए र गोरखपुर विश्वविद्यालयबाट बीए तथा राजनीतिशास्त्रमा एमएसम्मको अध्ययन पनि गर्नुभयो ।

त्यसबेला पार्टीले जनतामा शिक्षाको ज्योति छर्ने र किसानबीच पार्टीलाई स्थापित गराउन जोड दिने गर्दथ्यो । पार्टीको त्यो नीतिलाई व्यवहारमा उतार्न कस्सिएर लाग्दाको सम्झना गर्दै उहाँ भन्नुहुन्छ- 'त्यसबेला हामी एकातर्फ शिक्षाको प्रचारमा जोडतोडले लाग्दथ्यौं भने अर्कोतर्फ किसानहरूबीच जाने, भेटघाट गर्ने, राजनीतिक कक्षा सञ्चालन गर्ने र स्थानीय जालीफटाहाहरूका विरुद्ध कारबाही गर्नेजस्ता कामहरूमा तल्लिन हुन्थ्यौं । उपर्युक्त कार्यहरू र आन्दोलनबाट खारिएका साथीलाई मात्रै नेतृत्वमा राखिन्थ्यो ।'

०२४ सालमा पुष्पलालले केन्द्रीय कमिटीका अरू पाँच जना सदस्यहरूसँग मिलेर पार्टी पुनर्गठन गर्ने अपिल जारी गरी नयाँ जनवादी कार्यक्रम मस्यौदा गरेर छलफल गर्नका लागि जिल्ला-जिल्लामा पठाएपछि हरिले उक्त कर्यक्रमका हस्तलिखित कपीहरू तयार गरेर बाँड्ने र घनिभूत रूपमा छलफल चलाउने काम गर्नुभयो । ०२५ सालमा सम्पन्न तेस्रो राष्ट्रिय सम्मेलनपछि जारी गरिएको १/३ नम्बर सर्कुलरले आह्वान गरेअनुरूप उहाँ शिक्षकबाट राजीनामा दिई पार्टीको पूर्णकालीन कार्यकर्ता बन्नुभयो । उहाँ त्यसरी पूर्णकालीन बन्नुभन्दा पहिले नै पार्टी जिल्ला कमिटीको सदस्य बनिसक्नुभएको थियो । पार्टीले पुस १ गतेका दिन पञ्चायतका विरुद्ध पर्चा छर्ने वा कुनै किसिमले विरोध गर्ने गर्दथ्यो । त्यही नीतिअनुरूप ०२६ पुस १ गते

लुम्बिनीमा व्यापक रूपले पञ्चायतविरोधी पर्चा छरिएको थियो । त्यो पर्चा छरिएपछि त्यस अञ्चलका थुप्रै कार्यकर्ताहरूका विरुद्ध पञ्चायती प्रशासनले वारेन्ट जारी गरेको थियो । त्यसरी वारेन्टेड हुनेमा हरि पनि एक हुनुहुन्थ्यो । त्यस वारेन्टले उहाँमा निराशा होइन, झन् उत्साह थप्यो र झनै सक्रिय भएर काममा लाग्नुभयो । उहाँको कामबाट प्रभावित भएर पार्टी केन्द्रले उहाँलाई बनारसको केन्द्रीय कार्यालयमा बस्ने प्रस्तावसमेत राखेको थियो तर विभिन्न कारणले गर्दा उहाँ बनारस जान र बस्न सक्नुभएन ।

०२५ देखि ०३० सालसम्म लुम्बिनीमा पार्टीको व्यापक विस्तार भएको थियो र त्यही विस्तारित पार्टी सङ्गठनको बलमा जाली तमसुक च्यात्ने, सूद्खोरहरूलाई कालोमोसो दल्ने, सुकुमवासीहरूलाई सार्वजनिक जग्गामा बसोवास गराउने र पार्टीका निम्ति अन्न भण्डार तथा कोष निर्माण गर्ने कार्यहरू आन्दोलनकै रूपमा भएका थिए । गुल्मीमा ती सबै कार्यहरू गर्ने अगुवाहरूमा हरि पनि एक हुनुहुन्थ्यो । ०२९ सालमा आयोजित पार्टीको चौथो सम्मेलनमा उहाँ गुल्मीको प्रतिनिधि भएर बनास जानुभएको थियो भने ०२९ सालकै फागुनमा आयोजित लुम्बिनी अञ्चल सम्मेलनमा पनि उहाँ सहभागी हुनुहुन्थ्यो । ०३० सालको कार्तिक २६ गते किसान जुलुसद्वारा लुम्बिनी अञ्चलका सबै जिल्ला सदरमुकाम घेर्ने आन्दोलनमा गुल्मीको जुलुसलाई जिल्ला कमिटीको तर्फबाट उहाँले नै अगुवाइ गर्नुभएको थियो भने उहाँका सहयोगीका रूपमा जिल्ला कमिटीका अर्का सदस्य प्रेमचन्द्र भुसाल रहनुभएको थियो । चारैतिरबाट तम्घासमा ओइरिएको विशाल जुलुसमाथि प्रशासनद्वारा अन्धाधुन्ध लाठीचार्ज गरिँदा उहाँहरू भागाभागमा पर्नुभएको थियो ।

०३० सालको चैतमा भएको अर्घाखाँचीको बर्रे सङ्घर्षपछि लुम्बिनीमा ज्यादै चर्को दमन भयो । पुराना सङ्गठनहरू सबै तहसनहस भए । भूमिगत बस्नसमेत अप्ठ्यारो हुन थाल्यो । त्यसैबीच उहाँ बनारस केन्द्रीय कार्यालयमा पुग्नुभयो । केही दिन त्यहाँ पुष्पलालसँगै रहनुभयो र उहाँको सन्देश बोकेर हिक्मतसिंह भण्डारीलाई भेट गर्न काठमाडौँ आउनुभयो । भेटघाट त्यति फलदायी भएन । ०३५ साउन ७ गते पुष्पलालको दुःखद निधन भएपछि पार्टीले ठूलो धक्का खायो । त्यसभन्दा पहिले नै मुक्तिमोर्चा समूहको नामबाट एउटा ठूलो हिस्सा पार्टीबाट अलग भइसकेको थियो भने बर्रे सङ्घर्षपछि जेल परेका केशरमणिले निराशाको सन्देश मात्रै दिइरहेका थिए । पुष्पलालको निधनपछिको नेतृत्वले हरिजस्ता कार्यकर्तालाई समेट्न सकेको थिएन । त्यसबेलाको सम्झना गर्दै उहाँ भन्नुहुन्छ- 'पुष्पलाल नेपाली जनताको प्रमुख दुश्मन सामन्ती राजतन्त्र हो भन्नेबारेमा ज्यादै स्पष्ट हुनुहुन्थ्यो र त्यही अडान बोकेर हामी पनि हिँडेका थियौँ तर उहाँको निधनपछिका अडानहरू अलिक खुकुलोजस्तो लाग्दछ ।'

०३५/०३६ सालको आन्दोलन र जनमतसङ्ग्रहको घोषणापछि उहाँ मनमोहन अधिकारीले नेतृत्व गर्नुभएको समूहमा संलग्न हुनुभयो र बहुदलको पक्षमा प्रचार गर्न सक्रियतापूर्वक लाग्नुभयो । ०३८ सालमा गोरखपुरमा सम्मेलन गरी त्यसबेला मनमोहनले नेतृत्व गर्नुभएको समूह र साहना प्रधान तथा बलराम उपाध्यायले नेतृत्व गर्नुभएको समूहका बीच एकता गरी नेकपा (मार्क्सवादी) गठन गरियो । त्यस एकता सम्मेलनबाट हरि केन्द्रीय समितिमा छानिनुभयो । त्यसपछि उहाँ लुम्बिनीमा त्यस पार्टीको सङ्गठन विस्तारमा कस्सिएर लाग्नुभयो । ०४३ सालमा आयोजित छैठौँ सम्मेलनबाट भने उहाँ बिरामीको कारणले केन्द्रीय समितिमा रहनुभएन । फेरि पनि उहाँले कामको जिम्मा नलिई सुख पाउनुभएन । ०४४ सालमा कोलकाता ( कलकत्ता) मा भएको नेपाल ट्रेड युनियन सङ्गठनको सम्मेलनले उहाँलाई त्यस सङ्गठनको केन्द्रीय समितिमा चयन गऱ्यो । अब उहाँले लुम्बिनीमा ट्रेड युनियनको विस्तारमा लाग्नुपऱ्यो ।

०४६ सालको आन्दोलनका बेला उहाँ वाममोर्चाको निर्णयअनुसार रूपन्देहीको आन्दोलनमा संलग्न हुनुभयो । पार्टी खुला भएपछि केही समय उहाँले *'साप्ताहिक एक्सरे'* नामको पत्रिका निकालेर त्यसबेला आफू संलग्न पार्टीको प्रचार कार्यलाई अगाडि बढाउनुभयो । ०४७ पुसमा तत्कालीन नेकपा (माले) र मार्क्सवादीबीच एकीकरण भई नेकपा (एमाले) बनेपछि उहाँ सुरुमा रूपन्देही जिल्ला कमिटीको सदस्य र केही समयपछि अञ्चल कमिटीको प्रचार तथा प्रकाशन प्रमुखसमेत बन्नुभयो । ०४८ सालको आमनिर्वाचनताका उहाँ रूपन्देहीमा नै सक्रिय रूपमा लाग्नुभयो ।

०४८ सालको कात्तिकमा पूर्वमार्क्सवादी समूहका केही कमरेडहरूले नेकपा (मार्क्सवादी) को पुनर्गठन गर्न पुग्नुभयो । हरि पनि त्यसै पक्षमा जानुभयो र त्यस समूहको केन्द्रीय सदस्यसमेत हुनुभयो । तर, उहाँ मोहनलाल आचार्य, केशव ज्ञवालीलगायतका कमरेडहरूले छिट्टै नै त्यसरी अलग समूह बनाएर जाने कुरा बेठीक भएको महसुस गर्नुभयो र ०५३ सालमा पुनः एमालेमै फर्किनुभयो । त्यसदेखियता उहाँ निरन्तर रूपमा नेकपा (एमाले) को लुम्बिनी अञ्चल समन्वय कमिटीमा रहेर काम गरिरहनुभएको छ । यसबीचमा उहाँले त्यस कमिटीको कार्यालय सचिव, भवन निर्माण कमिटीको सदस्य, प्रचार विभाग प्रमुख र *'नवयुग'* लुम्बिनी संस्करणको सम्पादकजस्ता जिम्मेवारीहरू राम्रोसँग सम्पादन गर्नुभएको छ । उहाँ सँगसँगै काम गर्दाको मेरो अनुभवमा हरि ज्यादै इमानदार, लगनशील र कर्तव्यपरायण कम्युनिस्ट हुनुहुन्छ ।

कमरेड हरि ज्ञवाली कुशल सम्पादक मात्र होइन, सिद्धहस्त लेखकसमेत हुनुहुन्छ । उहाँले थुप्रै प्रगतिवादी लेख-रचनाहरू लेख्नुभएको छ । साथै, उहाँका सयौँ फुटकर रचनाहरू प्रकाशित भएका छन् । उहाँले कतिपय गोष्ठीमा महत्त्वपूर्ण कार्यपत्रहरूसमेत प्रस्तुत गर्नुभएको छ । हाल उहाँ उच्च रक्तचाप, मुटु रोग, दम, मधुमेह, आँखाको मोतिविन्दु आदि रोगबाट पीडित हुनुहुन्छ । तथापि, आफ्नो पार्टी कमिटीले दिएको जिम्मेवारी पूरा गरिरहनुभएको छ । आज हामीले नेकपा (एमाले)

जस्तो मुलुककै एउटा ठूलो पार्टीको सदस्य भएकोमा जुन गौरव अनुभव गर्छौं, त्यसमा हरिजस्ता सयौँ कार्यकर्ताहरूको पसिना मिसिएको छ भन्ने कुरा कहिल्यै बिर्सन हुँदैन, यदि बिर्सिइयो भने इतिहासप्रति नै अन्याय हुनेछ ।

# उदाहरणीय लालजोडी

## विष्णु रिजाल

**वि**मान परिचारिका बृन्दा बसुलाई कुनै दिन भारतको सबैभन्दा ठूलो कम्युनिस्ट पार्टीको पोलिटब्युरोमा पुगुँला भन्ने लागेको थिएन । तर, जवानीका बेला आकाश-यात्रामा रमाइरहेकी बृन्दाले अहिले भारतीय संसद् लोकसभामा तेस्रो ठूलो हैसियत राख्ने भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) को शक्तिशाली पोलिटब्युरोको पहिलो महिला सदस्य बन्ने सौभाग्य पाएकी छन् । संयोग नै मान्नुपर्छ, जुन महाधिवेशनबाट उनका जीवनसाथी प्रकाश करात पार्टीको महासचिव निर्वाचित भए, त्यही महाधिवेशनबाट बृन्दा पोलिटब्युरोमा निर्वाचित भइन् । यो लालजोडी अहिले भारतीय वाम राजनीतिभित्र मात्र होइन, विश्वको सबैभन्दा ठूलो लोकतान्त्रिक मुलुकको सिङ्गो राजनीति र पत्रकारितामा विशेष चर्चाको विषय बनेको छ ।

भारतीय सञ्चारमाध्यममा कम्युनिस्टले विरलै पाउने 'कभरेज' अहिले प्रकाश-बृन्दा जोडीले पाइरहेको छ । भारतका नाम चलेका पत्रिकामा जब समाचारको अभाव हुन्छ, तब उनीहरू प्रकाश-बृन्दा जोडीलाई सम्झिन पुग्छन् । अहिले यो लालजोडीका विषयमा लेखिएका जुनसुकै समाचार पनि भारतीय पाठकहरूका लागि रुचिकर हुने गरेका छन् । मृदु र अल्पभाषी महासचिव करातले सञ्चारमाध्यमसँग अलि टाढा रहन चाहे पनि पत्रकारसँगको घुलमिलमा कहलिएकी बृन्दाले सन्तुलन मिलाइहाल्छिन् । पार्टीको महिला मोर्चा प्रमुख र केन्द्रीय कमिटी सदस्य भएर उनले हासिल गरेको अनुभव आफ्नो र पति प्रकाशका लागि यतिबेला समान रूपमा प्रयोग गरिरहेकी छन्। सञ्चारमाध्यमसँग प्रकाशको सम्बन्ध हार्दिक र सुमधुर बनाउन बृन्दाले असाधारण मिहिनेत गरेकी छन् ।

सन् साठीको दशकमा वाम राजनीतिप्रति आकर्षित करात सत्तरीको दशकदेखि भारतीय वामपन्थी आन्दोलनमा सक्रिय भएका हुन् । चेन्नइको क्रिश्चियन कलेजबाट राजनीतिशास्त्रमा स्नातक उत्तीर्ण गरेपछि करात दिल्लीको जवाहरलाल नेहरू विश्वविद्यालय आएका थिए । करातले सुरु गरेको स्टुडेन्ट्स फेडेरेसन अफ इन्डिया त्यतिबेलाका वामपन्थी विद्यार्थीहरूको साझा मोर्चा थियो, जसले करातलाई जीवनको नयाँ मोडमा पुऱ्यायो । मार्क्सवादी कम्युनिस्ट पार्टीका तत्कालीन महासचिव पी सुन्दरैयाले सोही सङ्गठनका माध्यमबाट करातलाई चिनेका थिए । विद्वत्‌वृत्तिमा बेलायतको एडिनवर्ग विश्वविद्यालय जाँदा पनि करातले आफ्नो जुझारूपन त्यागेनन् । रङ्गभेदविरोधी आन्दोलनका कारण उनी कलेजबाट निष्कासित भए । तर, पछि उनको सज्जनता र विद्वताबाट प्रभावित विश्वविद्यालय प्रशासनले आफ्नो निर्णय फिर्ता लियो । सन् १९७० मा भारत फर्केपछि मात्रै करातले औपचारिक रूपमा भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) को सङ्गठनात्मक जिम्मेवारी सम्हालेका थिए ।

त्यसपछि करातले कहिल्यै पछाडि फर्केर हेर्नुपरेन । १५ वर्षको मिहिनेतले उनलाई पार्टीको केन्द्रीय कमिटीमा पुऱ्यायो भने त्यहाँ देखाएको क्षमताले उनी सात वर्षपछि शक्तिशाली पोलिटब्युरोमा निर्वाचित भए । पोलिटब्युरोमा आएको १३ वर्षपछि सन् २००५ अप्रिलमा सम्पन्न पार्टीको १८ औं महाधिवेशनबाट उनी सर्वोच्च नेता महासचिवमा निर्वाचित भए । त्यसपछि भारतीय राजनीतिमा उनको उचाइ निरन्तर बढिरहेको छ र उनी भारतीय राजनीतिको शीर्षस्थ हैसियतमा क्रियाशील छन् ।

बृन्दाको राजनीतिक जीवनले पनि नागबेली यात्रा पार गरेको छ। बेलायतमा विमान परिचारिका भएर 'सुखी' जीवन बिताइरहेकी बृन्दालाई बरिष्ठ नेता ज्योति बसुले कम्युनिस्ट राजनीतिमा तानेका हुन् । बसुकै कारण सत्तरीको दशकमा भारत फर्केर उनले अल इन्डिया विमन्स फेडेरेसनको जिम्मेवारी सम्हाल्नुका साथै मजदुर र किसान अधिकारको क्षेत्रमा हात हालेकी थिइन् । पश्चिम बङ्गालमा जन्मेकी बृन्दा यस्ती सुशिक्षित महिला नेतृ हुन्, जो एकसाथ मजदुर-किसानदेखि बुद्धिजीवीहरूको बीचमा आफ्नो प्रभावशाली व्यक्तित्वको छाप छोड्न सक्षम छन् ।

भारतमा इन्दिरा गान्धीलाई सत्ताको मात चढेर मुलुक आपतकालको चपेटामा पिल्सिएका बेला प्रकाश-बृन्दाको जोडी वैवाहिक बन्धनमा बाँधिएको हो । करातलाई औधी माया र विश्वास गर्ने तत्कालीन महासचिव पी. सुन्दरैयाको सल्लाहमा यो जोडीको लगनगाँठो कसिएको हो। भारतमा कम्युनिस्ट पार्टीका संस्थापक सदस्य एके गोपालन, वरिष्ठ नेता ज्योति बसु, महासचिव सुन्दरैयाजस्ता वरिष्ठ नेताहरूको उपस्थितिमा उनीहरूको विवाह भएको थियो । कम्युनिस्ट नेता एके गोपालन र सुशीला तथा मजदुर नेता टीवी थोमस र केएस गौरीको जोडी यसअघि भारतीय वाम आन्दोलनमा क्रियाशील थियो । भलै पतिको मृत्युपछि गौरी केरलमा काङ्ग्रेस प्रवेश गरिन् । तर पनि यति उचाइको जोडी भने मिलेको थिएन । विवाहपूर्व नै यो जोडीले सन्तान नजन्माउने सहमति गरेको थियो ।

सञ्चारमाध्यमले निरन्तर पछ्याइरहँदा हैरान भएका प्रकाश-बृन्दा जोडी कहिलेकाहीं दिक्क हुन्छन् । 'लाग्छ, कुरा गर्ने अरू विषय नै छैन'- बुर्जुवा प्रेसले उठाइरहेको विषयबारे बृन्दाको भनाइ छ । तर, औपचारिक पत्रकार सम्मेलन वा कुराकानीपछि बृन्दा पत्रकारसँग यति घुलमिल हुन्छिन् कि कुनै पत्रकारको मनमा नकारात्मक कुरा लेख्ने विचार आएको छ भने पनि तत्कालै त्याग्न ऊ बाध्य हुन्छ । *'इन्डिया टुडे'* का लागि पत्रकार सतरूपा भट्टाचार्यको 'युवा अवस्थामै नेतृत्व सम्हाल्नुभयो नि !' भन्ने प्रश्नमा ५७ वर्षीय करातको छोटो जवाफ छ- 'अन्तर्राष्ट्रिय मापदण्डअनुसार म अहिले जीवनको उत्तरार्द्धमा छु ।'

करातको व्यक्तित्व पीभी नरसिंह रावको सरकारका बेला सतहमा आएको हो । खासगरी सरकारको गलत आर्थिक नीतिका विरुद्ध उनले चलाएको कलम र त्यही आधारमा टेकेर निर्माण गरेको सङ्गठनले नै उनको व्यक्तित्वलाई पार्टी राजनीतिबाट राष्ट्रिय राजनीतिमा तानेको हो । पार्टीको मुखपत्र *'पिपुल्स डेमोक्रेसी'* मा प्रकाशित उनका तीखा, वजनदार र तार्किक टिप्पणीहरू भारतका नाम चलेका पत्रिकाका लागि पनि त्यतिबेला मुख्य लेख बन्ने गरेका थिए । भारतीय सञ्चारमाध्यमद्वारा 'कट्टरपन्थी' को विशेषण दिइएका करात सन् १९९६ मा संयुक्त गठबन्धन सरकारको नेतृत्व गर्ने अवसर आफ्ना नेता ज्योति बसुलाई आउँदा त्यसको विपक्षमा उभिएका थिए । ज्योति स्वयम्ले त्यसलाई 'ऐतिहासिक भूल' को संज्ञा दिए पनि त्यो नीतिमा करात र भाकपा (मार्क्सवादी) अझै कायम छ । सन् ००४ को निर्वाचनबाट हिन्दू कट्टरपन्थी भारतीय जनता पार्टीविरोधी सत्तारूढ युनाइटेड प्रोग्रेसिभ एलाइन्स गठबन्धनमा सामेल भए पनि सरकारमा सामेल नभएर पार्टीले आफ्नो पूर्वनीतिमा निरन्तरता दिएको छ ।

आधा शताब्दी लामो भारतीय वाम आन्दोलनमा करात मूलधारको कम्युनिस्ट पार्टीका चौथा महासचिव हुन् । ८५ वर्षीय नेता हरकिशनसिंह सुरजित बिदा भएपछि संसद्मा ६१ स्थान हासिल गरेको भारतको तेस्रो ठूलो दल भाकपा (मार्क्सवादी) को नेतृत्व कसले गर्ला भन्ने अनुमान सञ्चारमाध्यमले पनि गर्न सकेका थिएनन् । तर, सबैको साधारण नजर र अनुमान पोलिटब्युरो सदस्य सीताराम येचुरीतिर सोभिएको थियो । संसदीय राजनीति र भारतीय सञ्चारमाध्यममा छाइरहने येचुरीलाई सम्भावित महासचिवका रूपमा सञ्चारमाध्यमले प्रचार गरेका थिए । तर, सङ्गठन निर्माणमा निपूण, भारतीय सन्दर्भमा मार्क्सवादीको क्रान्तिकारी व्याख्या र उपयोगमा स्पष्ट, बौद्धिक र तार्किक नेता करातले अठारौँ महाधिवेशनबाट त्यो जिम्मेवारी पाए । पार्टीको आर्थिक नीतिका स्तम्भ येचुरी अहिले पनि सत्तारुढ गठबन्धनमा पार्टीको नेतृत्व गर्छन् ।

प्रकाश करातको नेतृत्वप्रति भारतीय राजनीति निकै आशावादी बनेको छ । बढ्दो धार्मिक कट्टरताबाट आजित भारतीय जनता फेरि काङ्ग्रेस (आई) जस्तो धर्मनिरपेक्ष पार्टीतर्फ आकर्षित हुनु उनीहरूको बाध्यता हो । विशाल भारतमा अझै कम्युनिस्ट पार्टी फैलिन सकेको छैन । शान्तिपूर्ण संसदीय धारको राजनीतिलाई ठीक ढङ्गले लिन सक्दा कम्युनिस्टहरू भारतको लोकतान्त्रिक विकल्प हुनसक्छन् भन्ने सन् ००४ को राष्ट्रिय निर्वाचनले पनि स्पष्ट पारेको छ । केरल, पश्चिम बङ्गालजस्ता कम्युनिस्ट पार्टीको पकड भएका प्रान्तमा मात्र होइन, भारतभरि नै कम्युनिस्टहरूको प्रभाव बढ्न नसके पनि बल्ल प्रचार बढ्न थालेको छ । बहुसङ्ख्यक गरिब जनताको पक्षमा युनाइटेड प्रोग्रेसिभ एलाइन्स सरकारको आर्थिक नीतिलाई भाकपा (मार्क्सवादी) ले जति बढी ढाल्न सक्छ, उसको लोकप्रियता त्यति बढ्ने आशा गर्न सकिन्छ ।

भारतीय राजनीतिमा एकाएक आएको चमत्कारिक नेतृत्वले असाधारण सफलता पाएको देखिन्छ । पर्याप्त अध्ययन, त्याग, बलिदान र सङ्घर्षबिना नै पारिवारिक कारणले व्यक्तित्व बन्ने भारतमा करातको व्यक्तित्व अरूका लागि चुनौतीका रूपमा अगाडि आएको छ । कतिपय सञ्चारमाध्यम र टिप्पणीकारले उनको व्यक्तित्वलाई पनि 'चमत्कारिक' को संज्ञा दिएका छन् । भारतीय साप्ताहिक *'इन्डिया टुडे'* ले ८ अगस्ट, ००५ को अङ्कमा करातबारे टिप्पणी गर्दै लेखेको छ- 'इतिहासले बताउँछ कि वामपन्थीले पनि करिस्माई (चमत्कारिक) नेता बनाएका छन् । यस्तो लाग्दैछ कि प्रकाश करात लामो दूरीसम्म जानेछन् ।' हो, उनको बौद्धिकता, तार्किकता र कार्यकुशलता हेर्दा उनले लामो दूरी तय गर्ने आशा गर्न सकिन्छ ।

स्रोत : *इन्डिया टुडे, आउट लुक,* www.cpim.org

## प्रकाश करात

**उमेर** : ५७ वर्ष
**जन्म** : केरल
**भाषा** : अङ्ग्रेजी, हिन्दी, बङ्गाली र मलयाली
**व्यक्तिगत रुचि** : अपराध कथा अध्ययन
**विशेषता** : मिलनसार, मितभाषी र मार्क्सवादका सिर्जनात्मक व्याख्याता

## बृन्दा करात

**उमेर** : ५७ वर्ष
**जन्म** : पश्चिम बङ्गाल
**भाषा** : हिन्दी र अङ्ग्रेजी
**व्यक्तिगत रुचि** : विशिष्ट साडी, टीका र चाँदीको चुरा
**विशेषता** : मिडियाप्रेमी, प्रखर वक्ता र छिट्टै घुलमिल हुनसक्ने

# सरकारी चेपुवामा गैरसरकारी संस्था

**कमला पराजुली**

२०६१ माघ १९ पछि समाजका सबै क्षेत्र कुनै न कुनै रूपमा प्रभावित भएका छन् । कहिले पत्रकारिता आचारसंहिताका नाममा, कहिले कर्मचारी आचारसंहिताका नाममा त कहिले सामाजिक सङ्घसंस्था आचारसंहिताका नाममा शाही सरकारले निरङ्कुशता कस्ने प्रयत्न गरिरहेको छ । सामाजिक सङ्घसंसस्थालाई नियन्त्रण गर्न ०६२ असार ३० को राजपत्रमा ०६२ सालको अध्यादेश नम्बर १० को ४ नम्बरमा मूल ऐनको दफा ९ संशोधन गरिएको सूचना प्रकाशित गरिएको छ, जसअनुसार मूल ऐनको दफा ९ मा समाज कल्याण परिषद्को काम, कर्तव्य र अधिकारको उल्लेख गरिएको छ । जसको खण्ड (क) मा 'समाज कल्याण कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने, सामाजिक सङ्घसंस्थालाई सहयोग गर्ने, तिनीहरूका बीच समन्वय गर्ने र तिनीहरूको अनुगमन, सुपरीवेक्षण र मूल्याङ्कन गर्ने/गराउने' भन्नेमा सहयोग गर्ने भन्ने वाक्यांशका पछाडि **निर्देशन दिने** भन्ने थपिएको छ भने सोही खण्डमा रहेका तिनीहरूको कामको भन्ने वाक्यांशको पछि **रेखदेख** भन्ने शब्द थपिएको छ । त्यसैगरी दफा ९ को खण्ड (ट) सम्म मात्र रहेकोमा सोही अध्यादेशमार्फत खण्ड ठ को थप व्यवस्था गरिएको छ । जसमा, 'सामाजिक सङ्घसंस्थाका लागि आचारसंहिता बनाई लागू गर्ने' भन्ने उल्लेख गरिएको छ ।

यस्तो प्रावधानले सरकार सामाजिक सङ्घसंस्थाको विकासभन्दा पनि उनीहरूमाथि नियन्त्रण गर्न उद्यत छ भन्ने स्पष्ट पार्दछ । नागरिक अधिकारलाई सुनिश्चित, प्रभावकारी र व्यवस्थित बनाइ सामाजिक विकासमा टेवा पुऱ्याउने उद्देश्यले स्थापित संस्थाहरूमाथि राजाको सरकारले किन गिद्देदृष्टि राख्यो त ? जननिर्वाचित संस्थाहरू क्रियाशील भएका बेला बनेका ऐन, नियम र कानुनहरूको संशोधनको जरुरी यतिबेलै किन महसुस भयो त ? यी प्रश्नहरू यतिबेला नागरिक समाजका अगुवाहरूले उठाइरहेका छन् ।

यस सम्बन्धमा गैरसरकारी संस्था महासङ्घका संस्थापक अध्यक्ष जगदीश घिमिरेको भनाइ छ- 'सामाजिक सङ्घसंस्था कसरी चल्ने भन्ने आचारसंहिता गैरसरकारी संस्था महासङ्घ आफैंले धेरै अगाडि बनाएर कार्यान्वयनसमेत भइरहेको छ । यस विषयमा संस्था दर्ता ऐनदेखि नियमावली, विधान सबै बनेका छन् । अहिले एकाएक परिषद्ले आचारसंहिता बनाउने आवश्यकता किन आयो ? अब बन्ने आचारसंहिता कस्तो होला ? अहिलेको सरकार, राज्यव्यवस्था, यसले राजनीतिक पार्टी, प्रेस, पेसागत क्षेत्रहरूमा गरेको हस्तक्षेपकारी क्रियाकलापबाट पनि सबै शसंकित हुने अवस्था सिर्जना भएको छ । आचारसंहिता ल्याउनु, निर्देशन दिनु, अनुगमन गर्नु नराम्रो कुरा होइन तर त्यसपछाडिको नियत के भन्ने सवाल पनि सँगसँगै जोडिएर आउँछ । राज्य व्यवस्थाबाट गलत नियत राखेर गरिने यस्ता व्यवहारले लोकतन्त्र, मानवअधिकार र नागरिक सक्रियताको चाहना राख्ने जनतालाई अझ दुःख दिने काम मात्र हुन्छ ।'

अहिले यही प्रश्नले नागरिक समाज, बुद्धिजीवी र दातृसंस्थासमेतको ध्यानाकर्षण गरेको छ । लुथरन विश्व फेडरेसन, विश्व सेवामा कार्यरत अन्तर्राष्ट्रिय गैरसरकारी संस्था कमिटीकी सदस्य शशी रिजालको भनाइ छ- 'अहिले सङ्घसंस्थाका लागि आचारसंहिताको कुनै खाँचो छैन । सङ्घसंस्था ऐन ०३४, समाज कल्याण ऐन ०४९, स्वायत शासन ऐन, अर्थ मन्त्रालयको आचारसंहिता, योजना आयोगको आचारसंहिता, परियोजना, सम्झौताजस्ता प्रावधानहरू छन्, जसले गैरसरकारी संस्थालाई छाडा हुन दिँदैनन् । भएकै ऐनहरू अझ समयानुकूल परिवर्तन र अद्यावधिक गरेर सही ढङ्गले अनुगमन गर्ने हो भने अरू थप कुनै आचारसंहिता र कानुन चाहिँदैन । संस्थाहरू पारदर्शी हुनुपर्छ भन्ने कुरा हामीले पनि मानेकै हौं तर सबै राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थालाई खातापाता बोकेर ठाँउठाउँमा पुऱ्याएर पारदर्शिताका नाममा अनावश्यक झमेला झेल्न बाध्य गराउनु ठीक हुँदैन । अहिले भएकै ऐन, कानुन र आचारसंहिताका आधारमा समाजकल्याण परिषद्ले राम्रो अनुगमन मूल्याङ्कन गरेमा यही नै पर्याप्त छ । हामीले हाम्रो कमिटीको तर्फबाट समाजकल्याण परिषद्लाई यो सुझाव दिइसकेका छौं ।'

०६२ असारमा राजपत्रमा प्रकाशित सो संशोधन र आचारसंहिता बनाउने सम्बन्धमा ०६२ असारमा नै रक्षा मन्त्रालयबाट महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयलाई 'गैरसरकारी संस्थाहरूबारे तत्काल आचारसंहिता बनाई जारी गर्ने आवश्यक व्यवस्था गर्न' निर्देशनसहितको पत्राचार गरिएको छ । रक्षा मन्त्रालयको कार्यक्षेत्रसँग असम्बन्धित यस विषयमा निर्देशनसहित पत्राचार हुनु अझ आपत्ति र आशंकाको विषय बनेको छ । यो आचारसंहिता कहिलेदेखि र कस्तो रूपमा आउला भन्ने अन्योल अझै कायम छ । मुलुकभरिका गैरसरकारी संस्थाको नेतृत्व गरिरहनुभएका गैरसरकारी संस्था महासङ्घ, नेपालका अध्यक्ष अर्जुन कार्की भन्नुहुन्छ- 'आफ्नो समुदायको आचारसंहिता अरूले बनाइदिने होइन । त्यो हामी आफैंले बनाएका छौं । अहिले रक्षा मन्त्रालयको आदेशमा गैरसरकारी संस्थाको आचारसंहिता बनाउने भन्ने कुरा पूर्वाग्रहपूर्ण छ । अहिले एकातर्फ विद्रोही पक्षले गैरसरकारी संस्थालाई जिल्लामा काम गर्न नदिइरहेको र जबरजस्ती, धम्कीपूर्ण तरिकाले गैरसरकारी संस्थाका कर्मचारीसँग चन्दा असुलिरहेको अवस्था छ भने अर्कातर्फ सरकारले पनि सताइरहेको छ । जहाँ राज्य पुग्न सकेको छैन, जनताले राज्यको अनुभूति गरिरहेका छैनन्, त्यस्ता ठाँउहरूमा पुगेर जनताको पक्षमा काम गर्न चाहने र गरिरहेका सङ्घसंस्थाहरू अहिले दोहोरो चेपुवामा परिरहेका छन् ।'

अहिले पनि सामाजिक सङ्घसंस्थाहरू संस्था दर्ता ऐन, ०३४ को दफा ११ अनुसार नै चलिरहेका छन् । जसमा, 'श्री ५ को सरकारले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ' भन्ने उल्लेख छ । उक्त ऐनअनुसार 'संस्था' भन्नाले 'सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, सैद्धान्तिक, शारीरिक, आर्थिक, व्यावसायिक तथा परोपकारी कार्यहरूको विकास एवम् विस्तार गर्ने उद्देश्यले स्थापना भएको सङ्घसंस्था, क्लब, मण्डल, परिषद्, अध्ययन केन्द्र आदि सम्झनुपर्छ र सो शब्दले मैत्री सङ्घसमेतलाई जनाउँछ' भनिएको छ । उक्त ऐनको दफा १० मा हिसाब जाँच गर्ने भनिएको छ, जसअनुसार 'स्थानीय अधिकारीले आवश्यक देखेमा संस्थाको हिसाब

आफूले नियुक्त गरेको कुनै अधिकृतद्वारा जाँच गराउन सकिनेछ' भनिएको छ । यसरी हिसाब जाँच गर्दा स्थानीय अधिकारीले हिसाब जाँच हुन आएको मौज्दात रकमबाट सयकडा तीन प्रतिशतसम्म रकम दस्तुरको रूपमा लिन पाउनेसमेत व्यवस्था छ । अहिलेभन्दा २८ वर्षअगाडि यो ऐन बन्दा र अहिलेको अवस्थामा सङ्घसंस्थाको कार्यशैली, क्षेत्र र उद्देश्य बृहत् भइसकेको छ । अहिलेको अवस्थामा गैरसरकारी संस्थाको परिभाषा, भूमिका र अन्य परोपकारी तथा धार्मिक भजनमण्डलीको परिभाषा र भूमिकालाई पनि अलग गरिनु त्यत्तिकै आवश्यक हुन आउँछ । तिनीहरूलाई गर्ने अनुगमन प्रक्रिया, मूल्याङ्कन प्रक्रिया र राज्यको दृष्टिकोण पनि फरक र बृहत् हुन आवश्यक छ ।

सङ्घसंस्थाको आचारसंहिता भन्नाले कस्तो प्रकृतिको संस्थालाई कस्तो आचारसंहिता लागू हुने भन्ने प्रश्न पनि गम्भीर छ । ०४७ सालपछाडिको अवस्थामा हाम्रो देशमा गैरसरकारी संस्थाहरूले निभाएको भूमिकालाई कम आँक्न र निष्क्रिय बनाउन सकिँदैन । सहरदेखि गाउँ, हिमाल-पहाडदेखि तराई, महिला, बालबालिका, बृद्धबृद्धा, आदिवासी, जनजाति, दलित, अल्पसङ्ख्यक सबैका माझमा सचेतना र जागरणको अभियान लिएर गैरसरकारी संस्थाहरू नै पुगेका छन् । मानवअधिकार, महिलाअधिकार, बालअधिकारका विषयमा जनतालाई सचेत र जागरुक बनाएका छन् । त्यति मात्र होइन, जनताले राज्यबाट पाउनुपर्ने सुविधा र अवसरसमेत गैरसरकारी संस्थाहरूले पु्याएका छन् । गाउँ-गाउँमा भौतिक पूर्वाधारहरू बाटो, बिजुली, खानेपानी, शौचालय, स्कुल, स्वास्थ्यचौकी, कुलो, बाँध, मानवीय अत्यावश्यक सेवाका कुराहरू एम्बुलेन्स, स्वास्थ्य कार्यकर्ता, कानुनी परामर्श, विद्यालय भर्ना, किताबकापी वितरण, आयआर्जन कार्यक्रम, सीप विकासका कार्यक्रम र सामाजिक सेवा तथा सुविधाका सवाललगायत राज्यका विभिन्न निकायलाई सम्बन्धित विषयहरूमा सहकार्य गर्ने, लवी गर्ने र जनतासँग पारदर्शी बनाउने, जनतालाई विकासको अर्थ बुझाएर सहभागितात्मक सोचबाट विकासमा सहभागी गराउनेजस्ता गैरसरकारी संस्थाको भूमिकालाई कम आँक्न मिल्दैन ।

तर, अब गैरसरकारी संस्थाहरू राजनीतिक क्रियाकलापसँग संलग्न हुन नपाउने, सबै संस्थाहरू राजा र राजसंस्थाप्रति बफादार हुनुपर्ने, विद्रोही पक्षसँग समन्वय र सम्पर्क भएको थाहा हुन आएमा संस्था नवीकरण नगरिने या रद्दसमेत गर्न सकिने, आवश्यकताअनुसार जिल्लास्थित सुरक्षा निकायले गैरसरकारी संस्थाको कार्यक्रम, बजेट अनुगमन गर्न सक्ने भन्ने सर्कुलर सरकारी पक्षबाट जिल्लामा कार्यरत विभिन्न मानवअधिकारवादी तथा विकासवादी संस्थाहरूलाई पुगिसकेको कुरा थाहा हुन आएको छ । यस विषयमा मानवअधिकारको क्षेत्रमा जनवकालत गर्दै आएको संस्था अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का अध्यक्ष सुवोधराज प्याकुरेल भन्नुहुन्छ- 'राज्यले जनताको नागरिक तथा राजनीतिक अधिकारको महासन्धि, मानवअधिकारको विश्वव्यापी घोषणापत्र, अन्तर्राष्ट्रिय मानवीय कानुन र जेनेभा महासन्धिलाई अनुमोदन गरेर स्वीकार पनि गरेको छ । त्यसैले राजनीति केलाई भन्ने ? विकासको कुरा गर्दा पनि राजनीति हुन्छ, मानवअधिकारको कुरा गर्दा पनि राजनीति हुन्छ, अन्यायमा परेकाले न्याय खोज्दा पनि राजनीति हुन्छ । जहाँ अधिकारको कुरा उठ्छ, त्यहाँ राजनीति हुन्छ । राजनीतिलाई कसरी परिभाषित गर्ने ?' आफूलाई आवश्यक पर्दा सरकारले नै सामाजिक संस्थाको सहयोग लिइरहेको उदाहरण दिँदै उहाँ भन्नुहुन्छ- 'शाही सेनाको हेडक्वार्टरबाट हामीलाई दुई सयभन्दा बढी लिखित पत्र आएका छन् । विद्रोहीहरूसँग वार्ता गरी हाम्रा सुरक्षाकर्मीलाई सकुशल रिहाइ गराइदिनुपऱ्यो, विद्रोहीबाट बन्धक बनाइएका सुरक्षाकर्मीलाई अन्तर्राष्ट्रिय मानवीय कानुनअनुसार मानवीय व्यवहार गर्न अनुरोध गरिदिनुपऱ्यो भन्ने आग्रह ती पत्रमा गरिएको छ । हामी मानवअधिकारवादीहरूले ती कुरालाई सकारात्मक रूपमा लिएका छौं र सकारात्मक पहल पनि भइरहेको छ । तर, मानवअधिकार हनन शाही सेनाको मात्र हुँदैन । जनताको पनि हुन्छ र विद्रोहीको पनि हुन्छ । हामीले निष्पक्ष व्यवहार गर्नुपर्छ । सबैका लागि जेनेभा कन्भेन्सन र मानवीय कानुनको वकालत गर्नुपर्छ । राज्यलाई अप्ठ्यारो पर्दा विद्रोहीसँग समन्वय गर्न र वार्ताका लागि पहल गराई माग्न मानवअधिकारवादीसँग अनरोध गर्ने । तर, आफ्ना कारण जनताले दुःख पाएको अवस्थामा चाहिँ विद्रोहीसँग सम्पर्क भएमा पनि कारबाही गर्न सकिने भन्ने यो कस्तो मापदण्ड ? मानवअधिकारमाथि विश्वास गर्ने र पटक-पटक मानवअधिकारको दुहाइ दिने राज्य प्रमुखले जनताको नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको सम्मान गर्न पनि जान्नुपर्छ ।'

तर, वास्तविकता फरक छ । जनताको भलाइका नाममा अझ जनतालाई उत्पीडन दिने काम भइरहेको छ । ०६१ माघ १९ पछि जतातत्तै अस्थिरता बढेको छ । महँगीले चरमचुली नाघेको छ । जनताको आधारभूत आवश्यकता, सरसमान, खाद्यान्न, इन्धन, ग्यास, यतायातलगायत सबै कुरामा महँगी बढेको छ । राजदरबारको खर्च बढाइएको छ तर पेसाकर्मीहरूको तलब बढेको छैन । उद्योगधन्दा, कलकारखाना बन्द भएका छन् । मजदुरको काम खोसिएको छ । जनताको आर्थिक अवस्था अझ खस्किएको छ । हिंसा बढिरहेको छ । जतातत्तै असुरक्षा छ । आफ्नो घरबास भन्न पाउने अवस्था छैन । यो पीडाबाट सर्वसाधारण जनता मात्र होइन, राजनीतिक नेता र मानवअधिकारवादी नेतासमेत मुक्त छैनन् । 'माघ १९' को घोषणापश्चात् राज्यले गिरफ्तार गरेर पाँच महिना हिरासतमा राखिएका मानवअधिकारवादी नेता कृष्ण पहाडीको सङ्खुवासभा मादीस्थित घरजग्गा अहिले माओवादीको कब्जामा छ । पहाडीकी अमासँग एक लाख रुपियाँ चन्दा मागेर पटक-पटक धम्क्याउँदा पनि नपाएपछि उनीहरूले त्यसो गरेका हुन् । त्यति मात्र होइन, उहाँको मोरङ जिल्लास्थित थलाहाको ३४ बिघा जग्गा पनि उनीहरूले नै कब्जामा लिएका छन् । यसरी राज्य र विद्रोही दुवै पक्षको चेपुवा सहनुपरेको छ मानवअधिकारकर्मीले समेत । त्यस्तो अवस्थामा मानवअधिकारवादी र नागरिक समाजको दायित्व के हुनसक्छ भन्ने प्रश्नमा पहाडि भन्नुहुन्छ- 'माघ १९ पछि सरकार सैनिकबलमा टिकेको छ । जनताले पटक्कै राज्यको अनुभूति गर्न पाएका छैनन् । निरङ्कुशता झन्झन् बढेको छ । अब यो अवस्थाबाट मुक्त हुनु भनेको लोकतन्त्रको आन्दोलनलाई तेज गरेर स्थायी शान्तिको खोजीमा लाग्नु नै हो । नेपालको

राजतन्त्र नै निरङ्कुशताको मूल जड हो । यसले सधैँ शक्तिको दुरुपयोग गरेर जनतालाई रैती बनाइरहेको छ । जसरी हुन्छ-दमन गरेर, सबै क्षेत्रमा प्रतिबन्ध लगाएर विरोधका स्वरहरू मन्द गराउनु यसको प्रमुख उद्देश्य हो ।'

राजा र राजाकै नेतृत्वमा रहेको सरकारका प्रतिनिधिहरूले पटक-पटक मानवअधिकार, प्रजातन्त्र र जनताको अधिकारको सवाल उठाइरहेकै बेला कुन-कुन मानवअधिकारवादी संस्थाका को-को पदाधिकारीहरू र को-को कर्मचारी छन् भन्ने विवरण सुरक्षाकर्मीहरूबाट मागिएको छ । मानवअधिकारकर्मीलाई आवागमनमा रोकावट र धरपकडसमेत गरिएको छ । जिल्ला-जिल्लामा सरकारले गठन गरेका अवैधानिक अनुगमन समितिहरूले गैरसरकारी संस्थाहरूको हिसाब किताब माग्न थालेका छन् । कतिपय जिल्लामा कार्यरत संस्थाहरूलाई हरेक महिना उनीहरूले गर्ने कार्यक्रमको अग्रिम योजना, सम्पन्न भएका कार्यक्रमको विवरण र हिसाब किताबसमेत जिल्लास्थित सुरक्षा निकायमा बुझाउनसमेत निर्देशन दिएको पनि जानकारीमा आएको छ । जिल्लामा कार्यरत सङ्घसंस्थाहरूले एकातर्फ विद्रोही पक्षको दबाब खप्नुपर्ने, पारदर्शिताका नाममा उनीहरूको जनसरकारमा दर्ता हुनुपर्ने, उनीहरूले मागेजति चन्दा बुझाउनुपर्ने, त्यसो नगर्दा त्यस क्षेत्रमा कामै गर्न नपाउने धम्कीसमेत आइरहेको अवस्था छ भने अर्कातर्फ जनताका माझमा काम गर्ने प्रतिबद्धता बोकेका संस्थाहरूप्रति राज्यबाट प्रदर्शित यस्तो कार्यशैलीले आखिर कसलाई सहयोग पुग्दैछ भन्नेतर्फ पनि गम्भीर भएर सोच्ने बेला आएको छ ।

# पाल्पामा कम्युनिस्ट आन्दोलन

## राधाकृष्ण कँडेल

**रा**णाशाहीद्वारा गरिएको हत्या, दमन, अन्याय र अत्याचारका विरुद्ध प्रजातन्त्रको स्थापना गर्ने भावनाका साथ वि.स.२००० को सेरोफेरोमा भारतमा अध्ययन गरी घर फर्केका पाल्पाली नौजवानहरू गौरीशङ्कर सैँजु, प्रयागलाल श्रेष्ठ, हिक्मतप्रसाद, डा.लोकेन्द्रमान सिंह र जगतबहादुर जोशीले तानसेनको श्रीनगर डाँडामा गोप्य रूपमा भेला भई सामूहिक व्यायाम गर्ने बहानामा भित्री रूपमा निरङ्कुश राणाविरोधी जागरण ल्याउने उद्देश्यले 'धवल सङ्घ' को स्थापना गरे । यस सङ्घमाथि छिट्टै राणाहरूको कुदृष्टि पऱ्यो । राणाहरूको बारम्बारको धम्की, प्रहरीआतङ्क, सङ्घमाथि भएको रोकटोकका बावजुद सङ्घ धवल पुस्तकालयमा परिणत भयो । यसले पाल्पामा राणाविरोधी राजनीतिक आधारशीला तयार गऱ्यो । यो सङ्घसित आबद्ध युवाहरू मार्क्सवादी राजनीतितर्फ आकर्षित र संलग्न भएको पाइन्छ । ००४ सालको जयतु संस्कृतम् आन्दोलनमा कमलराज रेग्मीहरूले भाग लिएका थिए भने ००४ सालमा कलकत्तामा बनेको प्रगतिशील अध्ययन मण्डलमा प्रयागलाल श्रेष्ठ सहभागी हुनु र पछि जगतबहादुर जोशी र हिक्मत सिंह आदि नेकपामा सङ्गठित हुनुले सङ्घ र पुस्तकालयले राणाविरोधी आन्दोलनका साथै पाल्पामा कम्युनिस्ट आन्दोलनको सुरुवातका निम्ति महत्त्वपूर्ण आधारशीला तयार पारेको थियो भन्न सकिन्छ ।

००६ सालमा नेकपाको स्थापनालगत्तै पार्टीका संथापक महासचिव पुष्पलालसँग सम्पर्क स्थापित गरी आउनुभएका तानसेन निवासी मृगेन्द्रध्वज जोशीको सक्रियतामा चिनियाँलाल बज्राचार्य र पूर्णमान थैवसमेत तीन जनाको सेल कमिटी गठन भयो । सेलको सचिवमा चिनियाँलाल बज्राचार्य हुनुहुन्थ्यो । यसले कम्युनिस्ट पार्टीको प्रचारप्रसारका लागि हस्तलिखित पत्रिका प्रकाशन र कम्युनिस्ट पार्टीको पक्षमा जनमत तयार गरी राणाविरोधी भावनालाई जगाउनुका अतिरिक्त ००७ सालको राणाविरोधी आन्दोलनमा सक्रिय भूमिका निर्वाह गरेको थियो । ००७ सालको आन्दोलनलाई दिल्ली सम्झौतामा टुङ्ग्याइएको विरोधमा राष्ट्रव्यापी विरोध प्रदर्शनका क्रममा पाल्पाली कम्युनिस्टहरू 'दिल्ली सम्झौता धोखा हो, अपवित्र गठबन्धन मुर्दावाद, दिल्ली सम्झौता खारेज गर !' जस्ता नारा घन्काउँदै सडकमा उत्रिएका थिए ।

००८ सालको सुरुमा नेकपाको योजनाबद्ध रूपमा सङ्गठन विस्तार गर्ने केन्द्रीय नीतिअनुरूप शैलेन्द्रकुमार उपाध्यायको उपस्थितिमा तानसेनमा राधाप्रसाद घिमिरे, कमलराज रेग्मी, चिनियाँलाल बज्राचार्य, त्रिरत्न बज्राचार्य, बुद्धरत्न बज्राचार्य, पूर्णमान थैव, लक्ष्मीप्रसाद श्रेष्ठ, ठाकुरप्रसाद थान्जु रहेको कर्णाली प्रान्तीय कमिटी निर्माण गरी काम अगाडि बढाइयो । कामको केन्द्रविन्दु भने पाल्पा नै थियो । ००८ भदौ महिनामा कमलराज रेग्मीको नेतृत्वमा बुद्धराज मलेगो, हरि सुमेरु, त्रिरत्न बज्राचार्य, गुणाखर भट्टराई, वासुदेव नेपाल, जगतबहादुर जोशी रहेको पहिलो जिल्ला सङ्गठन कमिटीको गठन भयो ।

००९ सालतिर कर्णाली प्रान्तीय कमिटीलाई पुनर्गठन गरी प्यूठान, बुटवल र पाल्पालाई पश्चिम गण्डक प्रान्तीय कमिटी नामकरण गरी यस कमिटीमा डा. केशरजंग रायमाझी, कमलरज रेग्मी, बीआर राई, रघुनाथ रायसमेत रहेको पाइन्छ ।

००८ सालमा पार्टीमाथि प्रतिबन्ध लगाएपछि पार्टीको भूमिगत नेतृत्व र निर्देशनमा अनेकिसङ्घलाई सक्रिय बनाउने उद्देश्यका साथ खुला नेतृत्व स्थपित गर्ने र किसान आन्दोलनलाई अगाडि बढाउने काम पाल्पामा पनि भयो । यस अवधिमा महत्त्वपूर्ण सङ्घर्षहरू सञ्चालन गरिए । जसमा बाँधा मुक्ति आन्दोलन, हलो जोत्ने आन्दोलन, रुके मुखियाविरोधी आन्दोलन, जिम्मवाल लालप्रसादविरोधी आन्दोलन, गणेशजङ्गविरोधी आन्दोलन, स्थानीय जालीफटाहाविरोधी आन्दोलन, ००९/०१० सालतिर भएको गोल रकम तथा गोदाम प्रथा तोड आन्दोलन, ओलक प्रथा, बेठबेगारी तथा झराली प्रथा तोड आन्दोलन, ०१२ को मोहीयानी हक बहाली आन्दोलन, घूसखोर कर्मचारीका मतियार अन्तरे भन्ने जयनारायण श्रेष्ठविरोधी आन्दोलन, छहजार बतासा (हालको ज्यामिरे) मा किसानहरूमथिको शोषणका विरुद्ध सिउँडे मुखियाविरोधी आन्दोलन, ढुङ्गानाबेसी गल्धामा तमसुक च्यात्ने आन्दोलन प्रमुख रहेका छन् । यी आन्दोलनका माध्ययमबाटै पाल्पामा कम्युनिस्ट आन्दोलन लोकप्रिय बनेको थियो । यी आन्दोलनको नेतृत्व तत्कालीन नेता-कार्यकर्ता कमलराज रेग्मी, बीआर राई, ईश्वरी आचार्य, प्रेमप्रकाश नेपाल, होमबहादुर श्रेष्ठ, कुलबहादुर आले, वासुदेव नेपाल,

घण्टप्रसाद अर्याल, हरि सुमेरु, भीमबहादुर सेन, टङ्कराज अर्याल, रीतमान राना, बुद्ध मलेगो, जगतबहादुर जोशी, श्यामप्रसाद श्रेष्ठ, हरि कोइराला आदिले गरेका थिए ।

०११ सालको मङ्सिरमा जिल्ला सङ्गठन कमिटी पुनर्गठन भयो । जसको सचिव बीआर राई, सदस्यहरू जगतबहादुर जोशी, टकबहादुर कार्की, वासुदेव नेपाल, हरि सुमेरु, बुद्धराज मलेगो, त्रिरत्न बज्राचार्य र रीतमान राना रहेका थिए । ०१३ मा पार्टीमाथिको प्रतिबन्ध हटेपछि ०१३ साउन २४, २५ र २६ मा पाल्पाको प्रथम जिल्ला सम्मेलन भयो ।

०१५ सालको आमचुनावमा पाल्पालाई दुई निर्वाचन क्षेत्रमा बाँडिएको थियो । पूर्वी क्षेत्र नम्बर ९४ बाट नेकपाका उम्मेदवार कमलराज रेग्मीले छ हजार पाँच सय ६३ मत प्राप्त गरी विजय हासिल गरे । ०१७ सालमा जिल्ला कमिटी पुनर्गठन गरी सचिवमा प्रेमप्रकाश नेपाल छानिनुभयो । राजा महेन्द्रबाट ०१७ सालमै जननिर्वाचित संसद् भङ्ग गरी पार्टीमाथि प्रतिबन्ध लगाएपछि सांसद कमलराज रेग्मी र सचिव प्रेमप्रकाश नेपाल जेल पर्नुभयो । ०१८ सालमा जिल्ला कमिटीलाई पुनर्गठन गरी बीआर राई सचिव रहेको १७ सदस्यीय जिल्ला कमिटी बन्यो । भूमिगत स्थितिमा पार्टीलाई अगाडि बढाउन विभिन्न समस्याहरू पर्दै गए । त्यसमाथि पार्टीको महासचिव केशरजङ्ग रायमाझी, पार्टी केन्द्रीय कमिटी सदस्य एवम् सांसद कमलराज रेग्मी, प्रेमप्रकाश नेपालसहित कतिपय कार्यकर्ता पलायन हुने स्थितिले पाल्पाको कम्युनिस्ट अन्दोलनलाई क्षतविक्षत बनायो । पछि ०२५ सालमा तेस्रो राष्ट्रिय सम्मेलन गरी नयाँ जनवादी कार्यक्रम अगाडि सारेपछि त्यसले पाल्पाका कम्युनिस्ट कार्यकर्तालाई आकर्षित गर्‍यो । ०२६ माघमा पाल्पाको अर्गलीमा कार्यकर्ता भेला भयो । त्यस भेलाले सचिवमा युवराज पाण्डे र सदस्यमा गजेन्द्र बास्तोला, कुलप्रसाद नेपाल, दुर्गाप्रसाद खनाल, टङ्कराज अर्याल, उमनाथ आत्रेय, नरबहादुर रानासमेत रहेको जिल्ला सङ्गठन कमिटी निर्माण गर्‍यो । ०२६ माघमा राजतन्त्र र पञ्चायती व्यवस्थाविरुद्ध पर्चा छर्ने र वितरण गर्ने कार्यक्रम बनाइएकोमा सो हुनुअगावै जीवराज आश्रित र कुलप्रसाद नेपाललाई गिरफ्तार गरी जेल चलान गरियो ।

०२७ सालमा जिल्ला सङ्गठन कमिटीलाई पुनर्गठन गरियो । उक्त कमिटीको सचिवमा दुर्गाप्रसाद खनाल, शेरसिं पाण्डे, मेघराज न्यौपाने, भीमराज न्यौपाने, बुद्धिनाथ अर्याल, प्रेम पङ्गेनी, बाबुराम पाण्डे रहनुभएको थियो । ०२८ मङ्सिरमा जिल्ला कमिटीमा फेरबदल गरियो । सचिवमा दुर्गाप्रसाद खनाल र सदस्यहरूमा सोमनाथ अर्याल, शेरसिं पाण्डे, जयप्रकाश नेपाल, यमप्रसाद पाण्डे र रामचन्द्र अर्याल रहनुभएको थियो । ०२९ सालमा पुनः जिल्ला कमिटीको पुनर्गठन गरियो, जसको सचिवमा दुर्गाप्रसाद खनाल र सदस्यहरूमा कुलप्रसाद नेपाल, सोमनाथ अर्याल, यमप्रसाद पाण्डे, शेरसिं पाण्डे रहनुभयो । ०३० सालमा पार्टीले चलाएको शोषक-फटाहाविरोधी अभियानका सिलसिलामा सिद्धेश्वरमा प्याँले प्रभु थानेश्वर पन्तलाई कालोमोसा दली उनका कुकृत्यको भण्डाफोर गरिएको थियो । ०३० कार्तिकमा 'बचत फिर्ता गर, घरकर खारेज गर !' भन्ने नारा लगाउँदै जुलुस प्रदर्शन गरियो । ०३१ माघमा सिद्धिनाथ ज्ञवाली, देवेन्द्र घिमिरेको उपस्थितिमा जिल्ला कमिटी पुनर्गठन गरियो, जसको सचिवमा यमप्रसाद पाण्डे र सदस्यहरूमा सोमनाथ अर्याल, विष्णु प्रभात र खेमराज गिरी रहनुभयो ।

तत्कालीन अवस्थामा पार्टीलाई क्रान्तिकारी धारामा लैजान नसकेको आरोप एकातिर लागिरहेको थियो भने अर्कोतर्फ झापामा विद्रोह पनि भइसकेको थियो । यस अवस्थामा लुम्बिनी अञ्चलका केही जिम्मेवार कमरेडहरू पुष्पलालको विचारसँग असहमत हुँदै ०३३ सालमा मोदनाथ प्रश्रित, जीवराज आश्रित, वामदेव गौतम, देवेन्द्र घिमिरे, सिद्धिनाथ ज्ञवालीलगायतले मुक्ति मोर्चाको नामबाट पार्टी गतिविधि सञ्चालन गर्नुभएको थियो । ०३४ सालमा त्यो मुक्ति मोर्चा समूह र नेपाल क्रान्तिकारी को-अर्डिनेशन कमिटी एकीकृत भयो । त्यसपछि ०३४ सालमा पश्चिम पाल्पाबाट सङ्गठित कार्यको पुनः सुरुवात भयो भने मध्य तथा पूर्वी भागमा नेकपा मार्क्सवादीले सङ्गठन र आन्दोलन गरेको थियो ।

०३५ पुस ११ मा नेकपा (माले) को स्थापना भएपछि ०३५ को अन्त्यतिर जीवराज आश्रित सचिव र सिद्धिनाथ ज्ञवाली, देवेन्द्र घिमिरे, प्रदीप ज्ञवाली सदस्य रहेको पाल्पा-गुल्मी संयुक्त जिल्ला कमिटीको गठन भयो । पाल्पाको विशेष जिम्मेवारी जीवराज आश्रितले लिनुभयो । सर्वप्रथम जीवराज आश्रित सचिव र भविश्वर भट्टराई, रामप्रसाद ज्ञवाली, लक्ष्मण घिमिरे र मीनप्रसाद खनाल रहेको विशेष इलाका कमिटी बनाई कामको सुरुवात भयो । खासगरी ०३५ सालको विद्यार्थी आन्दोलनलाई दमन गर्ने पञ्चायती व्यवस्थाका विरुद्ध तानसेन सदरमुकाममा जुलुस प्रदर्शन गरियो ।

०३७ सालमा जिल्लामा नेकपा (माले) को व्यवस्थित रूपमा सङ्गठनात्मक काम गर्ने योजनाका साथ गोपाल शाक्य सचिव र विष्णु पौडेल एवम् लक्ष्मण घिमिरे सदस्य रहनुभएको जिल्ला सङ्गठन कमिटीको निर्माण गरियो । पछि नरेश्वर ज्ञवालीलाई पनि समावेश गरियो । गोपाल शाक्य र नरेश्वर ज्ञवाली पार्टीको विचारसँग असहमत हुनुभयो र लक्ष्मण घिमिरेले जिम्मेवारी बहन गर्न असमर्थ हुँदै अलग्गिएपछि ०३८ सालमा जिल्ला सङ्गठन पुनर्गठन गरियो, जसको सचिवमा सिद्धिनाथ ज्ञवाली र सदस्यमा विष्णु पौडेल र विष्णु प्रभात रहनुभयो । पछि ०४० मा दलबहादुर रानालाई जिल्ला पार्टीमा समावेश गरियो । ०४१ मा विष्णु पौडेल अर्घाखाँची सरुवा र विष्णु प्रभात पार्टीको जिम्मेवारीबाट मुक्त भएपछि झपेन्द्रबहादुर जीसीलाई उक्त कमिटीको सदस्यमा समावेश गरियो ।

०४४ जेठमा झपेन्द्र जीसी गुल्मी सरुवा हुनुभएपछि यादवबहादुर रायमाझीलाई जिसकमा समावेश गरियो । त्यसपछि सचिव सिद्धिनाथ ज्ञवाली र सदस्यहरूमा वेदुराम भुसाल, यमनाथ पाठक, एकप्रसाद भण्डारी, यादवबहादुर रायमाझी रहेको जिल्ला सङ्गठन कमिटी क्रियाशील रह्यो । ०४४ सालमा नै दलबहादुर राना गुल्मी सरुवा भई जानुभएको थियो । ०४६ मा भरत पोखरेललाई जिसकमा समावेश गरियो ।

०४७ वैशाख ११ मा जिल्ला सङ्गठन कमिटीमा पुनः फेरबदल भयो, जसको सचिवमा दलबहादुर राना र सदस्यहरूमा झपेन्द्र जीसी, रामप्रसाद भट्टराई, एकप्रसाद भण्डारी र यमनाथ पाठक रहनुभयो । पार्टी कामलाई थप अगाडि बढाउन मीनप्रसाद गैरे, अशोक शाही, दुर्गाप्रसाद खनाल र यादवबहादुर रायमाझीलाई पछि थप गरियो ।

नेकपा (माले) र नेकपा (मार्क्सवादी) बीचको एकीकरणपछि ०४७ फागुन २ मा पाल्पामा पार्टी एकीकरण भयो, जसको सचिवमा यमप्रसाद पाण्डे, उपसचिवमा दलबहादुर राना, सदस्यहरूमा झपेन्द्रबहादुर जीसी, रामप्रसाद भट्टराई, एकप्रसाद भण्डारी, यमनाथ पाठक, मीनप्रसाद गैरे, अशोक शाही, गङ्गादेवी कसजू, लीला भण्डारी, गणेश खनाल रहनुभएको थियो ।

०४८ असार २५ मा जिल्ला सङ्गठन कमिटीलाई थप विस्तार गरियो, जसमा कुलप्रसाद नेपाल, दयाराज बस्याल, नारायण जीसी, मित्रलाल गौतम, डा. गोपाल खनाल, मुक्तबहादुर सारु, निलकण्ठ न्यौपानेलाई र ०४८ भदौ २ मा देवती आचार्य, रुक्मिणी देवकोटा, विष्णु पन्थी र यादवबहादुर रायमाझीलाई समावेश गरियो ।

०४८ असोज २६ मा पुरानो जिसक विघटन गरी प्रथम जिल्ला अधिवेशन आयोजक कमिटी निर्माण गरियो । संयोजक दलबहादुर राना रहनुभयो भने सदस्यहरूमा झपेन्द्रबहादुर जीसी, रामप्रसाद भट्टराई, यमनाथ पाठक, यमप्रसाद पाण्डे, सोमनाथ अर्याल, एकप्रसाद भण्डारी, अशोक शाही, कुलप्रसाद नेपाल, दयाराज बस्याल, गङ्गादेवी कसजू, कालीदास श्रेष्ठ, डा. गोपाल खनाल, नीलकण्ठ न्यौपाने, मुक्तबहादुर सारु, मित्रलाल गौतम, मीनप्रसाद गैरे रहनुभयो ।

०४८ मङ्सिर २१ र २२ मा नेकपा (एमाले) पाल्पाको प्रथम जिल्ला अधिवेशनको उद्घाटन तत्कालीन पोलिटब्युरो सदस्य सिद्धिलाल सिंहले गर्नुभएको थियो । अधिवेशनले झपेन्द्र जीसी सचिव रहेको १७ सदस्यीय जिल्ला कमिटी निर्माण गर्‍यो, जसको सदस्यहरूमा अशोक शाही, एकप्रसाद भण्डारी, कालीदास श्रेष्ठ, किशोर लोहनी, कुलप्रसाद नेपाल, दलबहादुर राना, दयाराज बस्याल, देवती आचार्य, नुरराज बस्याल, मीनप्रसाद गैरे, मुक्तबहादुर सारु, यमनाथ पाठक, यादवबहादुर रायमाझी, रामचन्द्र आचार्य, रामप्रसाद भट्टराई र सोमनाथ अर्याल रहनुभयो ।

०५० फागुन २७ र २८ मा दोस्रो जिल्ला अधिवेशनको उद्घाटन पार्टी स्थायी कमिटीका सदस्य तुलसीलाल अमात्यले गर्नुभयो । अधिवेशनले सचिवमा दलबहादुर राना, उपसचिवमा एकप्रसाद भण्डारी र सदस्यहरूमा दयाराज बस्याल, झपेन्द्रबहादुर जीसी, रामप्रसाद भट्टराई, कुलप्रसाद नेपाल, बुद्धिराज गौतम, यादवबहादुर रायमाझी, भद्रबहादुर थापा, राधाकृष्ण कँडेल, नारायण जीसी, अशोक शाही, देवती आचार्य, नुरराज बस्याल, मुक्तबहादुर सारु, रामचन्द्र आचार्यलाई चयन गर्‍यो । रामचन्द्र आचार्य जिल्लाबाहिर जानुभएको र देवती आचार्य पनि जिल्ला कमिटीबाट हट्नुभएपछि धनेन्द्रराज घिमिरे, लेखनाथ पोखरेल, सोमप्रसाद पाण्डे र दुर्गाप्रसाद खनाललाई जिकसमा मनोनन गरियो । उपसचिव एकप्रसाद भण्डारीले अस्वस्थताका कारणले पदबाट दिनुभएको राजीनामा स्वीकृत गरी दयाराज बस्याललाइ उपसचिवमा चयन गरियो । पार्टी केन्द्रको निर्देशनअनुसार सांसद र सभापति जिल्ला पार्टी सचिव रहन नमिल्ने भनिएपछि क्षेत्र नम्बर १ का सांसद दलबहादुर रानालाई सचिव पदबाट मुक्त गरी दयाराज बस्याललाई सचिव र धनेन्द्रराज घिमिरेलाई उपसचिवमा चयन गरियो । ०५४ को छैठौं राष्ट्रिय महाधिवेशनपश्चात् भएको पार्टी विभाजनमा केही कमरेडहरू नेकपा ( माले) मा संलग्न हुनुभएपछि मीनप्रसाद गैरे, भोगबहादुर थापा, देवीलाल लामिछाने, कमल मलेगो, टीकाराम भण्डारी र कृष्णप्रसाद बस्याललाई समावेश गरी १९ जनाको जिल्ला कमिटी निर्माण भयो ।

०५५ असोज ३० र ३१ गते तेस्रो जिल्ला अधिवेशनको उद्घाटन पार्टीका अध्यक्ष मनमोहन अधिकारीले गर्नुभएको थियो । अधिवेशनले सचिवमा धनेन्द्रराज घिमिरे, उपसचिवमा राधाकृष्ण कँडेल र सदस्यहरूमा रामप्रसाद भट्टराई, लेखनाथ पोखेल, दयाराज बस्याल, यादवबहादुर रायमाझी, कुलप्रसाद नेपाल, सोमप्रसाद पाण्डे, न्योबहादुर सुनारी, दलबहादुर जर्घा, पदमप्रसाद अर्याल, भद्रबहादुर थापा, देवीप्रसाद गैरे, टीकाराम भण्डारी, तिलकराम घिमिरे, मोहन थापा, कमल मलेगो, माधव आचार्य, परशुराम भट्टराई, वैकल्पिक सदस्यमा जयबहादुर सारु, उर्मिला शर्मा, ओमबहादुर घर्तीमगरलाई निर्वाचित गर्‍यो । ०५५ पुसमा सिरु गोतामेलाई जिकसमा मनोनयन गरियो । पदमप्रसाद अर्याललाई ०५६ भदौमा बिदा दिइसकेपछि रिक्त स्थानमा युवराज खनाललाई समावेश गरियो । ०५७ असारमा नारायण जीसी, देवीप्रसाद बस्याल, कृष्णप्रसाद बस्याललाई जिकमा समावेश गरियो । ०५७ चैतमा दयाराज बस्याल लुम्बिनी अञ्चल समन्वय कमिटीको सदस्यमा मनोनयन हुनुभएपछि रिक्त स्थानमा दुर्गाप्रसाद खनाल र वैकल्पिक सदस्यमा टङ्कनाथ खनाललाई समावेश गरियो ।

०५८ असोज २७ र २८ मा भएको चौथो जिल्ला अधिवेशनको उद्घाटन पार्टी स्थायी कमिटीका सदस्य झलनाथ खनालले गर्नुभयो । अधिवेशनले सचिवमा धनेन्द्रराज घिमिरे, उपसचिवमा राधाकृष्ण कँडेल र सदस्यहरूमा यादवबहादुर रायमाझी, देवीप्रसाद बस्याल, लेखनाथ पोखरेल, कुलप्रसाद नेपाल, सोमप्रसाद पाण्डे, न्यौबहादुर सुनारी, युवराज खनाल, भोगबहादुर थापा, टङ्कनाथ खनाल, नारायण आचार्य, विमल काफ्ले, नुरराज बस्याल, कृष्णप्रसाद बस्याल, मोहन थापा, टीकाराम भण्डारी, परशुराम भट्टराई, मेघराज न्यौपाने, माधवप्रसाद आचार्य, ओमबहादुर घर्तीमगर, सिरु गोतामे र उर्मिला शर्मालाई चयन गर्‍यो । ०५८ कात्तिकमा भद्रबहादुर थापालाई जिकमा समावेश गरियो । ०५८ मङ्सिरमा दुर्गाप्रसाद खनाल र कमल मलेगोलाई जिल्ला कमिटीमा समावेश गरियो । ०५८ फागुनामा भएको नेकपा (एमाले) र (माले) को एकीकरणपछि अञ्चल समन्वय कमिटी लुम्बिनीको निर्णयअनुसार एकप्रसाद भण्डारी, अशोक शाही, मुक्तबहादुर सारु, सोमनथ अर्याल, नारायण जीसी र डा. पुरन बज्राचार्यलाई समावेश गरियो । जिकसबाट कमलप्रसाद मलेगोले दिनुभएको राजीनामा स्वीकृत गरियो । जिक सचिव धनेन्द्रराज घिमिरेले पदबाट राजीनामा दिनुभएपछि ०६० पुस ११ मा राजीनामा स्वीकृत गरी सचिवमा राधाकृष्ण कँडेल र उपसचिवमा यादवबहादुर रायमाझीलाई निर्वाचित गरियो ।

०६१ कात्तिक २० र २१ मा भएको पाँचौं जिल्ला अधिवेशनको उद्घाटन कार्यबाहक महासचिव अमृतकुमार बोहराले गर्नुभएको थियो । अधिवेशनले सचिवमा राधाकृष्ण कँडेल, उपसचिवमा यादवबहादुर रायमाझी र सदस्यहरूमा देवीप्रसाद बस्याल, कुलप्रसाद नेपाल, सोमप्रसाद पाण्डे, भद्रबहादुर थापा, एकप्रसाद भण्डारी, देवीलाल लामिछाने, बुद्धिराज गौतम, टङ्कनाथ खनाल, नारायण आचार्य, मोहन गैरे, मोहन थापा, मोहन ढकाल, दुर्गाप्रसाद खनाल, घनश्याम गैरे, मीनप्रसाद न्यौपाने, जारायण जीसी, ओमबहादुर घर्ती, नारायणी शर्मा, डा. पुरन बज्राचार्य, विमला वाशिष्ट, मुक्ति कालीराज निर्वाचित हुनुभयो । ०६१ माघमा युवराज खनाल, तिलकराम घिमिरे र मेघराज न्यौपानेलाई जिकमा मनोनयन गरियो । हाल यही कमिटी क्रियाशील छ ।

पाल्पाको माथि उल्लिखित विवरण जिल्लाको साङ्गठनिक काम र केही आन्दोलनको परिचय मात्र हो । पाल्पाको कम्युनिस्ट आन्दोलनमा तत्कालीन माले कालको समयमा भूमिगत हुनु भई लुम्बिनीको जिम्मेवारी लिई आउनुभएका जीवराज आश्रित, प्रदीप नेपाल, ईश्वर पोखरेल, केपी ओलीजस्ता जिम्मेवार कमरेडहरूको महत्त्वपूर्ण भूमिका रहेको छ । लामो समयसम्म नेकपा (माले) पाल्पाको सचिव भई नेतृत्वदायी भूमिका पूरा गर्नुभएका सिद्धिनाथ ज्ञवालीको योगदान पनि उत्तिकै स्मरणीय छ । नेकपा मार्क्सवादी र अपिल समूहको तर्फबाट माधव ज्ञवालीले नेतृत्व गर्नुभएको थियो । अहिले पाल्पाबाट केन्द्रीय लेखा परीक्षण कमिटीमा धनेन्द्रराज घिमिरे, अञ्चल समन्वय कमिटी लुम्बिनीको सदस्यमा झपेन्द्रबहादुर जीसी, दलबहादुर राना र दयाराज बस्याल हुनुहुन्छ । उहाँहरूबाट जिल्लाको कम्युनिस्ट आन्दोलनमा अहिले पनि सल्लाह, सुझाव र नेतृत्वदायी भूमिका निर्वाह हुँदै आएको छ ।

पाल्पाको कम्युनिस्ट आन्दोलनको इतिहासलाई हेर्दा पञ्चायती चुनावलाई पनि उपयोग गर्दै पञ्चायती व्यवस्थाको विरोध र भण्डाफोर गर्ने नीतिअनुरूप ०४४ सालमा पञ्चायतइतरहरूको जिल्ला पञ्चायत बनाउन सफल भएको थियो । ०४६ सालको जनआन्दोलनमा पाल्पाको भूमिका अग्रणी छ । ०४६ सालको जनआन्दोलनमा फागुन ७ मै पाल्पाको रामपुरमा सूर्यप्रसाद घिमिरे देशकै आन्दोलनको पहिलो सहिद हुनुभयो भने करिब छ दर्जन जेल र पुलिस कस्टडीमा रहनुभएको थियो । पाल्पामा ०५१ र ०५६ को आमनिर्वाचनमा जिल्लाका तीनवटै निर्वाचन क्षेत्रबाट नेकपा एमालेले आफ्ना सांसदहरू विजयी बनाउन सफल भएको थियो भने ०५४ को स्थानीय निर्वाचनमा प्रतिपक्षविहीन जिविस बनाउनसमेत सफल भयो । अहिले जिल्लाको ठूलो र लोकप्रिय पार्टीका रूपमा नेकपा (एमाले) स्थापित भएको छ ।

# कथित राष्ट्रवादी शिक्षा र विद्यार्थी आन्दोलन

## ठाकुर गैरे

'माघ १९' पछि राजाको अध्यक्षतामा गठित सरकारले कथित राष्ट्रवादी शिक्षाका नाममा मुलुकको सम्पूर्ण शिक्षालाई व्यक्तिपूजक, स्तुतिवादी र भजनकीर्तनमा रूपान्तरण गर्न खोजेको छ । शाही सरकारका शिक्षामन्त्रीले 'राष्ट्रवादी शिक्षा' को दुहाइ दिँदै पाठ्यपुस्तकमा राजपरिवारका तस्वीर राखेर त्यसको शुरुवात पनि गरेका छन् । एक्काइसौं शताब्दीमा आएर गरिएको यस्तो अशोभनीय, सामन्ती र घृणित कार्यका विरुद्ध अहिले देशभरिका आमविद्यार्थीहरू आन्दोलनमा उत्रिएका छन् । जबर्जस्ती लादिएको राजपरिवारका फोटा च्यातेबापत सरकारले विद्यार्थी नेताहरूलाई थुनामा राखे पनि सर्वोच्च अदालतले गैरकानुनी ठहर गरी रिहा गर्नुले पनि सरकारको अवस्था स्पष्ट पारेको छ ।

**नेपालमा राष्ट्रवादी शिक्षा**

समाजमा भएका घटना, बहस र छलफलमा आएका राजनीतिक विचारहरूबाट विद्यार्थीहरूलाई अलग्गै राखिने, उनीहरूलाई पाठ्यपुस्तकबाहेकको ज्ञानबाट सम्पूर्ण रूपले वञ्चित गर्ने तथा शासक र उनीहरूद्वारा जर्वजस्त लादिएका थोत्रा विचारहरूलाई एकतर्फी प्रशंसा गर्न सिकाउने शिक्षालाई राष्ट्रवादी शिक्षाको रूपमा स्थापित गर्ने प्रयत्न अहिलेसम्म जारी छ । अहिले पनि करिब ७० प्रतिशत नेपाली नागरिकहरू निरक्षर छन् । थाइल्यान्डमा सन् १९९० मा भएको विश्व सम्मेलनमा 'सबैका लागि शिक्षा' भन्ने प्रतिबद्धतासहित हस्ताक्षर गर्ने देशका ३०-३५ प्रतिशत विद्यार्थीहरूलाई अहिले पनि स्कुलको मुहार कस्तो हुन्छ थाहा छैन । अझ अहिलेको मुलुकको द्वन्द्वका कारण अवस्था अझ गम्भीर भएको छ । अधिकांश बालबालिकाले घाँस, दाउरासँग खेल्नु, होटलमा कान्छाकान्छी बन्नु, गिट्टी कुटेर जीवन निर्वाह गर्नेतर्फ लाग्नु, ठूलाठालू, सम्भ्रान्त परिवार, उच्चपदस्थ कर्मचारी, कतिपय राजनीतिक नेता, सामाजिक सङ्घसंस्था र तिनका प्रमुखहरूको स्याहारसुसार गर्नु वा युद्धरत सरकार र माओवादीका मिलिसिया, चिट्ठीबाहक, गौँडोकुरुवा वा दुवैको अतिका कारण विस्थापित हुन बाध्य हुनुपरेको कहालीलाग्दो अवस्था छँदैछ । अति सम्पन्न हुनेखानेहरूले आफ्ना छोराछोरीलाई विदेशमा पढ्न पठाइरहेका छन् । विदेशमा पहुँच नभएका तर सम्पन्नहरूले पनि स्वदेशका राम्रा र महँगा स्कुलहरूमा पढाइरहेका छन् भने ऋण गर्न सक्ने र पहुँचवालाहरूले पनि कुनै न कुनै हिसाबले निजी र सुरक्षित सदरमुकामभित्र आफ्ना छोराछोरीहरूलाई पढाइरहेका छन् । बाँकी गरिब र पहुँच नभएकाहरूले सरकारी स्कुलहरूमा आफ्ना छोराछोरीलाई पढाउनुपरेको छ । यसरी राज्यको गैरजिम्मेवारीका कारण विद्यार्थीहरू आफ्नो देशमा स्वच्छ शैक्षिक वातावरणमा पढ्नबाटै बञ्चित हुनुपरेको छ । उनीहरूले जति पढेका छन्, त्यहाँ पढाइने शिक्षाले राष्ट्रवाद सिकाउँदैन ।

देशमा खुलेआम विदेशी विद्यालयहरू खुलेका छन् । नेपालभित्र नेपाली बालबालिकाहरूलाई 'हमरा भारत महान् है' भन्न लगाइन्छ । नेपालमा गौतमबुद्ध भारतमा जन्मेको पाठ मात्र पढाइँदैन, विदेशी संस्कृतिलाई नेपालमा बेरोकटोक प्रवेश गराउने र नेपाली विद्यार्थीहरूलाई डीभी वा विभिन्न अवसर र धनआर्जनको नाममा विदेशमोह जगाउने काम भइरहेको छ । राष्ट्रिय झन्डाको गौरव र माटोप्रतिको मोह जगाउने कुरा त परै जाओस्, देश र प्रजातन्त्रका लागि बलिदान गर्ने र राष्ट्रिय विभूतिको रूपमा स्थापित सहिदहरूको रगतलाई बिर्सेर उनीहरूको नाममा राजा-महाराजाहरूकै जीवनी पढाउने र स्तुति गाउन लगाइँदै आएको छ ।

०६१ माघ १९ पछि फेरि नेपालमा नयाँ राष्ट्रवादी शिक्षाको जन्म भएको छ । अर्थात्, 'माघ १९' गते राजा ज्ञानेन्द्रद्वारा घोषित शाही घोषणाअनुरूपको शिक्षा प्रणाली लागू गर्ने तयारी सरकारले गरेको छ । त्यसका लागि पाठ्यक्रम विकास केन्द्रका प्रमुखको अध्यक्षतामा ११ सदस्यीय टोली गठन गरेको प्रचार गरिएको छ । टोलीले के गर्दैछ र कहाँ छ ? कसैलाई थाहा छैन ।

तर, काम भटाभट भइरहेको छ । काम कहाँबाट भइरहेको छ ? त्यो पनि कसैलाई थाहा छैन । सबैको मुखबाट एउटै वाक्य सुनिन्छ- माथिको आदेशमा काम भइरहेको छ । विगतका दिनहरूमा होर्डिङ्बोर्डहरूले सहर कुरूप बनाए भनेर तिनलाई हटाउने अभियान नगर-महानगरपालिकाहरूले सुरु गरेका थिए तर अहिले जनतालाई राष्ट्रवादी बनाउन सूचना विभागको नाममा राजाका 'महावाणीहरू' अङ्कित होर्डिङ्बोर्डहरूले सहरलाई साँच्चै कुरूप सहर बनाउन खोजिँदैछ । तर, शिक्षाजस्तो व्यापक राष्ट्रिय चासोको विषयमा सरकारलाई आमनागरिकलाई त के, सरोकारवालाहरूलाई पनि थाहा दिन चाहँदैन । विद्यार्थीलाई राष्ट्रवादी बनाउने नाममा तयार गर्न लागिएको शिक्षाको रूपरेखा विद्यार्थी सङ्गठनलाई पनि थाहा छैन ।

राष्ट्रवादी भावना जगाउन भनेर पाठ्यपुस्तकमा ज-जसका तस्वीर थोपरिएको छ, के ती साँच्चै पाठ्यपुस्तकमा राख्नलायक तस्वीर हुन् ? शिक्षा र तिनको के सम्बन्ध छ ? नेपाली जनमानसमा ती तस्वीरका बारेमा कस्तो धारणा छ ? यसका लागि धेरै टाढा पुग्नुपर्दैन । प्रसङ्ग वीरेन्द्र राजा हुँदाखेरिको हो । नेपालका चर्चित गायक प्रवीण गुरुङको हत्यामा तत्कालीन शाहाज्यादा पारसको नाम जोडिएर आयो । नेपालको संविधानअनुसार हत्याको अपराधमा २० वर्ष सर्वस्वसहित जेल सजाय तोकिएको छ । हत्यारा चाहे गाउँमा बसोस्, चाहे दरबारमा, त्यसले पाउने सजायमा कुनै विभेद छैन । यही मान्यताका साथ अनेरास्ववियुले पाँच लाख २३ हजार हस्ताक्षरसहित हत्यारालाई जेल हाल्ने मागपत्र राजदरबारमा बुझायो । राजा वीरेन्द्रले तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई कारबाहीको प्रक्रिया अगाडि बढाउन यथार्थ रिपोर्ट माग गरी पत्राचार गरेको भनाइसहितको चिट्ठी अनेरास्ववियुको नाममा आयो । तर, तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र उनको सरकार अगाडि बढ्न सकेन । पछि वीरेन्द्रको सम्पूर्ण वंशनाश हुने गरी दरबार हत्याकाण्ड भयो र ज्ञानेन्द्र राजा र उनका छोरा पारस युवराज भए । अहिले सरकारका अध्यक्ष र उनका तिनै उद्दण्ड छोराको तस्विर प्रत्येक विद्यार्थीको पुस्तकमा छापेर प्रचार मात्र होइन, तिनै तस्वीर हेरेर राष्ट्रवादी बन्नुपर्ने उर्दी राष्ट्रवादी शिक्षाको नाममा जारी गरिएको छ ।

यो राष्ट्रवादी शिक्षाको नाममा घोर दक्षिणपन्थी, व्यक्तिपूजक र स्तुतिवादी, व्यक्तिवादी र अराष्ट्रवादी विचार मात्र होइन, नेपाली जनताले तिरेको करोडौँ राजस्वको दुरुपयोग पनि हो । एउटा किताबमा राखिएको एउटा फोटो छाप्न पाँच रुपियाँ मूल्य राख्ने हो र वर्षमा ५० लाख पुस्तक छाप्ने हो भने दुई करोड ५० लाख राजस्वको दुरुपयोग हुन्छ भने ५० रुपियाँ पर्ने किताबको मूल्य बढेर ५५ रुपियाँ पुग्दछ । विद्यार्थीले फेरि प्रत्येक वर्ष थप दुई करोड पचास लाख किताबको नाममा बढी मूल्य तिर्नुपर्दछ । यस्तो महँगोमा निरङ्कुश व्यक्तिहरूको प्रचार र स्तुति गर्ने शिक्षा नीति राष्ट्रवादी शिक्षा हुनै सक्दैन । त्यसैले हामी यसको विरुद्ध आन्दोलित छौँ । अहिले हामीले आह्वान गरेबमोजिम आन्दोलनमा फोटो च्यात्ने विद्यार्थी नेता-कार्यकर्ताहरूलाई गिरफ्तार गर्ने, विभिन्न झूठा मुद्दा लगाउने र जेल हाल्ने काम गरिँदैछ । तर पनि हाम्रो अभियान रोकिएको छैन । जिल्लाहरूमा स्कुल-स्कुलबाट विद्यार्थीहरूले किताबमा राखिएका तस्वीरहरू च्यातेर फाल्नुभएको छ, कतिपयले केन्द्रीय कार्यालयमा पठाउनुभएको समेत छ । हाम्रो यो अभियान जारी रहनेछ ।

**राष्ट्र र राष्ट्रवाद**

ल्याटिन भाषामा Natio, अङ्ग्रेजीमा Nation बाट राष्ट्र शब्द आएको हो । राष्ट्रलाई something born वा common blood ties भन्ने गरिन्छ । एउटै उद्गमस्थल भएका वा साझा संस्कृति भएका तथा राजनीतिक, सांस्कृतिक एकता आदिको माध्यमबाट सबै मानिसहरूलाई सामूहिक प्रतिबद्धतासहित एकताबद्ध गर्ने राष्ट्रिय पहिचानसहित राष्ट्रका सम्पूर्ण नागरिकहरूको सकारात्मक धारणासहितको एकतालाई राष्ट्रवाद भन्न सकिन्छ । अर्को अर्थमा सार्वभौमसत्ताको सम्पूर्ण अधिकार जनताको हातमा स्थापित गर्ने वा प्राप्त अधिकारको रक्षा र समृद्धिका लागि गरिने लडाइँ राष्ट्रवाद हो, जहाँ वैयक्तिक स्वतन्त्रता र हितभन्दा जनताको हित र राष्ट्रको समृद्धिले पहिलो प्राथमिकता प्राप्त गर्दछ ।

**राष्ट्रवादी शिक्षा**

देशहरूका आ-आफ्नै शैक्षिक मोडेलहरू छन् । निरङ्कुश शासन भएका, पुँजीवादी राजनीतिक मान्यता बोकेका वा समाजवादी विचार बोकेका प्रजातान्त्रिक मुलुकहरू, सबैको आ-आफ्नै शैक्षिक प्रणाली पाइन्छ । तापनि, राष्ट्रवादी शिक्षाभित्र केही आधारभूत मान्यताहरू स्थापित भएकै हुनुपर्दछ । देशप्रति भावनात्मक एकता र प्रेम गर्न सिकाउने, राष्ट्रले अवलम्बन गरेको नीति र नेतृत्वलाई सम्मान गर्न सिकाउने, राष्ट्रिय स्वार्थलाई सर्वोपरि ठान्ने, राष्ट्रिय मूल्य-मान्यताप्रति विश्वास आर्जन गर्न सक्ने शिक्षा नै राष्ट्रवादी शिक्षा हो ।

**हामीले चाहेको राष्ट्रवादी शिक्षा**

राष्ट्रियताको भावना विद्यार्थीहरूमा तल्लो कक्षादेखि नै उत्पन्न हुनुपर्छ । यो स्वतस्फूर्त आउने भावना हो र मानिसमा आएको यही भावनालाई राज्यले सही राजनीतिक वातावरण प्रदान गर्न सक्यो भने वास्तवमै देशमा राष्ट्रियता बलियो हुन्छ । त्यसैले विद्यार्थीहरूलाई औपचारिक शिक्षाको साथसाथै देश, दर्शन, राजनीति र विकास कार्यमा समेत सहभागी गराउनुपर्दछ भने औपचारिक शिक्षाको पाठ्यक्रममा राष्ट्रिय विकासका पक्षसँग सम्बद्ध विषयहरू र देशमै स्वरोजगार बन्न सक्ने वैज्ञानिक शिक्षा प्रदान गर्नुपर्दछ । अर्थात्, राष्ट्रवादी शिक्षा राज्यले गर्ने क्रियाकलापबाट नागरिकमा पर्ने प्रभाव भएकाले साँचो अर्थमा राष्ट्रवादी शिक्षा लागू हुन र गर्न जनताप्रति उत्तरदायी जनता आफैँले निर्माण गरेको संविधान र सो संविधानअनुसार जनताले नै निर्वाचित गरेको बलियो राज्य स्थापना हुनुपर्दछ ।

**राज्यले,**

१) 'शिक्षा दान होइन, अधिकार हो' भन्ने मान्यतालाई आत्मसात् गरी शिक्षा नीति तर्जुमा गर्नुपर्दछ ।

२) अर्धसामन्ती र अर्धऔपनिवेशिक उत्पादन प्रणालीको ठाउँमा जनवादी उत्पादन प्रणालीअनुरूपको शिक्षा प्रणाली कायम गर्नुपर्छ ।

३) जनताको राज्य व्यवस्थामा राष्ट्रलाई बलियो बनाउने र राष्ट्रिय आवश्यकतामा जोड दिने शिक्षा नीति बनाउनुपर्छ ।

४) शिक्षामा सम्पूर्ण लगानी सरकार आफैँले गर्ने व्यवस्था गर्नुपर्छ, जसले व्यक्तिभित्र रहेको ज्ञान, सीप तथा क्षमता उच्चतम् रूपमा प्रकट गर्न सकोस् र देशप्रति पूर्ण समर्पित बनोस् ।

५) व्यक्तिमा आत्मविश्वास, स्वाभिमान तथा आत्मनिर्भरता कायम गर्ने तथा मानवीय श्रम र मूल्यलाई उच्च सम्मान गर्न सिकाउने शिक्षा प्रणाली स्थापना गर्न सक्नुपर्छ ।

यही मान्यताका साथ भौतिकवादी विश्व दृष्टिकोणप्रति विश्वास राख्ने, प्रगतिशील, सामाजिक परिवर्तन, सामाजिक मूल्य, मान्यता र अनुशासनमा जोड दिने शिक्षा अर्थात् जनवादी शिक्षा प्रणाली नै हाम्रो लक्ष्य हो र यो नै साँचो अर्थमा राष्ट्रवादी शिक्षा पनि हो। त्यसको प्राप्तिका लागि अहिले हामी सबैका लागि स्वच्छ शैक्षिक वातावरणमा वैज्ञानिक, जनमुखी, रोजगारमूलक र गुणस्तरीय शिक्षाको माग गर्दै अगाडि बढिरहेका छौँ । हामी हाम्रो लक्ष्यमा पुग्नका लागि निरङ्कुश शक्तिलाई पराजित गर्न मिल्न सकिने जति विषयहरूमा मिल्न सकिने सबै प्रजातान्त्रिक शक्तिहरूसँग मिलेर अगाडि बढिरहेका छौँ ।

अहिले जनतामा निहित सार्वभौमसत्ता राजाले आफ्नो हातमा लिएका छन् । 'राजा र राजतन्त्र सम्पूर्ण रूपले परास्त गरौँ, मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापना गरौँ' भन्ने नारासहित राजनीतिक आन्दोलनलाई केन्द्र बनाएर हामी अगाडि बढिरहेका छौँ । वास्तवमा सार्वभौमसत्तासम्पन्न जनतामा मात्र साँचो अर्थमा राष्ट्रवाद जन्माउन र हुर्काउन सकिन्छ । तिनै राष्ट्रवादी जनताद्वारा निर्मित राज्यमा मात्र विद्यार्थीहरूले राष्ट्रवादी शिक्षा प्राप्त गर्न सक्दछन् । राजतन्त्र, राजा कुनै वर्ग वा समुदायको हालीमुहाली तथा सामन्तवाद, साम्राज्यवादबाट मुक्त स्वतन्त्र, स्वाधीन र सार्वभौमसत्तासम्पन्न नेपाल राष्ट्र निर्माण आजको मुख्य आवश्यकता र राष्ट्रवादी शिक्षा प्राप्तिको प्रमुख आधार भएकाले सो अभियानमा जुटौँ, यही एक मात्र विकल्प हाम्रासामु उपस्थित छ ।

# जनआन्दोलन परिचालन कमिटी गठन

**काठमाडौँ ।** नेकपा (एमाले) केन्द्रीय कमिटीको भदौ १२ गते सम्पन्न बैठकले निरङ्कुशताविरोधी आन्दोलन सञ्चालन गर्न महासचिव माधवकुमार नेपालको संयोजकत्वमा केन्द्रीय जनआन्दोलन परिचालन कमिटी गठन गरेको छ ।

पार्टीका सामु केन्द्रीय कार्यभार बनेर उपस्थित भएको निरङ्कुश राजतन्त्रको अन्त्य र पूर्ण प्रजातन्त्र प्राप्तिको आन्दोलनलाई योजनाबद्ध, प्रभावकारी र परिणाममुखी तुल्याउन कमिटी गठन गरिएको हो । सो कमिटीको सहसंयोजकमा वामदेव गौतम र सचिवमा राजेन्द्रप्रसाद पाण्डे रहनुभएको छ भने सदस्यहरूमा अमृत बोहरा, ईश्वर पोखरेल, केपी शर्मा ओली, केशव वडाल, झलनाथ खनाल, प्रदीप नेपाल, भरतमोहन अधिकारी, मुकुन्द न्यौपाने, युवराज ज्ञवाली, अशोक राई, विष्णु पौडेल, अष्टलक्ष्मी शाक्य, सुरेन्द्र पाण्डे, गोपाल शाक्य, सुवास नेम्वाङ, राजेन्द्र श्रेष्ठ, विद्या भण्डारी, शङ्कर पोखरेल, प्रदीप ज्ञवाली, कृष्णगोपाल श्रेष्ठ, महेन्द्र पाण्डे, उर्मिला अर्याल, गोकर्ण विष्ट र पशुपति चौलागाईं रहनुभएको छ । भदौ २० गते सम्पन्न स्थायी कमिटीको बैठकले कमिटीलाई अझ प्रभावकारी बनाउन साहना प्रधान, मोदनाथ प्रश्रित, सिद्धिलाल सिंह, रघुजी पन्त, काशीनाथ अधिकारी र रणध्वज कन्दङ्वालाई सदस्यमा थप गर्ने र अञ्चल इन्चार्जहरूलाई कमिटीको बैठकमा आवश्यकताअनुसार आमन्त्रण गर्ने निर्णय गरेको छ ।

# केन्द्रीय फ्याक्सन गठन

**काठमाडौँ ।** केन्द्रीय कमिटीको बैठकले सम्बन्धित फाँट इन्चार्ज र सङ्गठन विभागको सिफारिसका आधारमा नयाँ फ्याक्सनहरू गठन गरेको छ । जसअनुसार अखिल नेपाल महिला सङ्घमा सीता पौडेल, गोमा देवकोटा, थममाया थापा, सविता अधिकारी, मेनका पोखरेल, यशोदा अधिकारी, सुजिता शाक्य, सुशीला नेपाल र उत्तरा कोइराला, राष्ट्रिय सिँचाई जल उपभोक्ता महासङ्घमा केशवराज न्यौपाने, रामलखन हरिजन, गजाधर यादव, जीवनारायण कोइराला, माया केसी र श्रीराम आचार्य, नेपाल पत्रकार महासङ्घमा सूर्य थापा, महेन्द्र विष्ट र शिव गाउँले, सामुदायिक वन उपभोक्ता महासङ्घमा आनन्द पोखरेल, घनश्याम पाण्डे, भोलानाथ खतिवडा, खेमराज पराजुली र हरि न्यौपाने सदस्य रहेका फ्याक्सनहरू गठन गरिएको छ ।

यसैगरी, यातायात व्यवसायी महासङ्घमा विरोध खतिवडा, सूर्यबहादुर भट्टराई, श्रीप्रसाद मैनाली, कुमार थापा, पुण्यलाल प्रधान, कृष्णप्रसाद भण्डारी र डेगनाथ गौतम, पर्यटन व्यवसायी सङ्घमा आङ्देण्डी शेर्पा, राजेन्द्रमान श्रेष्ठ र आङ्काजी शेर्पा, नेपाल उद्योग वाणिज्य महासङ्घमा भरतकुमार श्रेष्ठ, आङ्देण्डी शेर्पा, लक्ष्मीदास मानन्धर, लोकविक्रम थापा र डीबी बस्नेत, नेपाल वैदेशिक रोजगार व्यवसायी महासङ्घमा एल. पी. साँवा, भास्करराज पन्त, जी. एल. पराजुली, चित्रगुप्त साँवा, सरोज पोखरेल, कुमार श्रेष्ठ र कमल देवकोटा, हिमालय सीमापार व्यापार सङ्घमा कुमार कार्की, विश्वराज रेग्मी, गोपाल गिरी र अर्जुन गौतम सदस्य रहेका फ्याक्सनहरू गठन गरिएका छन् ।

यीबाहेक पेसागत क्षेत्रका विभिन्न सङ्घ र सङ्गठनहरूमा २६ वटा फ्याक्सन गठन गरिएको छ । सम्बन्धित फ्याक्सनका सदस्यहरूलाई सम्बन्धित इन्चार्जमार्फत पत्र पठाइनेछ ।

# तीन कार्यदल गठन

**काठमाडौँ ।** नेकपा (एमाले) को भदौ १२ मा सम्पन्न केन्द्रीय कमिटीको नवौँ बैठकले तीन छुट्टाछुट्टै कार्यदल गठन गरेको छ । ती कार्यदलहरूले छुट्टाछुट्टै विषयमा व्यापक छलफल गरी प्रतिवेदनहरू तयार गर्नेछन् ।

बैठकले राज्यको पुनःसंरचनासम्बन्धी प्रस्ताव तयार गर्न संयोजक महासचिव माधवकुमार नेपालको संयोजकत्वमा मोदनाथ प्रश्रित, प्रदीप नेपाल, पृथ्वीसुब्बा गुरुङ, राजेन्द्र श्रेष्ठ, रघु पन्त, रामचन्द्र झा, सुवास नेम्वाङ, शङ्कर पोखरेल, सुरेन्द्र पाण्डे, उर्मिला अर्याल र छविलाल विश्वकर्मा सदस्य रहेको कार्यदल गठन गरेको छ । विगत १४ वर्षको समग्र पक्षको समीक्षासम्बन्धी प्रस्ताव तयार गर्न झलनाथ खनालको संयोजकत्वमा साहना प्रधान, अमृत बोहरा, भरतमोहन अधिकारी, ईश्वर पोखरेल, मुकुन्द न्यौपाने, त्रिलोचन ढकाल, भीम रावल, राजेन्द्र पाण्डे र शङ्कर पोखरेल सदस्य रहेको कार्यदल गठन गरिएको छ । यसैगरी, पार्टीको प्रजातान्त्रीकरणसम्बन्धी प्रस्ताव तयार गर्न केपी शर्मा ओलीको संयोजकत्वमा वामदेव गौतम, ईश्वर पोखरेल, युवराज ज्ञवाली, अशोक राई, विष्णु पौडेल, अष्टलक्ष्मी शाक्य, प्रदीप ज्ञवाली, वेदुराम भुसाल र प्रमेश हमाल सदस्य रहेको कार्यदल गठन गरिएको छ ।

# निरङ्कुश सत्ताको अन्तिम अवसानको सम्भावना छ

**आनन्ददेव भट्ट,** अध्यक्ष, प्रगतिशील लेखक सङ्घ

**० स्रष्टाहरू सडकमा किन निस्के ?**

- हामी सडकमा निस्कनुको मूल कारण राजाको निरङ्कुशता नै हो । 'असोज १८' हुँदै 'माघ १९' मा आएर राजाले जुन हिसावले जनताका अधिकारहरू समाप्त पारेर निरङ्कुशतन्त्रको सिर्जना गरे, त्यसले हामीलाई आन्दोलनमा उत्रिन बाध्य बनाएको हो । बहुदलीय व्यवस्थाका विरुद्ध राजाले चालेको असंवैधानिक, अप्रजातान्त्रिक र निरङ्कुश कदमको विरोध गर्न हामी सडकमा निस्केका हौँ ।

**० निरङ्कुशताको विरोध गर्न स्रष्टाहरूको संयुक्त मञ्च बनाउनुभएको हो ?**

- अहिलेको अवस्थामा हामीले यही विषयलाई ध्यानमा राखेर मञ्च बनाएका हौँ । तर, हाम्रो उद्देश्य यतिमा सीमित छैन । अग्रगमनका पक्षधर र पश्चगमनका विरोधी स्रष्टाहरू वैचारिक, सांस्कृतिक र संस्कारगत रूपले नै परिवर्तन हुनुपर्छ भन्ने मान्यताका आधारमा हामी एकजुट भएका हौँ । अग्रगमनका पक्षमा दीर्घकालीन रूपमा नै लागिरहने प्रतिबद्धताका साथ लामो छलफल र विचारविमर्शपछि यो मञ्च बनेको हो ।

**० लोकतन्त्रका पक्षमा आवाज उठाएबापत सरकारले गिरफ्तार गर्दा कस्तो महसुस गर्नुभएको छ ?**

- यसलाई हामीले गम्भीर रूपमा लिएका छैनौँ ।

**० किन ?**

- किनभने, हरेक प्रकारले नागरिकका जायज, न्यायपूर्ण र प्रजातान्त्रिक विचारलाई दबाउनु निरङ्कुश सत्ताको चरित्र नै हो । राजाले मुलुकलाई जसरी निरङ्कुशता र एकतन्त्रतर्फ लिएका छन्, सडकमा उठेका जायज आवाजलाई बन्दुक र शक्तिको भरमा दमन नगरी त्यो सम्भव छैन । त्यसकारण हामीमाथि मात्र होइन, सडकमा निस्किने जोसुकैमाथि पनि दमन भइरहेको छ ।

**० यस्तो दमन कति दिन टिक्ला ?**

- अहिले सत्ता दिनप्रतिदिन त्रसित र व्यथित हुँदै गइरहेको छ । नागरिकका हरेक आवाजबाट ऊ भयभीत र आतङ्कित बनिरहेको छ । त्यसैले यसले न्यूनतम् विवेक पनि गुमाइसकेको छ । यस्तो अवस्थामा चौतर्फी आन्दोलन उठाउने हो भने यो सत्ताको अन्तिम अवसानको सम्भावना छ ।

**० बन्दुकका भरमा अडेको सत्ता स्रष्टाहरूको आन्दोलनले तर्सेला र ?**

- पहिलो कुरा त हामीले मात्रै अहिलेको सत्तालाई तर्साउँछौँ भनेका छैनौँ । दोस्रो, अहिलेको सत्तालाई राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा कसैको समर्थन छैन । यो सत्ता जति दिन टिक्छ, त्यति दिन मुलुकलाई घाटा मात्रै हुन्छ ।

**० तपाईंहरूमाथि राजनीति गरेको आरोप छ नि ?**

-यसमा हाम्रो कुनै गुनासो छैन । व्यापक अर्थमा लिने हो भने जसले राजनीति गर्नुहुँदैन भन्छ, त्यसले पनि राजनीति गरिरहेको हुन्छ । यही समाजका अंश भएका कारण हामी राजनीतिबाट पृथक् हुन सक्दैनौँ । समाजका सचेत, सक्रिय र जागरुक नागरिक भएका कारण हामी राजनीतिबाट टाढा हुनसक्दैनौँ । तर, हामीले पार्टीगत रूपमा राजनीति गरिरहेका छैनौँ । आफ्नो स्वाभिमान र स्वतन्त्रताका लागि आन्दोलनमा उत्रिनु हाम्रो बाध्यता र अधिकार हो ।

**० तपाईंहरूको मुख्य माग के हो त ?**

- निरङ्कुशतन्त्रको अन्त्य नै हाम्रो मुख्य माग हो । ०४७ को संविधानमा भएका कमी-कमजोरी हटाउँदै अघि बढ्नुपर्ने अवस्थामा राजाले त्यही संविधानलाई समेत कुल्चेर जसरी निरङ्कुशता लादेका छन्, त्यसको समाप्ति नै हाम्रो माग हो । यही मागका कारण हामी आफ्नो सचेतनता बाहिर ल्याउन र अरू नागरिकलाई झक्झक्याउन बाध्य भएका छौँ ।

**० अहिलेको आन्दोलनले निरङ्कुशतालाई पराजित गर्नेमा कत्तिको आशावादी हुनुहुन्छ ?**

- म आशावादी मात्र होइन, विश्वस्त छु । राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा एक्लिँदै गएको सत्ताको आयु धेरै छैन । हाम्रो पूर्ण विश्वास छ, एकएक थोपा पानी मिलेर समुद्र बनेझैँ हरेक क्षेत्रबाट उठेको आन्दोलनले अवश्य पनि निरङ्कुशतालाई सदाका लागि समाप्त पार्नेछ ।

**० राजनीतिक दलहरूलाई तपाईंको सुझाव के छ ?**

- विगतका कतिपय कमी-कमजोरीबारे राजनीतिक दल स्वयम्ले महसुस गरिसकेका पनि छन् । अब त्यसलाई व्यावहारिक रूपमा नै सच्याउँदै जानुपर्छ । निरङ्कुशतन्त्रको अन्त्य र लोकतन्त्रको उदयका लागि बिनासङ्कोच आन्दोलनमा उत्रिनुपर्छ । नागरिक अङ्गबाट आएका सुझावहरूलाई दलहरूले ग्रहण गर्दै जानुपर्छ ।

***-विष्णु रिजाल***